
SIDDHISHWORMAN AKSHALOK
AKSHALOK
SAHITYIK KENDRA

# अक्षलोक

## साहित्यिक पत्रिका

पूर्णाङ्क
६७



## सांस्कृतिक काव्य यात्रा
## विशेषांक

I SSN 2505-080X

# अक्षलोक

(साहित्यिक पत्रिका)

जि.का.का.द.नं. ६२/०३७/३८

पूर्णाङ्क ६७

२०८१

नेपाल संवत् ११४४

सम्पादक

**डा. सावित्री श्रेष्ठ 'शिसा'**

सहायक सम्पादक

**स्वर्णिमा श्रेष्ठ**

**स्पन्दन श्रेष्ठ**

प्रकाशन

**सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र**

काठमाडौं

मूल्यः रु ३५०/–



**फोन नं.:**

९८४१८१७९९३

**Email:**

akshalok@gmail.com

**Facebook:**

facebook.com/akshalokmagazine


## यस अङ्कका सौगातहरू

| क्र.सं. | शीर्षक | पृ.सं. |
|---|---|---|
| १. | सम्पादकीय | ३ |
| २. | सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रको परिचय | ६ |
| ३. | यात्रा संस्मरण र केही अनुभूति (पद्मावती सिंह) | १० |
| ४. | वेस्टमिन्सटर आबेमा पोएट्स कर्नर (कृष्ण बजगाइ) | १५ |
| ५. | फलदायी काव्य यात्रा संस्मरण (लक्ष्मी माली) | २३ |
| ६. | आजको अनुभव: दिर्घकालीन सम्झना (मोतिलक्ष्मी शाक्य) | २८ |
| ७. | एउटै यात्रा: फरक अनुभूति (सरस्वती गौतम) | ३३ |
| ८. | मंगोलियाको गोबी मरभूमी र हुस्ताईका सैयौं जंगली घोडा (स्वर्णिमा श्रेष्ठ) | ३९ |
| ९. | काठमाडौं देखि काठमाडौंसम्म (राजन प्रसाद न्यौपाने) | ४७ |
| १०. | मेरो नजरमा साहित्यिक यात्रा (न्हुंछे नारायण श्रेष्ठ) | ५६ |
| ११. | अक्षलोक साहित्यिक प्रकाशन, सिद्धिश्वरमान श्रेष्ठ र लुम्बिनी बौद्ध विश्वविद्यालय (कुमार रञ्जित) | ६१ |
| १२. | साहित्यिक काव्य उत्प्रेरणा उत्सव (डा. सावित्री श्रेष्ठ) | ६८ |
| १३. | सन्दर्भ: पुस्तक लोकार्पण (दिव्य गिरी) | ७४ |
| १४. | ऐतिहासिक तथा सांस्कृतिक नगर तानसेनका केही महत्वपूर्ण मूर्त सम्पदाहरू (अर्चना शाक्य) | ८० |
| १५. | काभ्रेको दाप्चा: सांस्कृतिक काव्य उत्सव (पोष चापागाई) | ८६ |
| १६. | सीना र व्वाँसो (स्वर्णभी एस. शाक्य) | ९४ |
| १७. | गुलसन बजारको साँझ (श्रीओम श्रेष्ठ "रोदन") | ९५ |
| १८. | नियात्रा साहित्यको नालीबेली (डा. विदुर चालिसे) | ९९ |

# समर्पण



## अक्षलोक पूर्णाङ्क ६७
## सिद्धिश्वरमान श्रेष्ठ स्मृति विषेशांक

अक्षलोक प्रकाशनका संस्थापक, अक्षलोक पत्रिकाका प्रधान सम्पादक, लुम्बिनी बौद्ध विश्वविद्यालयका परीक्षा नियन्त्रक,

**श्री सिद्धिश्वरमान श्रेष्ठ**को

सम्झनामा सादर समर्पित छ ।

## सम्पादकीय

अक्षरहरूको सगरमाथा आरोहणको त्रिचालिसौं वर्षमा आईपुग्दा, अक्षलोकले अनेकौं परिदृष्यहरूको परिक्रमा गरिसकेको छ । साह्रै असल भनिएको असलि अनुहार हेरी सकेको छ । देशले चार दशक भित्र भोगेका चमत्कारी, दुखदायी, प्रकृतीचक्र, नरसंहारको विकराल रूप, राजदरवार हत्याकाण्ड, तेह्रथुम बजारको आग्लागि, माओवादी विद्रोह, २०७२ सालको महाभुकम्प, सदियौं देखिको राजतन्त्रको अन्त्य र त्यस्मा अक्षलोकको सक्रिय योगदान एवं युगान्तकारी भूमिका, गणतन्त्रको सपनाजन्य स्थापना र त्यस पछिका उचाडचडाब, कोरोनाको कहरः सबैसबै देखी सकेको छ । यसरी यी चार दशकहरू सय वर्षमा एक पटक हुने खालका घट्नाहरू व्यहोरेका वर्षहरू पनि हन् । अक्षलोक साहित्यिक पत्रिकाले आफ्नो जन्मदाता र संवाहक, प्रधान सम्पादक र महासारथी गुमाउनु परेको अभागी समय पनि हो यो । कतैबाट, कुनै कोरोना भाईरस नामक देख्न, सुघ्न र अनुभूत गर्न नसकिने जीवन नभएको जिवाणु आयो, हाम्रो अक्षलोकका संपादक सहित, कयौं असल व्यक्तिहरू उडाएर लग्यो । आफु गुम भयो, यही दशकले कोरोना र मान्छेहरूको असली अनुहार र अमानवीयता पनि देखायो । लक्षमणले राम मानेका दाईको रावणी अनुहार देखायो, लिन मात्र जान्नेहरू एवं जीन्दगीभर मात्र लिएकाहरू संकट कालमा देखाएको अत्यन्त विभत्स, कहालीलाग्दो स्वार्थी अनुहार पनि देखियो । भन्नै नहुने, गर्नै नहुने आफ्नो कर्मको अनुहार ऐनामा-अक्षर मा कतै पनि हेर्न र देखाउनै नसकिने कुरूप र विकृत स्वरूप देखायो । अक्षरले अक्षरै भएर कागजमा उतारिँदा, आफ्नो कुरूप अनुहार हेरेर मुरमुरिनुसम्म मुर्मुरियो र अक्षरहरूसंग रिसाउँदै अक्षरहरूको हुर्मत लिने कोशिस गरियो । भनेर साध्य नहुने लेखेर लेख्नै नसकिने सत्यहरूसंग साक्षात्कार पनि यहि दशकले गरायो । समय शिक्षा, पीडा, अनुभव, ज्ञान, खुशी एवं जानकारी भएर एउटा फरक ईतिहासको वर्तमान भएर उभियो । यहि समयमा नौलो सूर्योदय पनि भयो, सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रको रूपमा । अक्षलोकको बलियो युगिन धरामा दरिलोसंग जमेर यसले दुई वर्षको छोटो अवधिमा ऐतिहासिक कार्यहरू संम्पन्न गरिसकेको छ । कहिलेकाँही लामो समयले छोटो ईतिहास निर्माण गर्छ भने कहिलेकाँही छोटो समयले नै अत्यन्त प्रभावशाली युगिन ईतिहास बनाउँछ । सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र यहि ईतिहास निर्माणको ऐतिहासिक मार्गमा छ । हुनत ईतिहास बनाएर बन्ने होईन । आजका कर्महरूले नै ऐतिहासिक मार्ग तय गरिरहेको हुन्छ । सिद्धिश्वरसरले आजन्म कर्म गरिरहनु भयो । अक्षलोक प्रकाशन गरिरहनु भयो । अक्षलोक प्रकाशन मार्फत विभिन्न लेखकहरूलाई विश्व परिवेश र आवश्यक सन्दर्भहरूमा लेखाई र लेखि रहनु भयो । यो लेख्ने लेखाउने क्रममा क्रमिक रूपमा खुरूखुरू एउटा ईतिहास पनि रचिदै गयो, नेपालको प्रगतिशिल साहित्य जगतमा

। अक्षलोक र यसका प्रधान सम्पादकलाई समेत जीवन्त राख्न मात्र नभई साहित्य, संस्कृति, ईतिहास र भूगोलका उज्याला पक्षहरू ज्योतिर्मय बनाउन, सर्जकहरूका कर्महरूको सम्मान गरी भावि पुस्ताको लागि एउटा गौरवसाली राजमार्ग सृजनामा समेत कतिवद्ध छ यो संस्था ।

मनमा अझै पनि पीर, व्यथा, छटपटी, दुःख भरिभराऊ छ र त्यो अपुरणीय क्षतिको पीडाले जीवन रन्थनिएकै छ । आफ्नो जीवनको सबैभन्दा विरहपूर्ण पीडालाई केहिगरी साम्य गर्न नसकिने रहेछ । महादेवले सतीको पार्थिव शरीर बोकेर किन हिँडे, समुन्द्र मन्थनको विष किन पिए, यीनको जवाफ पनि हो सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र । विरहपूर्ण यी वर्षहरूमा यो संस्थाले ५७ जना विशिष्ट व्यक्तिहरू जसले राष्ट्रको लागि विशेष योगदान गरे तिनलाई सम्मान गरिसकेको छ र आफ्नै लागि पनि ईतिहासमा नमेतिने नाम बनाउन सफल भईसकेको छ । अहिलेसम्म एघार जनालाई नगद पुरस्कार अर्पण गऱ्यौं । देशका बिभिन्न ठाउँहरूमा स्रस्टाहरूसंग अन्तरक्रिया गऱ्यौं, काव्ययात्रा गरायौं, देशभरका सयौं कवि, लेखक तथा सांस्कृतिक विज्ञहरू, संगितकर्मीहरू, प्राध्यापकहरूको यी कार्यक्रमहरुमा सम्मानित उपस्थिती रह्यो ।

यी भ्रमण काव्य उत्सवहरूमा महा उत्सवको रूपमा सांस्कृतिक काव्य उत्प्रेरणा उत्सव रह्यो । चितवन, हेटौंडा, तनहुँ, पाल्पा, लुम्बिनी, बर्दघाट, त्रिवेणी लगायत १२ ठाउँमा विविध कार्यक्रमहरू गऱ्यौं । २८ सहभागी मध्ये १४ महिला र १४ पुरूषको विशिष्ट समावेशी स्वरूप रहेको थियो । यसैगरी दुई वर्षको अवधिमा अक्षलोक ६४, ६५, ६६ एवं अन्य सात ओटा पुस्तकहरूको लोकार्पण र विमर्श गरि सकेका छौं । यहाँहरूको साथ र सहयोग, आशिर्वाद र शुभेच्छा सहित हामी हिड्दै छौं । अक्षरहरूको प्राज्ञिक, बौद्धिक, साहित्यिक, सांस्कृतिक सुमधुर यात्रामा । आकासबाट वर्षिरहेका अक्षरहरूको स्नेह यहाँहरूमै समर्पित । एउटा नमेटिने पीडा मनमा लिएर एकोहोरो तपस्यालिन जस्तै छु । काम गरिरहेको छु, काम गर्नु भएका महान व्यक्तित्वहरूको आराधना गर्दैछु । सिद्धिश्वरसरले एकोहोरो अक्षलोक प्रकाशन गरिरहनु भयो जीवनभरी । उहाँको त्यो तपस्याजन्य कार्यमा हामी सहायक रथीको रूपमा रह्यौं र केहि साथीहरूको साथ रह्यो निरंन्तर । अक्षलोकलाई निरंन्तरता दिँदैछौं र यसको सुकिर्ती र ऐश्वर्यमा अभिवृद्धि पनि हुँदै छ । फलको त कुनै आसा नै छैन, मात्र सामाजमा केही सकारात्मक चेतनाको अपेक्षा मात्र हो । हुनत अक्षलोकले युगिन अनुभवहरू व्यहोरेको छ । कोरोना भाईरसको त हुनसम्म ठूलो मूल्य चुकाएको छ, विपत व्यहोरेको छ र अक्षलोकले मान्छेहरूको असली अनुहार पनि अति राम्ररी हेर्नु परेको छ । सरले जिन्दगीभर तनले, मनले र धनले सहयोग गरेका र साह्रै राम्रो सम्बन्धमा रहेकाहरू प्रतिको भ्रम पनि हटेको छ । कुनै कुनै सम्बन्ध आफुले गरून्जेल संसारकै सबै भन्दा राम्रो जस्तो हुने रहेछ र आफु विपतमा

पर्ने बित्तिकै त्यो सम्बन्धमा केहि बाँकी नरहने रहेछ । टुहुरो बनेका केटाकेटीसंग समेत विना कारण रीसराग गर्ने र पीडा माथी पीडा थपेर मात्र नपुगेर मित्थ्या, झुठो कपोलकल्पित दुस्पचार गर्न पनि पछी नपर्ने रहेछ । यी सत्यताहरू पनि अव त सामान्य जस्तै लाग्न थालेका छन् । यस्तै हो जीवन । सुरुका केहि अंकका सहयात्रीहरू छाडेर हिडिसके पछी अक्षलोक सिद्धिश्वर सर एक्लैले नै व्यवस्थापन र निरन्तर आफ्नै लगानीमा प्रकाशन गर्दै आउनु भएको यथार्थ त सर्ववोध नै छ । अब वँहाको नै नाममा बनेको संस्थाले वँहाको कार्यलाई निरन्तरता दिई रहेको छ। यो कार्यमा पनि खोट देख्ने, आफु पनि केहि नगर्ने र गरेको पनि देखिनसहने मनहरूलाई खोई के भन्नु। सिद्धिश्वरसरको सुकर्म, तेह्रथुम बजारका संस्थापक आफ्ना हजुरबुबा र हजुर आमाको ऐश्वर्य चिरस्थायी गर्ने र प्रगतिशिल साहित्यको माध्यमले सामाजिक, सांस्कृतिक, राजनितिक रूपान्तरण गर्ने, त्यो ध्ययमा अक्षलोक धेरै हदसम्म सफल पनि रह्यो ।

अक्षलोक सबैको हो। पंचायत कालमा कसैले बोल्न नसक्ने कुराहरु बोल्ने, कसैले लेख्न आँट नगरेका कुराहरु प्रकाशित गरेर स्थापीत भएको अक्षलोक नेपाली जनताको हो । यसमा अक्षलोक परिवारका सदस्य वा जो कोहि पनि अक्षलोकको प्रवर्धनको ध्यय सहित जोडिनु चाहनु हुन्छ भने सधै नै स्वागत छ। अक्षलोक र सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र (सिअसाके) जोडिएका भए पनि फरक फरक नै हुन्। अक्षलोक साहित्यिक पत्रिका मात्र हो भने, सिअसाके एउटा बृहत उद्देश्य सहितको सामाजिक, आर्थिक, सांस्कृतिक रुपान्तरणमा होमिएको संस्था हो । यसले अक्षलोकको समेत श्रीबृद्धी गरिरहेको छ । अक्षलोकको रुपमा सिद्धिश्वरमान सरको तपस्या र सपनालाई निरन्तरता दिने प्रयास गरिरहेका छौं । यो विशाल संसारमा, झण्डै आठ अरव मान्छेहरू मध्ये कति जना नातिनी बुहारी र हुर्कदै गरेका पनाति-पनातिनीहरूले दिवंगत हजुरबुबा-हजुरआमा, जिजुहजुरबुबा- हजुर आमाको नाममा संस्था खोलेर उहाँहरूको ऐश्वर्यमा पुष्पान्जली अर्पण गरिरहेका होलान् ? मेरो त आमा-बुवा नै पनि सामाजिक तथा आर्थिक रूपान्तरणकारी हुनुहुन्थ्यो तर किर्ती त अक्षलोककै उजागर गरिरहेका छौं । यसमा यहाँहरू सबैकै साथ, सहयोग र शुभकामना, अनि आशिर्वादको कामना छ। यस पटक पनि हामी २१ जना अति आदरणीय व्यक्तित्वहरूको सम्मान एवं चारजना व्यक्तित्वहरूलाई नगद पुरस्कार अर्पण गर्दैछौं । हुनत पुरस्कार राशी आलंकारिक नै हो तर पुरस्कार त पुरस्कार नै हो नि। असल र अवर्णित कार्यको अभिव्यन्जना, भगवानलाई प्रसाद अर्पण गरेझैं । हामी पनि, कर्मयोद्धाहरूको सम्मानमा पुष्पार्पण नै गर्दैछौं। देशको र साहित्यिक श्रीवृद्धिमा जीवन समर्पित गर्नु भएका, देश र समयले बिर्सन आँटेका व्यक्तिहरूको सम्मानमा अर्पित छ अक्षलोक । यो समय अक्षलोक युगिन सम्मानको थालनीमा छ, अक्षलोक यो समय श्रद्दाहरूको सम्मानमा छ । अक्षलोकको यो अंक असल साहित्य र यहाँहरूमा समर्पित छ । ■

# सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रको परिचय

मुलुक भित्र र बाहिर साहित्य उन्नयनमा क्रियाशील स्रष्टाहरुको सत्प्रयासमा साहित्यिक गतिविधि, साहित्य मार्फत समाजमा जागरण, साहित्य चेतना भएको समाज निर्माण, अग्रज साहित्यकारहरुलाई सम्मान र नूतन पुस्तालाई साहित्यमा आकर्षित तथा प्रोत्साहन गर्ने उद्देश्यले **सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र**को जन्म भएको हो। अक्षलोक साहित्यिक पत्रिका एकल प्रयासमा विगत ४५ वर्ष देखि अटुट रुपमा प्रकाशित हुँदै आएको विशिष्ट पत्रिका हो । यहि अदितीय पत्रिका र यस पत्रिकाका जन्मदाता तथा ४५ वर्षसम्म प्रधानसम्पादक रहनु भएका सिद्धिश्वरमान श्रेष्ठको स्मृतिमा स्थापित संस्था हो । यो संस्थाको स्थापना २०७८ असोज १२ गते भएको हो ।

यो नेपाल तथा विदेशमा रहेका नेपाली साहित्यकारहरु तथा समाजसेवीहरू सम्मिलित रहेको नयाँ तर अत्यन्त क्रियाशील उर्जावान संस्था हो । जन्मेको डेढ वर्षमा यसले अनेकौं युगान्तकारी कार्यहरू सम्पूर्ण गरिसकेको छ । संसारमा विभिन्न विभेदहरू छन्, हुनै नहुने साहित्यिक क्षेत्रमा समेत ठूलो विभेद छ। महिला अक्षरकर्मीहरू ओझेलमा परेका छन्, महिला लेखकहरूले खासै मूल्यवान सम्मानहरू पाएका छैनन् । यस्तो पृष्टभूमिमा सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रको स्थापनाको पहिलो वर्षमा नै नेपाली साहित्यले नेपाली साहित्यका आमा खम्बाहरू पाइसकेको छ। युगल साहित्य साधकहरू पाईसकेको छ । सर्वोच्च स्वास्थ्य साधक, शिक्षा साधक, सर्वोकृष्ट संचारकर्मी पनि पाइसकेको छ। काम गर्ने कालु मकै खाने भालु भन्ने उखान धेरै जसो लागु हुने हाम्रो समाजमा सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रले यथार्थमा सम्मानयोग्य र आफ्नो क्षेत्रमा उल्लेख्य योगदान गरेर पनि ओझेलमा रहेका व्यक्तिहरूलाई सम्मान गर्ने जर्मको गरेको छ । देश तथा विदेशका किर्तिरत्नहरूको यथार्थमा सम्मान भएको छ । यस्ता कार्यहरूको लागि सबैबाट केन्द्रलाई सहयोग तथा हैसला पनि प्राप्त भएको छ ।

### केन्द्रले गएको वर्ष गरेका उल्लेख्य गतिबिधिहरूको झलक

१) सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रको दोस्रो साहित्यिक उत्प्रेरणा उत्सव तथा काव्य यात्रामा २०८० चैत्र ८ गते देखि ११ गतेसम्म आयोजना गऱ्यो । चितवन, हेटौंडा, तनहुँ, पाल्पा, लुम्बिनी, बर्दघाट, त्रिवेणी लगायत १२ ठाउँमा विविध कार्यक्रमहरू गऱ्यौं । २८ सहभागी मध्ये १४ महिला र १४ पुरूषको विशिष्ट समावेशि स्वरूप रहेको थियो। आजीवन सदस्यहरुलाई निःशुल्क रुपमा गराइएको यस उत्सवमा यातायात र खाना व्यवस्थापकले समेत सस्थासँग प्रभावित

भएर आजीवन सदस्यता ग्रहण गरेका थिए ।

२) मिति २०८१/०२/०९ गते बुद्ध जयन्तीको अवसरमा सिद्धिश्वरमान अक्षलोक साहितिक केन्द्रको प्रांगणमा भएको कार्यक्रममा ११ जना कविहरुले कविता वाचन गरे भने पुस्तकहरु आदानप्रदान पनि भयो र यस बेला त्रिवेणीका लेखकहरुको चिनारी पनि गरियो, जसले लेखकीय क्षेत्रमा पक्कै योगदान दिने छ।

३) २०८१/०२/१४ मा साहित्यिक संस्था समन्वय परिषद र क्याम्व्रिज कलेजको संयुक्त आयोजनामा भएको भव्य काव्य गोष्ठीमा सिअसाकेको उल्लेखनीय भूमिका रह्यो।

४) २०८१/०२/६ मा सिअसाके प्रांगणमा कवि लक्ष्मी माली र स्नेह सायमीको संयुक्त अन्तरवार्ता भयो। यसरी नै धौलागिरी साहित्य केन्द्रका अध्यक्ष काजी रोशन र विनय कसंजु स्मृति समाजका अध्यक्ष गंगा कसजुको पनि संयुक्त अन्तरवार्ता भयो।

५) म्यजिक नेपालको कार्यालयमा वरिष्ठ संगितकार राजु सिंहको, नेपाली साहित्यका आमा खम्वाहरू भगिरथी श्रेष्ठ एवं पद्मावती सिहंको पनि संयुक्त अन्तरवार्ता भयो । सिअसाकेले संयुक्त अन्तरवार्ताको अर्थपूर्ण प्रचलन ल्याएको छ। नेपाल भाषाका आमा खम्वा सुवर्ण केशरी चित्रकार र नेपाल भाषाका वरिष्ठ लेखक मोतीलक्ष्मी शाक्यको पनि संयुक्त अन्तरवार्ता भयो । उहाँहरूलाई आजीवन सदस्यता पनि अर्पण गरियो ।

६) २०८१/०३/१५ मा धान रोपांईको दिन सिअसाके र काभ्रे सेवा समाजको संयुक्त आयोजनामा दाप्चामा सांस्कृतिक काव्य उत्सव धुमधामसाथ सम्पन्न भयो । यसमा काभ्रेका सामाजिक, आर्थिक, राजनितिक, शैक्षिक आदि क्षेत्रका व्यक्तिहरूको उत्साहवर्धक सहभागिता रह्यो ।

९) केन्द्रले वरिष्ठ साहित्यकार मोतीलक्ष्मी शाक्यको प्रमुख आतिथ्य एवं नेपाल नाट्य प्रतिष्ठानका कुलपति श्री नीसा शर्मा र काठमाडौं महानगरपालिकाको उप नगरप्रमुख सुनिता डंगोलको विशिष्ट आतिथ्यमा "सम्मान तथा अक्षलोक लोकार्पण" २०८० श्रावण ६ गते राष्ट्रिय नाँचघरमा सम्पन्न भएको थियो । केन्द्रको अध्यक्ष ई. स्वजन स्वराज शाक्यको अध्यक्षतामा अक्षलोक साहित्यिक पत्रिका मार्फत सामाजिक, राजनितिक, साहित्यिक, एवं शैक्षिक रूपान्तरणमा आजन्म तपस्यारत रहि कोभिडले स्वगारोहन हुनुभएका प्राध्यापक सिद्धिश्वरमान श्रेष्ठको पुन्यस्मृतिमा आयोजित कार्यक्रममा साहित्य, समाजसेवा, र शिक्षाको क्षेत्रमा विशेष योगदान गर्ने चार व्यक्तित्वहरुलाई नगद रू. १०,००० सहितको पुरस्कार प्रदान गरिएको थियो । यसमा सिद्धिश्वरमान सूर्यतुलसी आजिबन साहित्य साधना पुरस्कार वरिष्ठ बाल साहित्यकार शान्तदास मानन्धर, सिद्धिश्वरमान–चन्द्रविष्णु अन्तराष्ट्रिय सामाजिक योगदान पुरस्कार, अमेरिकामा रहि समाजसेवाको क्षेत्रमा उदाहरणीय योगदान पुर्याउनु हुने सरला श्रेष्ठलाई, सिद्धिश्वरमान–महेश्वरमान श्रेष्ठ उत्कृष्ट प्राध्यापक उत्प्रेरणा पुरष्कार, वरिष्ट अर्थश्रात्री प्रा.डा. शिवराज अधिकारीलाई, सिद्धिश्वरमान–विष्णु कुमार

अग्रवाल उत्कृष्ट साना उद्यमी पुरस्कार सैलजा कसजुलाई प्रदान गरिएको थियो। यसको साथै नेपाली साहित्य, समाज, स्वास्थ्य र शिक्षामा उदाहरणीय कार्य गरि समाज रूपांतरणमा बलियो टेवा पुर्याएका अन्य व्यक्तिहरुलाई पनि सम्मान गरिएको थियो । नेपाली साहित्यमा विगत पाँच दशक भन्दा बढि समयदेखि योगदान गर्दै आउनु भएका एवं नेपाल भाषा साहित्यलाई नयाँ आयाम दिने चार साहित्यकारहरू प्रकाश प्रधानांग, सत्यभामा माथेमा, नारायण देवी श्रेष्ठ र सुवर्ण केशरी चित्रकारलाई नेपाल भाषाको आमा खम्बा माः थाको रुपमा सम्मान गरिएको थियो । यसको साथै नेपाल भाषा साहित्यको श्रीवृद्धीमा भगिरथ तपस्वी साहित्य साधकहरू प्रतिसरा सायमी, सुलोचना मानन्धर, भुषण प्रसाद श्रेष्ठ र शशिकला मानन्धरलाई नेपाल भाषाको टिकी झ्याः को रुपमा सम्मान गरिएको थियो । अन्य सम्मानीत हुने व्यक्तिहरुमा सिद्धिश्वर मान उत्कृष्ट साहित्यिक उत्प्रेरणा सम्मान – उषा शेरचन, सिद्धिश्वरमान उत्कृष्ट नियात्रा साधक सम्मान – धनश्याम राजकर्णिकार, सिद्धिश्वरमान उत्कृष्ट स्वास्थ तथा समाज सेवा सम्मान – प्रा. डा. निराकार मान श्रेष्ठ, सिद्धिश्वरमान उत्कृष्ट युगल शिक्षा साधक सम्मान – डा. अम्भु भवानी कार्की र राजाराम शैजु, सिद्धिश्वरमान उत्कृष्ट रचना साधक सम्मान – स्व. पुस्करलाल श्रेष्ठ, सिद्धिश्वरमान उत्कृष्ट भाषा तथा शिक्षा सम्मान – प्रा. डा. सुन्दर कृष्ण जोशी, सिद्धिश्वरमान उत्कृष्ट संचार साधक सम्मान – कुमार रंजित, नेपाल भाषाको आधार स्तम्भ मू: था – मोती लक्ष्मी उपासिका, सिद्धिश्वरमान उत्कृष्ट साहित्य साधक सम्मान – भद्र कुमारी घले, सिद्धिश्वरमान उत्कृष्ट भाषा तथा संस्कृती संरक्षक सम्मान – अनिल महर्जन, उत्प्रेरणामुलक साहित्यिक संस्था सम्मान – सहित्य सन्ध्या र गुन्जनलाई प्रदान गरि सम्मान गरिएको थियो ।

**“सम्मान तथा अक्षलोक लोकार्पण” २०८१** श्रावन ६ गते नेपाल प्रज्ञा–प्रतिष्ठानमा आयोजना हुनेछ। नेपालको प्रतिनिधि सभाका सभामुख सम्माननीय श्री देव राज घिमिरेको प्रमुख आतिथ्य तथा सुवर्ण केशरी चित्रकार, रघु पन्त, सुजिता शाक्य, सुमनराज अर्याल, शोभिाता गौतम र सुनिता डंगोलको विषेश आतिथ्यमा कार्यक्रम संचालन हुनेछ । यस कार्यक्रममा सम्मानित र पुरस्कृत हुनेमा नेपालको साहित्य, सामाजिक, शिक्षा जस्ता क्षेत्रमा अतुलनीय योगदान गर्नुहुने निम्न विशिष्ठ व्यक्तिहरुलाई सम्मान गर्ने घोषणा गरिसेको छः

१. **सिद्धिश्वरमान चन्द्र-विष्णु अन्तर्राष्ट्रिय समाज साधक पुरस्कारः** श्रीमती तुलसी थापा (म्यानमार)

२. **सिद्धिश्वरमान मिलन-मुक्ति सर्वोत्कृष्ट समाजसेवी पुरस्कारः** प्रा. ब्रह्म कुमार विजय कुमार सिग्देल

३. **सिद्धिश्वरमान महेश्वरमान सर्वोत्कृष्ट उत्प्रेरक प्राध्यापक पुरस्कारः** डा. तिलक राम आचार्य

४. **सिद्धिश्वरमान सर्वोत्कृष्ट शताब्दी**

**समालोचना सम्मान:** प्रा. डा. दयाराम श्रेष्ठ

५. **नेपा भायया सँभ्या:** मनदेवी तन्दुकार

६. **नेपा भायया सँभ्या:** ध्रुव मधिकर्मी

७. **नेपा भायया सँभ्या:** मोतीलक्ष्मी शाक्य

८. **नेपा भायया सँभ्या:** सुरेश किरण

९. **सिद्धिश्वरमान सर्वोत्कृष्ट साहित्य साधक:** वासुदेव अधिकारी

१०. **सिद्धिश्वरमान उत्कृष्ट उत्प्रेरक समाज तथा शिक्षा साधक:** रामबाबु नेपाल

११. **सिद्धिश्वरमान उत्कृष्ट साहित्यिक संस्था उत्प्रेरणा सम्मान:** युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठान तथा पारिजात स्मृति केन्द्र

१३. **सिद्धिश्वरमान उत्कृष्ट समालोचना साधक:** प्रा. डा. हेमनाथ पौडेल

१४. **सिद्धिश्वरमान उत्कृष्ट साहित्य तथा समाज साधक:** शान्ता मानवी

१५. **उत्कृष्ट शैक्षिक तथा सांस्कृतिक उत्प्रेरणा सम्मान:** प्रा. डा. वीणा पौडेल

१६. **सिद्धिश्वरमान सर्वश्रेष्ठ युगल साहित्य साधक:** नर्मदेश्वरी सत्याल

१७. **सिद्धिश्वरमान सर्वश्रेष्ठ युगल साहित्य साधक:** जयन्ती स्पन्दन

१८. **सिद्धिश्वरमान सर्वश्रेष्ठ सङ्गीत साधक:** दीपक जङ्गम

१९. **सिद्धिश्वरमान सर्वोकृष्ट कला साधक सम्मान:** के के कर्माचार्य

२०. **सिद्धिश्वरमान सर्वोत्कृष्ट ऐतिहासिक मानव सेवा उत्प्रेरक सम्मान:** स्व. कुल बहादुर थापा बगाले (म्यानमार)

२१. **सिद्धिश्वरमान सर्वोत्कृष्ट सूचना साधक:** दीपक आचार्य

२२ . **सिद्धिश्वरमान सांस्कृतिक काव्य उत्प्रेरणा उत्सव प्रेरक सम्मान:** राजन प्रसाद न्यौपाने

२३. **सिद्धिश्वरमान सर्वोत्कृष्ट शताब्दी कथा साधक:** प्रा. डा. ध्रुव चन्द्र गौतम

२४. **सिद्धिश्वरमान शिक्षा उत्प्रेरणा सम्मान:** तनुजा महर्जन । ■


नेपालको पहिलो बैंक

नेपाल बैंक लिमिटेड

NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

# नेपाल बैंक लिमिटेड

## गण्डकी प्रदेश

फोन: ०६१-५७१११२

www.nepalbank.com.np

# यात्रा संस्मरण र केही अनुभूति

पद्मावती सिंह

खास भन्ने हो भने यो यात्रा संस्मरण मात्र हैन सिद्धिश्वरमान अक्षालोक साहित्यिक केन्द्रको साँस्कृतिक उत्सवको विषेश संस्मरण हो । त्यस उत्सवमा मैले पनि सहभागी हुने अवसर पाएँ । हामी आजीवन सदस्यहरुलाई सहभागी बनाई सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रले साँस्कृतिक उत्सवका ४ दिने कार्यक्रमको आयोजना गरेको थियो - पाल्पामा त्यहाँको मेयरको उपस्थितिमा कवि गोष्ठी र लुम्बिनीमा लुम्बिनी विश्वविद्यालयमा कवि गोष्ठी । त्यसो त मैले धेरैचोटी विभिन्न संस्थाहरुबाट साहित्यिक यात्रामा सहभागी भएकी छु । गुञ्जनको संस्थापक अध्यक्षको नाताले गुञ्जनबाट पनि पाल्पा, हेटौंडा र भरतपुरमा साहित्यिक कार्यक्रमको संयोजन गरी सहभागी भएकी छु । तर सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रबाट आयोजना गरेको साँस्कृतिक काव्य उत्सव मलाई एकदम भिन्न र मनोरञ्जनात्मक लाग्यो । कारण, यस कार्यक्रम मात्र साहित्यिक कार्यक्रम थिएन, विभिन्न देवालयहरुको भ्रमण एउटा विशेष आकर्षण थियो । साथै विभिन्न रमाइलो स्थानहरुमा विहानको चिया, खाना खाँदै, ठाउँ ठाउँको रमणीय दुश्यहरुमा फोटो खिच्दै, बाटाका देवस्थलहरुमा दर्शन गर्दै अति रमाइलो गर्दै हामी गन्तव्यतिर गइरहेका थियौं । विहानाको खाजा, दिउँसोको खाना, रातको खाना पकाउने जिम्मा दिएर पकाउने सामानहरु र भान्छेहरुलाई पनि साथमा लगेर एउटा राम्रो व्यवस्था गरिएको थियो । शुद्ध ताजा खाना खाएर ठाउँ ठाउँमा खाजा र खाना खाँदै जाँदा हामीले कुनै पिकनिक गएको अनुभव गरेका थियौं ।

पाल्पाको रमणीय दृश्य मेरो आँखा अगाडि झुल्किरहेको थियो । गत वर्ष अर्थात २०८० सालमा गुञ्जनको र पाल्पाको साहित्यिक संस्थाको सहकार्यमा हामीले कवि गोष्ठीको सहआयोजन गरेका थियौं । पाल्पाको प्राकृतिक सुन्दरताले हामी मुग्ध भएका थियौं । फेरि उहि रमणीय सुन्दर नगरीमा जान पाउँदा म हर्षविभोर थिएँ ।

विहान ५:०० बजे घरबाट चिया खाएर निस्केकी थिएँ । कलंकीमा हाम्रो बस ५:५० बजे तिर आइपुग्यो । बसले सबै

सहभागीहरुलाई समेटेर आफ्नो गन्तव्यतिर लाग्दा ६:०० बज्यो । सिमसिम पानी परिरहेको थियो । हामी सहभागीहरु एक आपसमा गफ गर्दै रमाउँदै यात्राको सुरुवात भयो ।

इच्छाकामना पुगेपछि बस रोकियो र त्यहाँ विहानको नास्ता गऱ्यौं । विहानको मधुर घाममा इच्छाकामना मन्दिरको परिसरमा तातो चिया र खाजा खान पाउँदा मन प्रसन्न भयो । त्यतिबेला हामी सबैलाई पिकनिक स्पटमा खाजा खाइरहेको भान भएर खुब मज्जा लाग्यो । विहानको ब्रेकफाष्ट खाएर हाम्रो टिम बोकेको बस पाल्पातिर प्रस्थान गऱ्यो । बाटो चाहिं अलि खराबै रहेछ । भरतपुरबाट पाल्पा जाने बाटो मर्मत भइरहेकोले हामीलाई असुविधा भएतापनि बसमा गीत गाउँदै गएकोले हामीले रमाइलो मान्दै यात्रा तय गऱ्यौं । पाल्पातर्फ लाग्दा देवघाट गएर त्यहाँको मन्दिरमा दर्शन गरी हामीले देवघाटको पवित्र स्थलको अवलोकन गरी विहानको खाना देवघाटमै खाएका थियौं । यसरी देवघाट जस्तो पवित्र स्थलमा भ्रमण गराई सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रले हामीलाई आध्यात्मिक शान्ति प्रदान गरेको थियो । त्यसैले हाम्रो यात्रा मात्र काव्यिक यात्रा नभई साँस्कृतिक र आध्यात्मिक यात्रा पनि थियो । त्यसैले यो काव्यिक यात्रा अत्यन्त सुखद र बेग्लै खालको थियो । झण्डै बेलुका ८:५० तिर हामी पाल्पा पुग्यौं र खाना पकाउने टोलीले तात्तातो बनाएको खाना खाई हामीले विश्राम लियौं ।

विहान सबेरै ५:०० बजे हामी पाल्पाको प्रसिद्ध रानीमहल अवलोकन गर्न गयौं । हामी रानीमहल पुग्दा ६:०० मात्र बजेको थियो । रानीमहल विहान ८:०० बजे मात्र खुल्ने हुनाले हामीले बाहिरैबाट अवलो कन गऱ्यौं र त्यहाँको सुन्दरतालाई कैद गरी फोटो खिच्यौं । खड्ग शमशेरले आफ्नी प्यारी रानीको सम्झनामा बनाएको यो महल पनि ताजमहल जस्तै हो भनी रानीमहलबारे चर्चा परिचर्चा गऱ्यौं ।

त्यसपछि पाल्पा नगरपालिकामा विहान १०:०० बजे त्यहाका मेयरको उपस्थितिमा भव्य रुपमा कविता गोष्ठी सम्पन्न भयो । सबै सहभागीहरुले कविता पाठ गरेका थिए । मैले भने सबैको अनुरोधमा मेरो भरखरै रेकोर्ड भएको “अनायासै आज तिमीसंग भेट्दा” भन्ने गीत गाएँ । कार्यक्रममा पाल्पाको साँस्कृतिक पक्षबारे पनि त्यहाँ चर्चा गरिएको थियो । पाल्पा नगरपालीकाका

मेयर सन्तोषलाल श्रेष्ठलाई आजीवन सदस्यको प्रमाणपत्र प्रदान गर्दै सम्मान पनि गरि एको थियो । साथै आजीवन सदस्यहरुलाई मेयरको हातबाट प्रमाणपत्र पनि प्रदान गरिएको थियो । त्यसपछि विहानको खाना खाएर हामी लुम्बिनीतर्फ लाग्यौं ।

लुम्बिनीतर्फ यात्रा गर्दा हामीले पाल्पाको भरखरै बनेको कामाख्या मन्दिरमै नेपालकै सबैभन्दा धेरै दूरी भएको केवलकार चढ्ने अवसर पायौं । ७५० रुपौया तिरेर केवलकार चढेर हामी कामाख्या मन्दिरको टुप्पोमा पुग्यौं । केवलकार चढेर माथि पुगेपछि थाहा भयो मन्दिर पुग्न १७६ सिंढी उक्लिनु पर्छ भनेर । तर त्यहाँ कतै यसको जानकारीमूलक सूचना लेखिएको थिएन । म एक त उमेर पुगेकी - त्यसमाथि घुँडाको समस्या भएको त्यत्रो उकाले चढ्न समय थिएन । सबै जना मन्दिरको दर्शन गर्न गए पनि म चाहिं तल पर्खेर बसें । एउटा कुरा के भने केवलकारको टिकट लिने ठाउँमा सिंढी चढ्नु पर्ने जानकारीमूलक सूचना लेखिएको हुनुपर्थ्यो । म जस्तै कति उमेर पुगेकाहरु माथि पुगेर दर्शन नगरी फर्के होलान् । माथि जान नपाउँदा साह्रै नमज्जा लाग्यो र मन उदास भयो । केवलकारको स्टाफसित गुनासो पोखें - तर के गरुँ हाम्रो नेपालमा यस्ता कुरामा ध्यान पुऱ्याउँदैनन् ।

राति लुम्बिनीमा पुगेर विश्राम लियौं । भोलिपल्ट लुम्बिनी बौद्ध विश्वविद्यालयमा एक भव्य कार्यक्रमको आयोजना भयो । विश्वविद्यालय प्रमुखको अध्यक्षतामा कार्यक्रम सम्पन्न भयो । त्यस गोष्ठीमा त्यहाँको अध्यक्ष र स्टाफले दिवंगत सिद्धिश्वरमान श्रेष्ठ सरको कार्यक्षमता, इमान्दारिता र सद्व्यवहारको संस्मरण गर्दै उहाँलाई सम्झदै श्रद्धाञ्जली अर्पण गरे । त्यसपछि हाम्री प्यारी बहिनी सिद्धिश्वरमान श्रेष्ठकी धर्मपत्नी र संस्थाकी संरक्षक डा. सावित्री बहिनीलाई आफ्नो दिवंगत पतिको सम्झनाले भावविह्वल बनाई परेली भिजायो । हामी पनि भावविह्वल भयौं । त्यहाँको कार्यक्रम र गोष्ठी पनि सफलताका साथ सम्पन्न भयो । यसको लागि कार्यक्रमको योजना र व्यवस्थापन गर्ने सावित्री श्रेष्ठ र उनको सुपुत्र स्पन्दन श्रेष्ठलाई धन्यवाद दिनै पर्छ ।

काठमाडौं फर्कने क्रममा हामीले गंगासागरको यात्रा गरी त्यस पवित्र स्थलमा गई त्यहाँको पवित्र जलले हात मुख धोयौं । त्यहाँको रमणीय वातावरण, आध्यात्मिक स्थलमा पाउँ राख्न पाउँदा हामी सबै खुशीले

गद्गद् भयौं । सबैजना डुंगा चढेर मनोरञ्जन गरे पनि म चाहिं गंगाजीको किनारामा बसी त्यहाँको रमणीय वातावरणसित आत्मसात गरेर मनमनै पुलकित भइरहें । त्रिवेणी जस्तो पवित्र धार्मिक स्थलमा लगेर सिद्धिश्वरमान




अक्षलोक साहित्यिक केन्द्रले हामीलाई ठूलो गुण लगाएको छ।  यसरी देवस्थलहरुमा पाउँ टेक्दै, कविता गोष्ठी र कार्यक्रमहरु सम्पन्न गरेर हामी सुरक्षित रुपमा काठमाडौं फर्कियौं । यो यात्रामा मलाई सबैभन्दा खुशीको कुरा के लाग्यो भने - हामी संगै गएका सबै जनामा गहिरो मित्रता कायम भयो । कतिपय अग्रज बहिनीहरुसित चिनजानी भयो । हामी साथमा खायौं, यात्रामा सहभागी भयौं, तर कसैसित हाम्रो मनमुटाव भएन ।

अचम्मको कुरा त त्यहाँ सहभागी समूहमा म ७५ वर्ष, २०-२२ वर्षका संगै यात्रा गरेका थियौं । सबैले म सबैभन्दा जेष्ठ नागरिक भएर होला सबैले मेरो हेरविचार गरे र हात समाएर मलाई सहयोग गरे । नामै लिन पर्दा राजन न्यौपाने भाइले त मेरो खानपिन, बस्न र अन्य सुविधाको खुब ख्याल राखेकोमा म हृदयदेखि भाइलाई आशिर्वाद दिन्छु । साथै सबै सहभागीहरुले मप्रति देखाएका सत्कार र मायालाई म कहिल्यै भुल्न सक्दिनँ ।

फर्केको दिन फागु पूर्णिमा परेको थियो । सबैभन्दा जेष्ठ सहभागी भएकोले सबैलाई मैले अबिर लगाई आशिर्वाद दिएँ र काठमाडौं फर्कने क्रममा बसमा हामीले फागुका गीत गाएर फागुमा हामीले अनुभव गरेका रमाइला घटनाहरुलाई सुनाएर खुब मनोरञ्जन गर्‍यौं । अक्षश्वर धाममा गई एक अर्कालाई फागु पूर्णिमाको अवसरमा अबिर लगाएर फागु पनि मनायौं । यसरी देवस्थलको भ्रमण गर्दै, काव्य उत्सव मनाउँदै हामीले यात्रालाई अविस्मरणीय बनाएर घर फर्क्यौं । सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रलाई धेरै धेरै धन्यवाद । ■




**सुन तथा हिराका अत्याधुनिक र परम्परागत**
**सांस्कृतिक गहनाहरूको यहाँहरूको चाहना**
**पुरा गर्न हरदम तत्पर**
**सुवर्ण आभूषण**
**Newroad, Kathmandu**
**suvarnaabhusan@gmail.com, 9841244037**



# वेस्टमिन्सटर आबेमा पोएट्स कर्नर

✒कृष्ण बजगाईं, लन्डन

फेरि पनि उही चर्को घाम । मानिसको उस्तै भिड । बेलायतमा मौसम राम्रो हुने भविष्यवाणी हुनुपर्छ मानिस घर छाडेर बाहिर निस्किहाल्छन् । वर्षभरिमा तीन-चार महिना मात्र राम्ररी घाम देख्न पाउने बेलायतीहरूलाई घाम र उज्यालोले चाडबाड आएजस्तै खुसियाली दिन्छ । लन्डनको मुटु वेस्टमिन्स्टर स्टेसनबाट बाहिर निस्केपछि भिड देखेर मनोलाप गरेथैं ।

स्कुलको लामो बिदा र छुट्टी मनाउन निस्केकाहरूलाई आज मौसमले साथ दिएको छ । संसारभरको एकदम आकर्षक सहर लन्डनमा मानिस ओइरिएका छन् । त्यस भिडमा खोज्न थालेमा संसारभरकै मानिसहरू भेटिएलान् जस्तो लाग्छ । भिडलाई छिचोलेर अगि बढ्छु । पार्लियामेन्ट स्क्वायर नजिकै पुगे पछि भिडबाट बल्ल मुक्ति मिल्छ ।

लन्डन सहरको बिचमा रहेको पार्लियामेन्ट स्क्वायरले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा ख्याति कमाएको छ । त्यहाँ स्थापना गरिएका विश्व प्रसिद्ध व्यक्तित्वहरूको पूर्ण कदको सालिकले पार्लियामेन्ट स्क्वायरको गरिमा बढाएको छ । विन्सटन चर्चिल, नेल्सन मण्डेला, महात्मा गान्धी आदिको सालिक गर्वसाथ उभिएका छन् । तिनीहरूप्रति मानिसको सम्मान छ । र त मानिसका भिडले ती सालिकहरूलाई अवलोकन गरिरहेका छन् ।

नेल्सन मण्डेला र महात्मा गान्धीको सालिकको छेउमा विश्वव्यापी जलवायु परिवर्तन र त्यसले पारेको असरका बारेमा जनचेतना जगाउने ब्यानर टाँगिएको छ । त्यस अभियानका अभियन्ताहरू हाते माइक र पर्चा लिएर उपस्थित भएका छन् । यहीँबाट विश्वका शक्तिशाली र औद्योगिक राष्ट्रहरूलाई वातावरण प्रदूषण गराएको भनेर खबरदारी गरिरहेका छन् । यहाँका रमितेहरूलाई अभियन्ताहरूले हातेपर्चा थमाइरहेका छन् । मेरो हातमा पनि थमाइदिए एउटा पर्चा । त्यस पर्चाका सबै कुरा पढ्नै परेन । तिनका अभियानबाट म परिचित छु । टिभीमा हेरेको छु । पत्रिकामा पढेको छु । रेडियोमा सुनेको छु । त्यस अभियानलाई मेरो नैतिक समर्थन छ । बेलायत सरकार र संसारभरका मानिसको ध्यान आकृष्ट गराउन उक्त महत्वपूर्ण कार्य बेलायतको चर्चित स्थल पार्लियामेन्ट स्क्वायरमा हुनु भनेको अभियन्ताहरूको स्वर संसारभर पुग्नु हो जस्तो लाग्छ मलाई ।

बेलायतको उपनिवेशबाट भारतलाई मुक्त गर्दै बेलायतीहरूलाई भारतबाट खेदाउने गान्धी, बेलायती उपनिवेश र रङ्गभेदको विरोध गरेबापत सत्ताइस वर्ष जेलमा राखिएका नेल्सन मण्डेलाको सालिक ससम्मान यहाँ बनाइनु भनेको प्रजातन्त्रिक संस्कार हो । बेलायतीहरूको उदारता हो । पूर्वजले गरेको

गल्तीलाई सच्याउनु हो ।

बेलायतको जस्तो संस्कार कहिले आउला नेपालमा ? देशका लागि महत्वपूर्ण योगदान दिएका राजाहरू, राजनेताहरू र साहित्यका माध्यमले विशिष्ट सेवा गरेका साहित्यकारहरूका सालिक तोडफोड गरिएका समाचार पढेर चस्स दुख्छ मन । सङ्कीर्ण सोचका व्यक्तिहरूबाट गरिएका यस्ता कार्यले प्रजातन्त्रको खिल्ली उडाएको छ। स्वतन्त्रताको दुरूपयोग भएको छ । प्रजातन्त्रको जननी बेलायतको पार्लियामेन्ट स्क्वायरमा उभिएर प्रजातन्त्र, स्वतन्त्रता र मानवअधिकार सम्झन्छु । सम्झन्छु स्वतन्त्रता प्राप्तिको लडाइँका थुप्रै इतिहासहरू ।

वेस्टमिन्स्टर आबेतिर पाइला चाल्दै गर्दा अनेक कुरा आउँछन् मनमा । पार्लियामेन्ट स्क्वायरकै छेउमा छ वेस्टमिन्स्टर आबे । वेस्टमिन्स्टर आबेभित्र एउटा कुनाको अवलोकनका लागि निस्केको छु । त्यसभित्र रहेको पोएट्स कर्नरका कविहरूले मलाई बोलाएका छन् । गर्नु छ तिनीहरूसँग साक्षात्कार । हेर्नु छ त्यहाँ कविहरूको अवस्था । खोज्नु छ मैले पोएट्स कर्नरको इतिहास ।

गोथिक शैलीको भवनको सामुन्ने पुगेको छु । यही हो वेस्टमिन्स्टर आबे । यस भवनअगाडिको सडकमा धेरै पटक कार चलाएको छु । कैयौँ पटक पैदल हिँडेको पनि छु । टेलिभिजनको समाचारमा पटकपटक देखेको छु यस भवनलाई । पत्रिकामा पनि भेट्टाएको छु वेस्टमिन्स्टर आबेलाई । धेरै वर्षदेखि सुनिरहेको र मैले देखिरहेको वेस्टमिन्स्टर आबेभित्र प्रथम पटक प्रवेश गर्न लागेको छु । कस्तो होला भवनभित्र ? मनमा जिज्ञासा चुलिएको छ । कौतूहल थपिएको छ ।

वेस्टमिन्स्टर आबे धेरै प्रभावशाली भवन हो । बेलायतको शक्तिशाली चर्च हो । यहाँ हुने सानो कार्यक्रम वा घटनाले पनि बेलायतमा ठुलो प्रभाव पार्छ । सन् १९१४ मा 'वुमेन्स सोसियल एन्ड पोलिटिकल युनियन'ले यस शक्तिशाली चर्चभित्र बम विष्फोटन गराएको कुरा इतिहासका पानामा पढेको छु । महिलालाई पनि मताधिकार हुनुपर्ने माग शान्तिपूर्ण तरिकाले राख्दा सुनुवाई नभएपछि ध्यान आकृष्ट गराउन बम पड्काए थिए । बम पड्काउने ती महिलाहरूको साहस आन्दोलनकारी अरू महिलाहरूका लागि अनुकरणीय हुन सक्छ । हुन त विध्वंस मच्चाउनु राम्रो कुरा होइन । तोडफोड लगायतका ध्वंसात्मक आन्दोलनको पक्षमा म छैन ।

मैले देखेको छु । पढेको छु । संसारभरका सत्ताधारीहरू शान्तिपूर्ण तरिकाले माग गर्दा सुन्दैनन् । नसुनेपछि मागकर्ता र आन्दोलनकारीहरू तोडफोडमा उत्रन बाध्य हुन्छन् । त्यसपछि मात्र सत्तामा बस्नेहरूको कानको प्वाल खुल्छ । आँखामा लागेको पर्दा हट्छ । विकसित र शिक्षित देशमा यस्तो अवस्था छ भने पिछडिएका र अशिक्षित देशमा हुने तोडफोडलाई म सामान्य रूपमा लिन बाध्य हुन्छु ।

वेस्टमिन्स्टर आबेले अर्को पटक पनि बमको प्रहारबाट घाइते हुनुपर्‍यो । दोस्रो

विश्वयुद्धमा वेस्टमिन्स्टर आबेमा जर्मनी सेनाले बम प्रहार गरेपछि त्यसले केही क्षति बेहोर्नुपरेको थियो । युद्धपश्चात् फेरि दुरुस्त भएर उठ्यो वेस्टमिन्स्टर आबे । पटकपटक क्षति बेहोरेको वेस्टमिन्स्टर आबे अहिले पनि आफ्नो वैभव र वर्चश्व कायम गर्न सफल छ।

क्रिस्चियन धर्मावलम्बीहरूको धार्मिक गतिविधि गर्ने चर्च हो वेस्टमिन्स्टर आबे । राजारानीको राज्याभिषेक गर्ने र राजपरिवारका सदस्यहरूको विवाह गरिने पवित्र स्थल हो वेस्टमिन्स्टर आबे । त्यति मात्र होइन- राजपरिवारका सदस्यहरूलाई मृत्युपश्चात् गाडिने चिहानघारी पनि हो वेस्टमिन्स्टर आबे । थुप्रै धार्मिक, राजनीतिक र प्रशासनिक कर्मकाण्ड गरिने बहुउपयोगी स्थलभित्र पुगेर जानकारी लिन आतुरता छ।

प्रवेशका लागि लाइन लागेर म मुख्य प्रवेशद्वारअगाडि पुगिसकेको छु । भित्र प्रवेश गर्ने पालो पर्खेको छु । र, सम्झन्छु यसको इतिहास ।

दसौँ शताब्दीमा स्थापना भएको वेस्टमिन्स्टर आबेभित्र अहिलेसम्म चालिस जना बेलायतका राजारानीहरूको राज्याभिषेक गरिएको छ । अठार जना राजारानीको यहीँभित्र समाधि छ । बेलायतका सोह्र जना राजपरिवारका सदस्यहरूको यहीँ विवाह गरिएको छ। अरू धर्मका परम्परामा मृतकलाई गाडेको चिहानघारीमा राज्याभिषेक र विवाह गर्नु पवित्र मान्छन् कि मान्दैनन् मलाई थाहा छैन। क्रिस्चियन धर्ममा भने त्यो पवित्र स्थल हुँदो रहेछ भन्ने कुरा यहाँ आएर थाहा पाएँ।

वेस्टमिन्स्टर आबेभित्र राजपरिवारका सदस्यहरूलाई मात्र होइन आम मानिस खासगरी केही कवि-लेखकहरूको पनि समाधि छ। यहीँ केही कवि, वैज्ञानिक आदिलाई स्मरण गरिएको स्थान पनि छ। म कवि-लेखकहरूलाई स्मरण गरिएको स्थल 'पोएट्स कर्नर' अवलोकन गर्न हतारिएको छु। यस्तो महत्वपूर्ण र ऐतिहासिक स्थलमा धेरै पहिले जानुपर्थ्यो । के के नमिलेर अलमलिरहेँ ।

मेरो पालो आएपछि महँगो प्रवेश शुल्क पच्चिस पाउन्ड तिरेर प्रवेश गर्छु । मेरा आँखाले पोएट्स कर्नर खोज्दै थिए । भित्र पोएट्स कर्नर पुग्न यस्तो तरिकाले बाटो बनाइएको रहेछ कि आफूले हेर्न नचाहेका महत्वपूर्ण व्यक्ति र राजारानीको समाधिक्षेत्र हुँदै अगाडि बढ्न हुनुपर्दो रहेछ ।

प्रवेश गर्ने बित्तिकै विभिन्न राजारानीहरूको समाधिहरू देखा पर्छन् । मेरो इच्छाबेगर पनि तिनलाई सरसर्ती नजर लगाउँछु। केही राजारानीहरूको समाधिमाथि तिनको मूर्ति बनाइएको देख्छु। ती मूर्तिहरू नमस्ते गरेर सुतिरहेको अवस्थामा छन् । अधिकांश समाधिमा ल्याटिन भाषामा केही जानकारीहरू लेखिएका छन्।

बेलायतमा धेरै पहिले ल्याटिन भाषाको प्रभाव रहेको जानकारी त्यहाँबाट मिल्छ। अहिलेको संस्कृत भाषा बोलीचालीमा न्यून रूपमा भएजस्तै ल्याटिन भाषाको अवस्था पनि त्यस्तै छ । ल्याटिन भाषा धर्मग्रन्थ, पुस्तकालय र सङ्ग्रहालयमा मात्र सुरक्षित छन्। सीमित विश्वविद्यालयका कक्षा कोठामा

सीमित विद्यार्थीहरुले पढ्छन् । ल्याटिन भाषा बोलीचालीमा छैन अहिले । धेरै भाषाका जननी र शब्दका भण्डार संस्कृत र ल्याटिनको यो अवस्था देख्दा तथ्याङ्कका पाना पल्टाउँछु । तथ्याङ्कअनुसार हरेक चालिस दिनमा एउटा भाषाको मृत्यु हुँदो रहेछ । भाषाहरूको संरक्षण र अभ्यास नहुने हो भने संसारभर प्रचलित सात हजार भाषामध्ये सय वर्षमा आधाभन्दा बढी भाषा सधैँका लागि लोप भएर जाने अनुमान गरिएको छ । त्यस बेला हाम्रो नेपाली भाषाको अवस्था के होला ? नेपाली भाषाउपर चौतर्फी प्रहार भएकोमा म चिन्तित छु । कसले बचाउला नि मरासन्न अवस्थामा रहेका संसारभरका विभिन्न भाषाहरू ? भाषा मानव जातिको प्राण हो, पहिचान हो । अचानक भाषा चिन्ताले सताउँछ मलाई ।

वेस्टन्सिटर आवे गौरवशाली इतिहास बोकेको स्थल हो । यहाँ समाधि भएका वा स्मरण गएिका व्यक्तिहरूले राष्ट्रिय रूपमा मानिसका जीवनमा महत्वपूर्ण प्रभाव पारेका छन् । वेस्टमिन्स्टर आबेमा डार्विन, न्युटन र पछिल्लो पटक स्टेफ हकिन्स जस्ता महान् वैज्ञानिकहरूको चिताको खरानी गाडेको ठाउँमा पुग्छु । मार्थिन लुथर किङ जुनियरलाई स्मरण गरिएको स्थानअगाडि उभिएको छु । राजनेता, पादरी आदिका नाम लेखेका शिलाहरू पढ्दै जान्छु । यहाँ पाउँछु बेलायतको धार्मिक र राजनीतिक इतिहासको जानकारी ।

यहाँ राजा, रानी, प्रधानमन्त्री, कवि, लेखक, कलाकार, वैज्ञानिक, सैनिक अधिकारीलगायतका तीन हजार तीन सय जना महत्वपूर्ण व्यक्तिका अवशेषलाई गाडिएको थाहा पाउँदा आश्चर्यचकित बन्छु । वेस्टमिन्सटर समाधिक्षेत्र हो कि प्रार्थना गरिने चर्च हो ? अलमल्ल परेँ ।

समाधिक्षेत्रबाट विवाह गर्ने हलमा पुग्दा त्यसको भव्यता देखेर दङ्ग पर्छु । यहाँ राज्याभिषेक गर्न प्रयोग गरिएको कुर्सी पनि देख्छु । यहाँका सामग्री र दृश्यहरूले मलाई बेलायतका राजकुमार विलियमको विवाह, महारानी एलिजाजेथको अन्तिम संस्कार र राजा चार्ल्स द्वितीयको राज्याभिषेकको प्रत्यक्ष प्रसारण टिभीमा हेरेको सम्झना ताजा भएर आयो ।

अवलोकनको क्रममा वेस्टमिन्स्टर आबेभित्रको गोथिक शैलीका कलात्मक आर्चले मोहित पार्छ । चर्चको भित्रको शृङ्गार र झकिझकाउ देखेर मुग्ध हुन्छु । यहाँको प्राचीन शैलीले लोभ्याउँछ मलाई । ती सबै दृश्य धित मरुन्जेल हेर्छु । अनि बिस्तारै पाइला सार्दै वेस्टमिन्स्टर आबेभित्रको एक कुनामा रहेको 'पोएट्स कर्नर'मा पुग्छु ।

संसार भरमा कवि-लेखकहरूलाई संयुक्त रूपमा सम्मान गरिएको पहिलो र एक मात्र स्थान हो पोएट्स कर्नर । साहित्यप्रेमीहरूको तीर्थस्थल हो । सय जनाभन्दा बढी कवि, लेखक र नाटककार हरूको नामाङ्कित गरिएको आधिकारिक ठाउँ हो ।

जोन किट्सले भनेका छन्, 'जमिनसँग जोडिएका कविता कहिल्यै पनि मर्दैनन् ।' कविता नमरेपछि कवि स्वतः अमर

हुन्छन् । तिनै अमर कविका नामहरू लेखिएका छन् पोएट्स कर्नरमा ।

मेरो जिज्ञासु आँखा पोएट्स कर्नर मा चारैतिर दौडिन थाल्छन् । देख्छु केही कवि लेखकका नाम लेखिएका शिलाहरू भुइँमा । केहीका नाम भित्तामा छन् । एउटै शिलामा धेरै कवि-लेखकहरूको नाम लेखिएको पनि भेट्टाउँछु । कतिपय कवि, लेखकलाई पूर्णकद र अर्धकदका सालिकमा भेट्छु । केही कवि लेखकहरूका अवशेषलाई यहीँ गाडिएको पाउँछु। अधिकांश कवि-लेखकहरूलाई तिनको नाम लेखेर स्मरण गरिएको देख्छु । अहो, दिवङ्गत बेलायती कवि-लेखकहरूको भिडभाड भएको ठाउँमा यो नेपाली लेखक पनि पो पुग्यो त ! यस स्थानमा आफूलाई पाउँदा गौरवान्वित हुन्छु। मनको खुसीले उडान भर्छ। सकारात्मक ऊर्जाको सञ्चार हुन्छ शरीरमा ।

भुइँमा बिछ्याइएका शिलामा बेलायतका प्रसिद्ध उपन्यासकार चार्ल्स डिकेन्स र डी.एच. लरेन्स, कविहरू किपलिङ, लर्ड बायरन आदिको नाम पढ्छु । डिकेन्स र किपलिङका अवशेषलाई त यहीँ गाडिएको रहेछ । तिनको देहको अंश खरानी बनेर पोएट्स कर्नरमा बसेका छन् । देहको खरानीमाथि राखिएका छन् तिनका नाम अङ्कित शिलाहरू । त्यसले उनीहरूलाई स्मरण गरिरहेका छन् ।

अवलोकन गर्दैगर्दा फ्रान्सबाट आएका एक लेखकसँग यहीँ परिचय भयो । बेलायतीहरूले लेखक-कविलाई यसरी गरिएको सम्मानलाई उनले खुब मन पराएको कुरा बताए । पोएट्स कर्नरमा देश-विदेशका थुप्रै अवलोकनकर्ताहरू छन् । तीमध्ये अधिकांश कि त साहित्यप्रेमी कि त लेखक हुनुपर्छ । नत्र किन आउँथे र पोएट्स कर्नर हेर्नलाई ।

लेखक-कविका नाम लेखेर भुइँमा राखिएका शिलालाई अवलोकनकर्ताहरू बेपर्बाह कुल्चीकुल्ची हिँडिरहेका छन् । कुल्चेका छन् कवि-लेखकका देहका अंशमाथि । आदरणीय र अति श्रद्धेय आफ्ना प्रिय कवि, लेखकहरूका नाममाथि कसरी आफ्ना पैताला राख्न सकेका होलान् ? कसरी जुत्ता र चप्पलको छाप ती नाममाथि छाड्न सकेका होलान् ? हाम्रो संस्कारमा त विद्वान्हरूलाई पुज्ने प्रथा छ । गुरु मान्ने परम्परा छ । शिर झुकाएर नमन गर्ने चलन छ। पूर्वीय संस्कार मा हुर्किएको मलाई यहाँको दृश्य देखेर खटपट भयो । उकुसमुकुस भयो । एकदम अप्ठ्यारो महसुस भयो। घरीघरी त त्यहाँ गएर नकुल्च भनूँ कि जस्तो पनि लाग्छ । त्यसरी बोल्ने साहस आउँदैन । एकछिनको घुमन्तेलाई त्यसरी बोल्ने अधिकार पनि छैन । ती नाममा टेक्नु हुँदैन भनेर कुनै सूचना लेखेको कतै पनि देख्दिनँ । चुपचाप लागेर ती दृश्यहरू हेर्छु । मनले मान्दैन नदेखे जस्तो गर्छु ।

यहाँ लेखिएका सबै नाम पढ्नु छ मैले । साँघुरो ठाउँ र भिडभाड भएकाले ती नाममा मेरा पाइला पर्न सक्थे । म ती आदरणीय कवि-लेखकका नामलाई कसरी कुल्चँदै हिँड्नू ! ती नाममा पाइला राख्नु भनेको तिनका शिरमा पाइला राख्नु बराबर हो मेरा लागि । मेरा खुट्टाले ती नाम नछोउन्

भनेर अलिक परैबाट पढ्छु ।

पोएट्स कर्नरमा सर्वप्रथम प्रसिद्ध कवि तथा लेखक जेफ्री चौसरको सन् १४०० पोएट्स कर्नरमा सर्वप्रथम प्रसिद्ध कवि तथा लेखक जेफ्री चौसरको सन् १४०० मा समाधि बनाइएको थियो । उनले कविभन्दा पनि राजपरिवारका विश्वासप्राप्त सरकारी क्लर्कका रूपमा स्थान पाएका हुन् । त्यसपछि उनलाई साथ दिन अरू कवि-लेखकहरू धेरैपछि मात्र आएका हुन् ।

मेरा आँखा शेक्सपियरको सालिकमा ठोकिए । महान् साहित्यकार शेक्सपियरको निधन स्टार्टफोर्ड-अपन-एवनमा भएकोले त्यहींको एउटा चर्चमा उनको समाधि छ । उनको समाधिमा मैले श्रद्धासुमन अर्पण गर्ने अवसर प्राप्त गरेको छु । ती महान् स्रष्टाको साहित्यिक कार्यलाई सम्मान गर्दै उनको सालिक पोएट्स कर्नरमा अरूभन्दा उच्च स्थानमा बनाइएको रहेछ । शेक्सपियरलाई उनकै सालिकअगाडि उभिएर श्रद्धा व्यक्त गर्दछु ।

अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त त्यस समयका चर्चित राष्ट्रिय कवि-लेखकहरू चौसर, चार्ल्स डिकेन्स, किपलिङ आदि गरी ५३ जना कवि-लेखकहरूको समाधि यहाँ छ । जेन अस्टिन, बर्नाड सा, लर्ड वायरन, टी.एस. इलिएट, सबुअल टेलर, जोन किट्स, डी.एच. लरेन्स, जोन मिल्टन, वर्डसवर्थ आदिलाई स्मरण गर्दै तिनका नाम, चित्र र मूर्तिहरू राखिएका छन् ।

यहाँ प्रथम विश्व युद्धका कविहरूलाई पनि स्मरण गरिएको देख्छु । विश्व युद्धका समयमा युद्धसम्बन्धी कविताहरू लेखेका सोह्र जना कविहरूको संयुक्त नाम भएको शिला भुइँमा देख्छु । ती नामहरू पढ्छु । ती कुनै कविका नाम मैले सुनेकै रहेनछु । तिनका कुनै पनि कविता मैले पढेको रहेनछु ।

पोएट्स कर्नरमा केही कवि लेखकहरूले मुस्किलले धेरैपछि मात्र स्थान पाएका रहेछन् । लर्ड बायरन राम्रा कवि भए पनि उनको थुप्रै महिलासँगको अनैतिक सम्बन्ध र अन्य बदमासीका कारण उनको नाम पछि मात्र राखिएको रहेछ । आयरिश कवि तथा नाटककार ओस्कार ओइल्डको नाम पोएट्स कर्नरमा राख्न उनका प्रशंसकहरूले दबाब दिएर लामो प्रयासपछि मात्र सफल भएछन् । ओस्कार समलैङ्गिक सम्बन्धका कारण बदनाम थिए । सोही कारण पोएट्स कर्नरमा उनले स्थान नपाएका रहेछन् । बेलायती परम्परावादी संस्कार र सङ्कीर्ण सोचाइको एउटा सानो उदाहरण हो यो ।

पोएट्स कर्नरको भित्ता र सिसाको कलात्मक झ्यालमा पनि कवि-लेखकका नाम र चित्र देख्छु । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त दिवङ्गत थुप्रै कवि, लेखक, साहित्यकारहरू धेरै भएकाले सानो पोएट्स कर्नरमा नअटाएपछि भुइँ, भित्ता र झ्याललाई समेत उपयोग गरेका रहेछन् । जहाँ इच्छा त्यहाँ उपाय भनेको यही त होला नि !

त्यत्रा कवि-लेखक भएपछि कवि गोष्ठी र साहित्यिक सम्मेलन पनि गर्दाहुन् । कहाँ गर्दाहुन् ? स्वर्गमा कि पोएट्स कर्नरमा ?

लेखक-कविका भिडभाड देखर आफैँसँग ठट्टा गर्दछु ।

वेस्टमिन्स्टर आबेको अवलोकन पश्चात् मलाई चर्च होइनको समाधिक्षेत्र घुमे जस्तो लाग्यो । यसो विचार गर्छु– राजा, रानी, केही प्रधानमन्त्रीलगायतका उच्चपदस्थ व्यक्तिहरूको मात्र समाधि भएको वेस्टमिन्स्टर आबेको एक कुनामा कविहरूले पनि स्थान पाएका छन् । यो ठुलो कुरा पो हो त । यसले मलाई लेखक-कवि हुनुको गर्व पो दिलायो ।

अचानक मेरो मन वेग मारेर नेपाल पुग्छ । नेपालमा पनि यसरी नै सबै कवि तथा लेखकहरूका सालिकलाई एकै ठाउँमा वा खुला पार्कमा राखे ठुलो साहित्यिक तीर्थस्थल बन्ने थियो । नौलो आकर्षण हुने थियो । सबैलाई एकै ठाउँमा श्रद्धा व्यक्त गर्न सजिलो हुने थियो । सालिक राख्ने ठाउँ नपाएर भौँतारिनु पर्दैनथ्यो । सालिकको सुरक्षा र सम्मान पनि हुनेथ्यो । अचानक मनमा एउटा सुन्दर योजनाको बिजारोपण हुन्छ ।

वेस्टमिन्स्टर आबेभित्र सबै घुमिसके पछि यसलाई मैले गुप्त लाइब्रेरीका रूपमा पाएँ । यहाँ बेलायतको हजार वर्षको इतिहास पढेँ । भेट्टाएँ थुप्रै तथ्यहरू । टिपेँ महत्वपूर्ण जानकारीहरू डायरीमा । हेर्न र बुझ्न धेरै कुराहरू छुटे । यहाँका सम्पूर्ण सूचना, जानकारी र इतिहास पढ्न आधा दिनले नपुग्ने रहेछ । पूरै दिन बिताउने गरी कुनै दिन फेरि जान सक्छु । अर्को पटक पोएट्स कर्नर गएको बेला नेपाली कविता वाचन गरेर भिडियो बनाउने छु । मनमनै यस्तै योजना बनाउँदै पोएट्स कर्नरका कवि-लेखकहरूसँग बिदा माग्छु । बाहिर निस्कँदा उही तातो घामले मलाई स्वागत गर्छ फेरि । ■


**Udeco Telecom Services Private Limited**
Satdobato, Lalitpur
Phone No: +977 1 5541279, +977 1 5541289
Website: www.udecotelecom.com
E-mail: info@udecotelecom.com

**Remember us for:**
- Site Survey, Site Acquisition
- TSSR Report Preparation, Design and Documents
- Tower Foundation/ Equipment Foundation, Construction and Installation
- Sunshade Supply and Installation
- Earth net Installation and Testing
- Commercial Power Installation
- Fence Installation
- Gate Supply and Installation
- BTS Installation and Commissioning
- MW Installation and Commissioning

नेपालको पहिलो बैंक

**नेपाल बैंक लिमिटेड**

**NEPAL BANK LIMITED**




Kathmandu-22, Dharmapath, New Road
+977-01-5971222, 015347999
info@nepalbank.com.np

गुनासोहरू:gunaso@nepalbank.com.np
Tollfree No. :16600137373

---

**ALIGN NEPAL PVT. LTD** provides superior services in telecommunication installation and maintenance of all electronics and electrical equipment.

**Our Services:**
- Microwave Transmission Links Setup
- VSAT Installation and Commissioning
- Total Installation
- BTS Installation Work
- Route Shifting Work
- Civil Works

**Company office:** Butwal

**Tel:** 071-548032, 071-548794
**Mob:** 9802639981, 9802639982, 9847262108, 9847137099

**Email:** contact@alignnepal.com

# फलदायी काव्य यात्रा संस्मरण

लक्ष्मी माली

२०८० चैत्र ८ गते विहान पानी परिरहेको थियो । विहान ५:१५ मा रविभवन अर्थात् मेरो स्टेसनमा गाडी आइपुग्यो । गाडीले कलंकी, गुर्जुधाराबाट केही श्रष्टाहरु तथा सेवा सहयोग टोली र केही सरसामान उठाएर गाडी गल्छीतर्फ गुड्यो । ८:४० तिर गल्छी पुऱ्यायो । त्यहाँ नास्ता खाई हामी पश्चिमतर्फ लाग्यौं । काठमाडौंमा अघिल्लो दिनदेखि पानी परिरहेको थियो । तर नौबिसेदेखि पानी परेको थिएन । चर्को घाम पनि थिएन । वातावरण रमाइलो थियो । त्रिशुलीको तिरैतिर गाडी गुड्यो । जब जब म काठमाडौं छोडेर जिल्लातर्फ जान्छु आफ्नो देशको प्राकृतिक सुन्दरता देखेर छाती गर्भले धक्क फुल्छ । अबिरल बग्ने नदीहरु, हरियो डाँडा, खेतका गरा, कान्ला मिलाएर गरेको खेतीपातीको दृश्य देखेपछि असाध्य रमाइलो लाग्थ्यो तर अचेल रमाइलो संगसंगै दुःख पनि लाग्छ । पहाड गाउँघरमा युवाहरु पाइँदैन, रोजगारीको लागि शहर पस्ने अथवा विदेश नै पलायन भैरहेका छन् ।

लक्ष्मी दिदी ! यस पटक त तपाईं हाम्रो सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रको दोस्रो साहित्यिक उत्प्रेरणा उत्सव तथा काव्य यात्रामा यही चैत्र ८ गतेदेखि ११ गतेसम्म हुने यात्रामा जानु पर्छ है । तपाईको मेसेन्जरमा निम्तो छ । डा. सावित्री श्रेष्ठज्यूले फोनबाट आत्यिम आग्रह सहित निम्तो दिनुभयो । मैले सहजै निम्तो स्वीकार गरी हुन्छ भनें । चैत्र ८ गते त विश्व कविता दिवस पनि पर्छ है पनि भनें । उहाँले हामी चैत्र ८ गते पहिलो दिन “कविता दिवस” पारेर काव्य उत्सव नै मनाउने हो भन्नुभयो । म प्रफुल्ल भएँ । उहाँले मेसेन्जरमा यात्राको कार्यतालिका नै पठाइदिनु भयो । उहाँको काम गर्ने शैली, योजना तथा व्यवस्थापन देखेर झन् धेरै खुसी लाग्यो । अक्षलोक साहित्यिक पत्रिका मेरो पुरानो जानपहिचानको पत्रिका हो । २०४०/४१ सालदेखि अक्षलोक साहित्यिक पत्रिका पढ्ने मौका पाएको थिएँ । मेरो श्रीमान स्नेह सायमीजीले लिएर आउनुहुन्थ्यो । वामपन्थी विचारधारा बोकेको पत्रिका थियो । शायद त्यसबेलाका युवाहरुलाई वामपन्थी विचारमा ढाल्न अक्षलोक साहित्यिक पत्रिकाले धेरै मद्दत पुऱ्याएको हुनुपर्छ । त्यस पत्रिकाका संस्थापक अध्यक्ष स्व. सिद्धिश्वर मानको देहावसान पछि पनि उहाँकी श्रीमती डा. सावित्री श्रेष्ठज्यूले अविछिन्न पत्रिका निकालिरहनु भएको छ । उहाँलाई हार्दिक बधाई तथा शुभकामना साथै धन्यवाद पनि दिन्छु ।

यस्तै यस्तै रमाइलो र खिन्नताबीच बिहान ११ बजेतिर देवघाट पुगियो । सेवा सहयोग टोलीले खाना बनाउन लाग्यो र हामी देवघाट घुम्यौ र कविता वाचन गरी “कविता दिवस” मनायौं । कार्यक्रम पनि सकियो र खाना पनि पाक्यो । खाना खाइवरी फोटो सेसनपछि सुन्दर नगरी तानसेन (पाल्पा) को लागि प्रस्थान गरियो । बाटो लामो त्यसमाथि बिग्रेको, भत्काएको र एकतर्फी बनाएको

बाटोले गर्दा तानसेन पुग्दा झण्डै रातको १० बजेको थियो । रातको १० बजे पुगेर सेवा सहयोग टोलीले खाना बनाएर खाना खाँदा ११:१५ बज्यो । थकाई र भोकले त्यो दिन अलि गाह्रो नै बनायो ।

भोलिपल्ट चैत्र ९ गते विहान ५ बजे भन्दाभन्दै ६:०० बजे पाल्पाको प्रसिद्ध दरवार प्रेमको प्रतिक "रानीमहल" का लागि प्रस्थान गऱ्यौं । भारतको ताजमहल जस्तै आफ्नी रानी तेजकुमारीको स्मृतिमा खड्ग शमशेर राणाले ब्रिटिश शैलीमा बनाएको महल साँच्चै सुन्दर छ । कालीगण्डकीको तिरमा अवस्थित रानीमहल हेर्ने रहर धेरै पहिलेदेखि थियो । त्यस रानीमहलमा पुगे पछि तल कालीगण्डकीको सुमधुर कलकल आवाज सुन्दै निलो पानी देख्दा निक्कै रोमाञ्चक लाग्यो । जता हेरे पनि कालो गोलो गोलो ढुङ्गा (शालिग्राम) पाइन्थ्यो । विहान भएर पनि होला चराहरु पनि निक्कै चिरबिर चिरबिर गर्दै थियो । वरपर हरियो डाँडा सुनसान वातावरण त्यस प्राकृतिक मनमोहक सौन्दर्यको रसपान गर्न पाउँदा मन आनन्दित भएको थियो । जति नै आनन्द भए पनि बसिरहन मिल्ने अवस्था थिएन । विहानको ९:०० बजे नै तानसेन नगरपालिकाको सभाहलमा कार्यक्रम हुँदै थियो ।

बिहान ९:३० बजे तानसेन नगरपालिकाको सभाहलमा नगरप्रमुखको प्रमुख आतिथ्यमा कार्यक्रम शुरु भयो । कार्यक्रममा अक्षलोक पत्रिका अङ्क ६६ र प्रा. महेश्वरमान श्रेष्ठका "स्मृतिका पानाहरु" पुस्तक लोकार्पण तथा श्रष्टाहरुबाट कविता वाचन र पाल्पाकै छोरी अर्चना शाक्यबाट पाल्पा तानसेनको ऐतिहासिक तथा साँस्कृतिक महत्वबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रम सौहाद्रपूर्वक सम्पन्न भयो । फोटो सेसनपछि हामी छुट्टियौं । त्यसपछि तानसेन बजार अवलोकन गरी लुम्बिनीका लागि प्रस्थान गऱ्यौं ।

चैत्र ९ गते तानसेनबाट लुम्बिनीको यात्राका बाटोमा सुरुङ्ग मार्गको गेट तथा बाबाधामको अवलोकनपछि केवलबारबाट माँ कामाख्यादेवी डाँडा पुग्यौं। माथि केवलकारबाट ओर्लिसकेपछि फेरि १७६ सिंढी चढेर बल्ल माँ कामाख्यादेवी पुग्यौं । देवीको दर्शन गरी त्यहाँ पनि फोटो सेसनपछि ओर्ली लुम्बिनीका लागि प्रस्थान गऱ्यौं । लुम्बिनी साँझपख पुगियो । त्यो साँझदेखि रातीसम्म लुम्बिनीका विभिन्न स्तुपाहरु, मायादेवी मन्दिर, पोखरी वरिपरि र दिपको रात्रिकालीन झिलिमिलिमा रमायौं । त्यसपछि होटलमा विश्राम गऱ्यौं ।

चैत्र १० गते लुम्बिनी - विहान ९:०० बजेदेखि लुम्बिनी बौद्ध विश्वविद्यालयको सभाहलमा भव्य कार्यक्रम शुरु भयो । प्रा. डा. महेश्वरमान श्रेष्ठका पुस्तक कविता, गीत संग्रह र स्मृति ग्रन्थ लोकार्पणपछि स्व. सिद्धिश्वरमान श्रेष्ठको स्मरण गर्दै विभिन्न वक्ताहरुबाट वक्तव्य दिनुभयो । कविता वाचन तथा गीत, नृत्य पनि भए । बौद्ध विश्वविद्यालयका डीन डा.

मानिकरत्न शाक्यको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा सिद्धिश्वरमान अक्षलोक साहित्यिक पत्रिका तथा श्रष्टाहरुको पुस्तकहरु पनि विश्वविद्यालयको पुस्तकालयका लागि हस्तान्तरण पनि भयो । सौहाद्रताका साथ कार्यक्रम सम्पन्न भयो । कार्यक्रम पश्चात बौद्ध विश्वविद्यालयकै आतिथ्यमा दिनको खाना खाइवरी लुम्बिनीबाट त्रिवेणीधामका लागि प्रस्थान गर्‍यौं । त्रिवेणीधान पुगी एकछिन नारायणी नदीमा रमायौं र डुङ्गा चढेर पारी पनि पुग्यौं । त्रिवेणीधामको बजारमा खाजा खाई गण्डक नहर र सुस्ताका लागि प्रस्थान गर्‍यौं । जब सुस्ताको बाँध र त्यहाँको बासिन्दाहरुको अवस्था देख्यौं तब पहिलेका सबै रमाइलो नै बिर्सिने गरी दुःख लाग्यो । सुस्ता क्षेत्रका जनताको पीडा अथवा गण्डक नहरको पीडा देखेर असाध्य अपसोच लाग्यो । नेपाल र भारत सरकारबीच नारायणी नदीमाथि ब्यारेज निर्माणका लागि गरिएको “गण्डक सम्झौता” एकपक्षीय जस्तै देखिन्छ । दुई देशबीचको सिमानामा अवस्थित ब्यारेजको पानी भारतले आफ्नो भूमि र जनतालाई सुविधा हुने गरी साथै सुरक्षा दिन नेपाली भूमि र जनतामाथि अन्याय गरी राखेको छर्लङ्गै देखिन्छ । नेपालतर्फको नवलपरासी जिल्लाको सुस्ता क्षेत्रका जनताहरुलाई आफ्नै नहरको पानीमा पक्षपातपूर्ण अन्याय भएको देखिन्छ । दुई देशबीचको सम्झौता भन्नै मिल्दैन । सम्झौता भने पछि दुबै मित्र राष्ट्रलाई न्याय हुनुपर्छ ।



बि.सं. २०१६ साल मंसीर १९ गते का दिन दुई देशबीच काठमाडौंमा हस्ताक्षर गरिएको र त्यसको पाँच वर्षपछि तत्कालीन राजा महेन्द्र शाह र भारतीय प्रधानमन्त्री जवाहलाल नेहरुले संयुक्त रुपमा उद्घाटन गरिएको भनिएको गण्डक नहर वर्तमानमा जुन अवस्थामा छ । त्यसबाट नेपाली पक्ष जोकोही पनि सन्तुष्ट नहुनु स्वाभाविक


छ । नारायणी नदीमाथि बनाइएको गण्डक ब्यारेज देख्ने र स्थलगत भ्रमण गर्ने विज्ञहरु होस् वा जो कसैले पनि यसलाई असमान भन्ने गरेका छन् । जसलाई दशकौं दशकदेखि भारतीय पक्षले चुपचाप सुनेर आफूले फाइदा लिएर अन्याय गरेर बसिरहेका छन् ।

देशमा पहिलो पटक बहुदलीय संसदीय व्यवस्था अन्तर्गत आमा निर्वाचनबाट दुईतिहाई बहुमत प्राप्त नेपाली काँग्रेसका नेता बी.पी. कोइरालाको नेतृत्वमा सरकार गठन भएको अवस्थामा भएको सम्झौता हो । पञ्चायती व्यवस्थाको शुरुवातसंगै निर्माण सम्पन्न गरिएको गण्डक बाँध र नहरमा पुगेर देखेका जोसुकै आम मानिसहरुले भन्ने गरेका छन् त्यो सम्झौता सरासर नेपाली जनतामाथि धोका हो। नेपालको सरकारतर्फबाट पनि बेवास्ता गरिएका सुस्ताको अवस्था हेर्दा साह्रै दु:खद छ । वास्तवमा ब्यारेज निर्माणमा मात्र अन्याय भएको होइन बाँध मर्मत सम्भारमा समेत नेपालतर्फको भागमा लापरवाही गरेको देखिन्छ । जसका कारण त्यस क्षेत्रका स्थानीय बासिन्दाहरुले अहिले पनि पीडा भोगिरहेका छन् । बर्सेनी वर्षाको मौसममा बाढीले डुबानमा पार्ने गरेका छन् । सिंचाइका लागि पानी चाहिने बेलामा पानी हुँदैन । तर नेपालको भूमिमा बाँध बनाएर लगिएको पानीले भारतको भूमि हराभरा समृद्ध बनाउन मद्दत गरेको छ । नेपालीहरुले भने आफ्नो गाउँबाट बगेर गएको पानी हेरेर मन दुखाएर रोएर बस्नु परेको छ ।

नेपाल भारत खुल्ला सीमाको चर्चा गर्दा यी दुई देशबीच संसारको कहीं कतै नभएको मित्रवत व्यवहारको कुरा हुन्छ । रोटीबेटीको साइनो लगाउँछ । नेपाल भारत सीमा क्षेत्रको अन्य सबै जिल्लाहरु सरह नवलपरासी जिल्लामा पनि सीमावर्ती समस्या थुप्रै भएर पनि कहिल्यै नटुङ्गिने र सधैं खट्किरहने सुस्ता क्षेत्र र गण्डक नहरको पीडाले त्यस भूमि भएर हिंड्ने जोकसैलाई पनि अभिशप्त इतिहासका पाना पल्टाउनु पर्ने गरी झकझकाउने गर्छ र मानवता भएको हृदयलाई दुखाउँछ पनि ।

त्रिवेणीधाम, सुस्ता क्षेत्र र गण्डक नहरको भ्रमणपछि बर्दघाटमा आएर विश्राम गर्‍यौं । रातीको खानापछि जनवादी कलाकार सिन्धु जलसासंग भेटघाट भयो साथै उहाँबाट जनवादी गीत पनि सुन्यौं । हामीहरुले पनि गीत, कविता, गजल सुनायौं तर राती धेरै बेर सुस्ता गण्डक ब्यारेजको पीडा सम्झेर निदाउनै सकिएन । रातको १२ बजेपछि शायद निदायौं ।

११ गते विहान बर्घाघाटबाट काठमाडौंका लागि प्रस्थान भयौं । इच्छा कामनामा साहित्यिक कार्यक्रममा घनश्याम राजकर्णिकारज्यूको दुईवटा पुस्तक लोकार्पण र चर्चा पनि गरियो । त्यसपछि खाना खायौं र काठमाडौंका लागि प्रस्थान गर्‍यौं । दिउँसोको ४:०० बजे कलंकी चोक आइपुग्यो । यसरी चार दिनको सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रद्वारा गरिएको काव्य यात्रा सौहाद्रताका साथ सम्पन्न भयो । ■


LANCESOFT
Lancesoft Nepal Pvt. Ltd. offers services and product solutions to its valuebale clients
Planning and Design
• Mobile Networks
• Telecom Public Safety
• Fiber Design
Network Deployment
• Installation – RF, Microwave, Antenna
• Commissioning
• Integration
• Civil Work
• Fiber Deployment & Testing
Network Operation and Optimization
• RF Optimization
• RF Survey
• Field Maintenance
• NOC Operation
• E911 Testing
• Public Safety Testing
• Tool Based Automated Benchmarking
Remote Imaging Solution
• Tower Inspection, Maintenance and 3D Modeling
• Site Build Visualization
• Planning, Optimization
Training and e-Learning
•Instructor led Trainings on Telecom and IT Infrastructure
• Customized eLearning Content Development
•LMS Development and L&D Operations
IBS and Small Cell Solution
• IBS / DAS, Indoor and Outdoor Small Cell Site Survey
• IBS and Small Cell Planning
• Implementation
• Optimization and Acceptance
IT and Telecom Infrastructure
• Enterprise Network, Data Centre and Service Provider Solutions
• Consulting, IT and Telecom infrastructure Solutions
IOT Solutions
• Smart Asset Maintenance
• Smart Asset Tracking
• Smart Factory
Lancesoft Nepal Pvt. Ltd.
Contact: +977-9851349574
www.lancesoft.com

# आजको अनुभव: दिर्घकालीन सम्झना

✒मोतिलक्ष्मी शाक्य, वनस्थली, चःमति
२०८०/२/६, शनिवार

दिनगन्तीको हिसाबले एक महान पवित्र दिन थियो त्यो दिन । त्यस दिन महान हुनुमा न योगद्वारा निर्धारित थियो न त पात्रोको आधारमा नै दिनांकित साइत गरिएको थियो । साइत जुरेको त्यो विशेष दिन थियो - एक महान संस्मरणीय व्यक्तित्वको जीवनमा गरिएको योगदानको अद्वितिय कार्यहरुदेखि जीवनको अन्तरालपछि स्वयं आफै जोडिएको संस्थाको स्थापना भई, संस्थापनको सम्मानमा दोस्रो वर्षको वार्षिक सम्मान कार्यक्रम गरिएको थियो । संस्थाको नाम थियो - "सिद्धिश्वरमान अक्षालोक साहित्यिक केन्द्र" ।

साहित्य सम्बन्धी नेपाली भाषाका यस पत्रिकाको नामसम्म सुनेकी थिएँ मैले । त्यस दिनभन्दा पहिले यस संस्थाको विषयमा म पूर्ण रुपले अन्जान थिएँ । तर जुन दिन प्राध्यापक डा. सावित्री श्रेष्ठ मेरो घरमा आउनु भई मलाई यस कार्यक्रमको लागि निमन्त्रणा दिनुको साथै दुईवटा पुस्तक पनि हातमा थम्याएर जानु भयो तब बल्ल यस संस्थाको ईतिहास र वर्तमानको बारेमा थाहा भयो । वँहाले एउटा आफैद्वारा लिखित कथा संग्रह र अर्को सिद्धिश्वरमान श्रेष्ठ विषेशांक अक्षालोक पत्रिका दिनु भयो । पुस्तक देखेर म जिल्ल परें । संस्थाको पहिलो परिचय प्राप्त हुनुको पहिलो दिनमा नै मैले सिद्धिश्वर मान श्रेष्ठज्यूको स्मृति विशेषाङ्क (पूर्णाङ्क ६४) पढ्नु परेकोमा साह्रै साह्रै नै नरमाइलो लाग्यो । सावित्रीजीले उक्त पत्रिकामा लेख्नु भएको लेख पूरा पढ्न पनि गाह्रो भयो मलाई । अवाक भएँ म । दुःखदायी यस घटनाको लागि ढिलै भए पनि डा. सावित्री श्रेष्ठज्यू, वहाँका स्वजनहरु तथा सम्पूर्ण परिवारप्रति गहिरो दुःख व्यक्त गर्दै आगामी दिनहरुमा धैर्यताको साथ अगाडि बढी काम गर्न सकुन् भनी ईश्वरसंग प्रार्थना गर्दै यस संस्था तथा पत्रिकाको पनि उत्तरोत्तर प्रगति तथा निरन्तरताको समेत कामना गर्दछु ।

सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रद्वारा आयोजना गर्नु भएको दोस्रो बृहत सम्मान कार्यक्रम - जसमा पुस्तक विमोचन कार्यक्रमदेखि लिएर आमा खम्बा सम्मान,



तिकिभ्याः सम्मान पुरस्कार अर्पण कार्यक्रम सहित अन्य अत्यन्त सम्मानित व्यक्तित्वहरुको गरिमामय योगदानको समेत कदर गरी "कदर कार्यक्रम" संचालन भएको थियो । ज्यादै खुशी लागेको छ ।

स्थापनकालको दोश्रो वर्षमा नै यस साहित्यिक केन्द्रले गरेको कार्यक्रमको पहिलो प्राथमिकता नै "मां थाः" यानि "आमा खम्बा" नामाकरण गरी नेपालभाषाका राणाकालीन जमानादेखिका बयोबृद्ध साहित्यकारहरुको विशेष रुपले सम्मान गरी वहाँहरुको योगदानप्रति मान थपिदिनु भएको थियो । वहाँहरु हुनुहुन्छ - महिला अधिकारका पक्षधर कवियत्री नारायणदेवी श्रेष्ठ 'पामिला' दिदी । "म्ह्याय् बुल धायेवं ख्वैमखु मांपिं...." यही वहाँको मूल सन्देश थियो नारीहरुप्रति । "नारीयात" कविताबाट साभार । अर्को सम्मानित "मां थाः" हुनेमा- "मस्याङपा" नामको पुस्तक बोकी पाल्पादेखि काठमाडौं झर्नु भएकी साहित्यको भण्डार, कथाकार प्रकाश प्रधानाङ्ग दिदी हुनुहुन्थ्यो । "गुँच्व मू पुली" देखि अन्य थुप्रै क्रान्तिकारी कथावस्तुका लेखिका सुवर्णकेशरी चित्रकार दिदी । "खायू ककःचा" नामका पुस्तकदेखि अन्य अनेक कथा, कविता आदिका साधक साहित्यकार सत्यभामा माथेमा हुनुहुन्छ ।

यस विशेष निमन्त्रणामा आउनु भएका ती महान बयोबृद्धाहरुको भव्य रुपमा

सम्मान भएको थियो । वहाँहरुले आफूले भोगिरहेका रोग, ब्याधि, कष्ट आदिलाई त्यस क्षणभरका लागि भए पनि बिर्सेर, आशिर्वादका शुभेच्छा बोकेर कार्यक्रममा आउनु भएका साहित्यकारहरुको दर्शन पायौं हामी सबैले । ज्यादै खुशी र सन्तोष आनन्दित देखिएका थिए वहाँहरु । गुन्जायमान तालिद्वारा हर्षोल्लासका साथ स्वागत गरिएका थिए वहाँहरुलाई । वहाँहरुको दर्शनले आश्चर्यचकित हर्षोल्लास सहित उत्साह र उमंगले खुशियाली समेत छाएको थियो । त्यसमा पनि कार्यक्रमका मूली कार्यकर्ता डा. सावित्री श्रेष्ठज्यूबाट मूल ढोकादेखि वहाँहरुलाई गरिएको सत्कारले सुनमाथि सुगन्ध भई मूल कार्यक्रम नै यहींबाट शुरु भएको भान भएको थियो ।

नारायणदेवी दिदी एकजना बृद्धावस्थाको अस्वस्थताको कारणले गर्दा कार्यक्रममा पाल्न सक्नु भएको थिएन । सम्मान प्राप्तिको लागि भने वहाँलाई हामी सबैको तर्फबाट बधाई सन्देश दिनुका साथै वहाँको स्वस्थता र सुखमय जीवनको कामना गर्दछौं । साथै वहाँ जस्ता बृद्ध आमाको सेवक छोरा, बुहारी तथा परिवारजनको समेत मान राख्न चाहन्छु ।

"मूल खम्बा" को रुपमा सम्मानित हुनुभएको थियो "एम. लक्ष्मी" को नामले परिचित साहित्यकार मोतिलक्ष्मी उपासिका नीनी (फुपु) । नेपालभाषा साहित्यका अमूल्य रत्न । त्यसबेला वहाँले साहित्यको लागि गर्नुभएका बलिदान प्रति कोहि पनि शिर नझुकाइरहन सक्दैन । वहाँलाई नमन !

यी सबै सम्मानित व्यत्तित्वहरुको योगदानलाई सम्झदा नेपालमा साहित्यिक विकासको विषय उठाउन मन लाग्यों । मल्लकालमा थोरबहुत नारीद्वारा लिखित स्त्रोत्र, गीत, द्वाहा आदिको केही विकास भएको देखिन्छ । तर दरवारभित्र मात्र सीमित हुन्थ्यो । राणाकालको त कुरा नै नगरौं । पानीको फोहोराको विरुद्ध जानु कठिन काम थियो । प्रजातन्त्र आइसकेपछि पनि सीमित रुपमा मात्र थिए महिला लेखक । महिलाहरुले साहित्य लेख्न चाहे तापनि घरपरिवारको जिम्मेवारी, चाहे पुरुष चाहे स्त्री, संकीर्ण संस्कार, संकीर्ण विचार भएकोले चाहेर पनि साहित्य जस्तो पवित्र कार्यलाई आराधना गर्न सकेका थिएनन् । म आफै पनि पिल्सिएकी थिएँ धेरै वर्षसम्म यस कार्यबाट । साहित्य साधनाको कार्यमा आगो हुन खोजे तापनि चिम्टाले च्यापिएको स्थितिमा मात्र हुन्थें । खुट्टा तान्ने प्रबृत्तिले गर्दा नारीहरु कलम, कापीदेखि टाढिएर

बस्नु पर्ने । यस्तै यस्तै अवस्थाबाट आँसुलाई पिई पिई यहाँसम्म आइपुग्नु भएकाहरु मध्येमा सिद्धिश्वरमान अक्षालोक साहित्यिक केन्द्रको वार्षिक कार्यक्रममा सम्मानित हुनुहुने विशेष व्यक्तित्वहरु श्री नारायणदेवी श्रेष्ठ, श्री प्रकाश प्रधानाङ्ग, श्री सुवर्णकेशरी चित्रकार, श्री सत्यभामा माथेमापति म बारम्बार नमस्कार गर्न चाहन्छु । नमस्कार !

कार्यक्रमा "तिकिभ्याः" तथा "आँखी झ्याल" नामांकित साहित्यिक सम्माननीय पदबाट सम्मानित हुनुभएका साहित्यिक झ्यालका मूल प्रणेताहरुमा कवियत्री प्रतिसरा सायमी हुनुहुन्थ्यो । कथाकार तथा नेपालभाषाका प्रथम महिला उपन्यासकार शशिकला मानन्धर पनि सम्मानित हुनुभएको थियो । कथाकारदेखि बहुआयामिक साहित्यिक श्रष्टा सुलोचना मानन्धर । गजलकारदेखि कवि, लेखक, कथाकार एवं साहित्य क्षेत्रका विभूषण व्यक्ति भूषणप्रसाद श्रेष्ठ हुनुहुन्छ । सबैप्रति मेरो भित्री मनदेखि बधाईका साथ आगामी दिनहरुमा पनि साहित्य सेवालाई निरन्तरता दिई "तिकिभ्याः" सम्मानलाई सम्मानित स्वरुपले कायम गरी साहित्य क्षेत्रमा अझ अगाडि बढ्न हुनेछ भनी विश्वास गर्दछु।

भाषा र भाषिक साहित्यको उत्थानको लागि उसबेलादेखि आजीवन आजसम्म पनि लागिरहनु भएका श्रष्टाहरुमा पुष्पराज राजकर्णिकार, सुन्दरकृष्ण जोशी, घनश्याम श्रेष्ठ, शान्तदास मानन्धर समेत प्रतिभाशाली व्यक्तित्व सम्माननीय भद्रकुमारी घले आदि व्यक्तित्वहरुको पनि विशेष सम्मान गरिनुका साथै अन्य अनेक गरिमामय क्षेत्रमा लागिरहनु भएका अत्यन्त सम्माननीय व्यक्तित्वहरुद्वारा गरिआएको योगदानको समेत कदर गरिएको थियो । यसले गर्दा कार्यक्रमको महिमा अझ बढी जिज्ञासापूर्ण र रमाइलो भइदिएको थियो।

कार्यक्रममा डा. सावित्री श्रेष्ठ "शिसा" ज्यू र छोरी स्वर्णिमा श्रेष्ठद्वारा संयुक्त रुपमा लिखित "असाधारण" नामक कविता संग्रह (पुस्तकको) लोकार्पण कार्य हुनुका साथै समिक्षकज्यूहरु हेमनाथ पौडेलज्यू र जिवेन्द्र देव गिरीद्वारा उक्त पुस्तकको समिक्षा समेत गरिएको थियो। यसले गर्दा कार्यक्रमको महिमा अझ बढी जिज्ञासापूर्ण हुन गएको थियो ।

प्रोत्साहनका यस्ता कार्यक्रमहरु बेला बेलामा भई श्रष्टा, साहित्यकार, कलकार आदि अनेक श्रद्धावाण व्यक्तित्वहरुको सेवा भावनामा बृद्धि हुनाका साथै समाजको विकास उँभो लाग्दै जानेछ भन्ने आशाका साथ विश्वास पनि गर्दछु। यदि साहित्यको सेवा गर्ने हो तथा

साहित्यको आराधना गर्ने हो भने धैर्य, साहस र मेहनतलाई साथीको रुपमा अंगाल्नु पर्दोरहेछ। सफलता भन्ने कुरा मेहनती र लगनशीलताको पछि पछि आफै पछ्याएर आउँदो रहेछ। यही सिद्धान्तलाई कायम गरी कलम चलाएर तयार पारेको मेरो सातौं प्रकाशित पुस्तक "झीगु नेवा: संस्कार व संस्कृतिया धुकू-पिकू" र छैठौं पुस्तक "नेपालभाषाया भाषा सन्हू" नामक दुई पुस्तकहरु यहाँहरु सबैले पढ्न पाउनु हुनेछ भनी आशा लिई मेरा २५ थान पुस्तक सम्बन्धित संस्थामा प्रदान गर्न पाउँदा धेरै धेरै सन्तोष लागेको छ।

कार्यक्रमको विशेष शुभ साइत तथा कार्यक्रमको उद्घाटन कार्य सम्मानित अध्यक्ष, उपाध्यक्ष, का.म.न.पा. का उपमेयर साथै संस्थाका सचिव, उपसचिव समेतको हातबाट जलकुण्डल (करुवा) द्वारा गमलामा जल चढाई गरिएको थियो । आफू आफूले जल चढाएका शुभ साइतका ती विशेष विरुवाका गमलाहरु सम्बन्धित व्यक्तित्वहरुमा क्रमैले हस्तान्तरण गरिएको थियो। मैले आफ्नो हातमा थापिएका साइतका ती गमलालाई अक्षलोक संस्थाको चिनो मानी, बिरुवा राम्ररी मौलाउनु भन्ने आशाका साथ संस्थाको पनि उत्तरोत्तर प्रगतिको कामना गर्दै बिरुवाको सुरक्षार्थ यथासम्भव पानी हालिरहनेछु । जय मां भूमि ! जय साहित्य ! ■

सि.एम. टेलिसर्भिसेज प्रा. लि.
C.M. TELESERVICES PVT. LTD.
Kupandol, Lalitpur
Email: info@cmteleservices.com.np
Web: www.cmteleservices.com.np

# एउटै यात्राः फरक अनुभूति

सरस्वती गौतम (साहित्यकार/संचारकर्मी)

थाहा थिएन मलाई नाता, सम्बन्ध र परिचय नै । साहित्य र संचारमा अविराम बढेका मेरा पाइलाहरू निःसन्देह अगाडि बढिरहेका थिए । चैत्रको ५ गते साहित्यकार श्रीमान संचारकर्मी पनि भएकाले टेलिभिजन कार्यक्रम सकेर घर आउँदा एक्कासी भन्नुभयो ८ गते बिहान हामी दुवै जना साहित्यिक भ्रमणमा जानुपर्छ। सावित्री दिदीसँग जाने हो सांस्कृतिक काव्य उत्प्रेरणा उत्सवमा। "हुन त म मात्र जाने सरुलाई सञ्चो छैन अर्को पटक जाने भनेको थिए दिदीलाई तर जाऔं दुवै जना त्यही ४ दिन त हो नि। एकै वाक्यमा सहयात्री राजन न्यौपानेबाट यस्ता कुरा सुनी रहँदा म अचम्मित मात्र होइन कौतुहलयुक्त पनि भएकी थिएँ। थाहा थिएन मलाई कस्तो यात्रा, कोसँग, कति दिनको, कुन उद्देश्य, कसरी, तर मैले खुशी साथ स्वीकार गरे त्यो यात्रालाई । सुनेको नाम डा. सावित्री श्रेष्ठ, चिनेको नाम प्रा.डा. गोविन्द कार्की र सहयात्री जीवनसाथी राजन न्यौपाने भएकाले यो काब्यिक यात्रामा जाने निर्णय गरिएको थियो। २०८० साल चैत्र ८ गते विहान काठमाडौंमा पानी परिरहेको थियो । हामी छाता ओढेरै घरबाट निस्क्यौ । गोविन्द दाइसँग घट्टेकुलो सामुदायीक भवन अगाडि भेट भएर धोवि खोला किनारा छिचोल्दै अनामनगरबाट बबरमहल पुग्यौं । केहीबेरको प्रतिक्षा पछि गाडि आइपुग्यो । नमस्कार आदान प्रदान गर्दै भित्र पस्दा अगाडिको खाली सिटमा आँखा पुग्यो मुखमा माक्स लगाएकी उजेली राम्रीसंग, बहिनी सम्बोधन गर्दै म यहाँ बसौ भन्दै बसिहालें । गाडी गुडिरहेकोले पछाडि जान सकिन पनि, गुडिरह्यौं हामी। थानकोट नकटुन्जेल मान्छे थपिने, सामान कोचिने क्रम चलिरह्यो । सबै नौला लाग्ने अनुहारहरू अवलोकन गर्दै थिएँ म । सँगै सिटमा बसेकी साथीसँग परिचय गरें मेनका विमेज रहेछ नाम । हाम्रो दोस्ती गाँसिएको त्यो यात्राको पहिलो र बिर्सनै नसकिने नाम ।

गाडि अमलेश्वर मन्दिर गल्छी धादिङमा गएर रोकियो । चिया, खाजा, मन्दिर दर्शन, भौगोलिक अवलोकन, दृश्य छायाङ्कन हुँदै गएपछि एक अर्कामा अलि धेरै खुल्ने अवसर मिल्यो। आदरणीय माधव दाइलाई देख्दा झन खुशी लाग्यो। देवघाटको दर्शन, संवाद, काव्य प्रवाह र सामुहिक दिवा भोजन, ढुङ्गाको आसनमा बसेर तातोतातो खाना साथीहरु विचमा आहा कति मीठो

बनभोज जस्तै लागेको थियो । साथीहरुसंग बढ्दै गएको प्रेम र सद्भाव चितवनबाट अगाडि बढेर बेलुका पाल्पामा पुग्दा ढकमक्क फूलिसकेको थियो। घर छोडे पछि यात्रामा हिडे पछि नयाँ समुदायमा प्रवेश गरेपछि केही फरक अनुभूति हुन्छ नै तर पनि रुम पाट्नर चै को पर्छ भन्ने चिन्ता हट्यो मेनुका र मसंगै बस्ने इच्छा पूरा भयो । पाल्पाको बसाई रोमान्चक भयो। चैत्र ९ गते बिहान सिमसिमे पानीमा पाल्पाको रानीमहल भ्रमणमा निस्कियौ हामी । सिर्जना समृद्धि युटुब च्यानलको लागि दृश्य छायांकन गर्न पाउँदा मन आनन्दित थियो । आफुलाई त धेरै रमाइलो गर्नु पर्ने मान्छे अरुको फोटो खिच्दा खिच्दा आफ्नो त पालै नाआउने भो। साथिलाई मोबाइल दिदै आफ्ना प्यारासंग पाल्पाको रानीमल आउने गरी फोटो खिचिदिन भन्दै जिस्किए । राजाले आफ्नी रानीलाई रानीमहल उपाहार दिए भने मेरा राजाले चाहिँ रानीमहल घुमाउन ल्याए भन्दै सबैलाई हँसाउदै एउटा भिडियो पनि बनाइहाले । पहिलो कार्यक्रम पाल्पाका मेयरसँग साहित्यिक गोष्ठी, पुस्तक लोकापर्ण, अन्तरक्रिया र पुस्तक चर्चा, समिक्षा सकेर सांस्कृतिक अवलोकन, धार्मीक पर्यटन लगायत पाल्पाको पौराणिक र ऐतिहासीक अवलोकन गर्ने अबसर मिल्यो । विहानको खानापछिको घुमफिर शिक्षाप्रद र रोमान्चक भयो । निकै गर्मी बढीसकेकोले हलुका ड्रेस चेन्ज गर्न एउटा पसलमा पसेर आग्रह गर्दै चेन्ज गर्यौ हामीले, साथीहरु हामीलाई छोडेर निकै अगाडि बढीसक्नु भएछ । हामी पनि के कम मेनुका र म हात समाएर कुद्यौं त्यो पाल्पाको उकालो ओरालो बजार गाडी छुट्ने डरले । साथीहरूको किनमेल सकिएकै रहेनछ । केहिबेरको पर्खाइपछि हुइकियौ हामी । आपसी प्रेमको टुसा अलि अग्लिदै गयो साथीहरु बीच । सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रको आयोजनामा भइरहेको यो सांस्कृतिक काव्य उत्प्रेरणा उत्सव पाल्पाका मेयर सन्तोषलाल श्रेष्ठले आजीवन सदस्य ग्रहण गरेर अन्य सदस्यतालाई आजीवन सदस्यता प्रदान गर्नुभएको दृष्य अविस्करणीय छ । नजिकै रहनु भएको संस्थाका संरक्षक डा. सावित्री श्रेष्ठलाई मनका तरंगमा विस्तार गर्दै आदरणीय अमर व्यक्तित्व सिद्धिश्वर सरलाई स-सम्मान नमन गर्दै एउटा क्यामेराबाट साकोस संचार गृहबाट कार्यक्रम लाइभ प्रसारण गरेँ भने अर्को क्यामेराबाट सिर्जना समृद्धि च्यानलको लागि छायांकन गरिरहँदा अतिथिहरुको अगाडिबाट हिँड्दा

अलि अप्ठ्यारो महसुस त भएकै हो तर पनि संचारकर्मी म कसैको पनि नछुटाइ छायांकन गर्नु मेरो धर्म हो । यो धर्म मैले राम्रैसंग निभएको थिएँ ।

पाल्पाबाट बुटवलतर्फ अगाडि बढ्दा बाटोमा देखिएका दृश्य, भेटिएका तीर्थस्थल, सिद्धबाबा मन्दिर, पर्यटकिय स्थल आदि अवलोकन गर्दै कामख्या देवीको दर्शन गर्ने क्रममा बुटवल केवुलकार पनि चढियो । केवलकार भित्र पद्मावती दिदीलाई भजन गाउन साथ दिंदा ओर्लने स्टेशन आइपुगेको पत्तै भएन । केवल कार भित्रको फोटो पनि खिच्यौं । स्टेसनबाट कामाख्य देवीको मन्दिर पुग्न १७३ वटा सिढी देखेपछि त झन्डै होस उडेको । आमाको काखमा पुगे पछिको स्वर्गीय आनन्दको कसरी बयान गरौ । त्याँहाबाट देखिएको त्यो दृश्यले मन लोभ्याइरह्‌यो। एकछिन माधव दाइ र साथिहरु मिलेर नाच्दाको आनन्दले थकाइ लागेको त पत्तै भएन । साँझको बेलामा लुम्बिनी पुगे पछि फरक अनुभूति, हतारको तिर्थाटनमै सिर्जना समृद्धि च्यानलको लागि छायांकन गर्दै भरपुर मनोरञ्जन लियौ हामीले । लुम्बिनीमा पुगेर साबित्री दिदी, मेनुका र म रुम पाटनर हुन पाउँदा दिदीको कार्यशैली, स्पन्दनको कार्यक्रमप्रतिको लगाब देखेर धेरै कुरा सिक्ने मौका पाएँ मैले । मन सारै आनन्दित थियो ।

चैत्र १० गते विहान लुम्बिनी ध्यान गुम्बामा घुम्न जादा मेनुका बिमेजले बच्चाले जस्तो फुत्रुङ फुत्रुङ उफ्रीदै भरपुर मजा लिएको देखेर उहाँको नयाँ नाम न्वारान गरिदिएँ मैले पनि १६ बर्षे हजुरआमा भनेर । मैले गरिदिएको नामाकरणले खुशी हुनुभयो। मेनुका वास्तवमै नरिसाउने हँसिली रसिली हुनुहुन्थ्यो । त्यसपछि विश्वविद्यालयको सभाकक्षमा कार्यक्रम सम्पन्न भयो । पुस्तक चर्चा भए, रचना वाचन भए, अन्तरक्रिया भए, पुस्तकहरू आदानप्रदान भए । मेरो “नारी तिमी” शीर्षकको कविताको प्रतिउतर भन्दै गोपाल मैनाली दाइले मुक्तक सुनाउदा वातावरण रमाइलो भएको थियो । कार्यक्रममा दुध हालेको चिया आइपुग्यो । कप नै सानो त्यो पनि आधा चिया गर्मी ठाउँ भएकोले होला । आफुलाई त आँखै लागेन भने दुधहालेको चिया पिउन नपाएर टाउको दुखेको मेरी प्रीय सखी मेनुकालाई सम्झे । म अगाडि भएकोले चिया ल्याउने भाइलाई इशाराले बोलाएँ । भाइ यो चिया थप्न पाइदैन आफू त काठमाडौको मान्छे प्राय चिसै हुन्छ तातो चिया अलिक धेरै खाने गरेको छ भनेको थिएँ । हाँस्दै चिया थपिदियो।

अरु साथीहरूले पनि मलाई भन्दै थप्दा मलाइ चै चिया सकिएर प्रीय सखि र आफ्ना प्याराले थप्न नपाउलान भन्ने बडो चिन्ता थियो । भाइ उ त्यहाँ पछाडि थपिदिनुस् न भन्दै बिमेजलाई इशारा गरेँ मैले । उहाँले कुरै बुझ्नु भएन र फर्काइदिनु भयो । म भने पछाडिको खिच्ने निहुँले उठेरै गएर किन चिया नथपेको भनेको त उहाँ त हाँस्दै हामीले त पहिलै भुडेभाग राखेका थियौं भन्दा खुब हाँस उठेको थियो । पवित्र भूमी लुम्बीनी, काव्यीक यात्रा र अविश्वरणीय भूमिका खेल्ने अत्यन्त सौहार्द्र सर्जकहरू भएको त्यो ऐतिहासिक उत्सवमा जव सिद्धिश्वरमान सरको बारेमा जानकारी पाइयो । उहाँ लुम्विनी विश्वविद्यालयको परीक्षा नियन्त्रक भएको बेला उहाँको सवारी चालक रहेका एक कर्मचारीले पोडियममा उभिएर व्यक्त गरेका विचारले किर्तीशेष हुनु भएका स्व. सिद्धिश्वर मान श्रेष्ठ सरको महानता, उदारता र समाजप्रेम, परोपकारीभावना थाहा पाउँदा आफू त्यस्तो पवित्र संस्थाको सदस्य बन्न पाएकोमा गर्वको महसुस भएको थियो । लुम्बिनीको कार्यक्रम पश्चात् त्रिवेणीधामबाट पारी चितवनको वाल्मीकि आश्रम अवलोकनको लागि डुंगा चढियो । लगभग आध घण्टामा पुगेर आइन्छ भनेको कुरा त सबै मिथ्या रहेछ । आश्रम पुग्नलाई नै हाम्रो हिडाइले डेढ घन्टा लाग्ने जानकारी पाइयो । निरास हुँदै केही साथी तेतै अल्मलियौ भने राजन सर संचारकर्मी भएकोले अन्तर्वातामा रमाउन थाल्नुभयो । माधव दाइ कलाकार खेम गुरुङको गीत वारि जमुना गाउँदै हुनुहुन्थ्यो । हामी सबै झुमिएर नाच्न थाल्यौं । इन्जिनियर प्रकाश श्रेष्ठले भिडियो खिच्दै हुनुहुन्थ्यो । सबै आ-आफ्नै तालमा नाच्दै थियौं "वारि जमुना पारी जमुना जमुनाको फेदैमा मनकामना ..." स्वास्थकर्मी शुशिला श्रेष्ठले "उरुरुरु.. आहै आहै" गर्दै गाएको देखेर माधव दाइ गाउन छोडेर पेट मिचिमिची हाँस्न थाल्नु भयो । हाम्रो नाच नै रोकियो सुशिलाले सबैलाई पेट बाउडिने गरी हसाउनुभो खुब रमाइलो भयो एकछिन त । गण्डक ड्याम नहर र नेपाली मन रोएको सुस्ता किनाराबाट अवलोकन गर्दै सुस्ताको इतिहासको बारेमा इतिहासविद डा. गोबिन्दमान सिंह कार्की र डा. सावित्री दिदिबाट त्यहाँको इतिहासको सम्बाद छायांनकन गरिरहँदा छिमेकिले थिलथिलो बनाएको नेपाली मुटु र अस्मिता हत्केलामा बोकेर आँखामा आँशु टिलपिलाएर कहिल्यै पनि माटोवादी हुन

नसकेका, नेपाली राजनीतिक दलहरू, ठूला भनिएका नेताहरू र नेपाल सरकारप्रति खेद प्रकट गर्दै हाम्रो काव्यीक सांस्कृतिक उत्प्रेरक समूह बर्दघाट नवलपरासी आएर विश्राम गरेको थियो ।

सुस्ता टाढाबाट हेर्दै गण्डक नहर छोएर त्रिवेणी घाटबाट नौका विहार गरेर फर्केको साहित्यिक समूह बर्दघाटको होटेलमा आएर केही बेरको विश्राम पछि सभासद गायिका सिन्धु जलेसाको सहभागितामा रातको दश बजे सम्म काव्यीक सम्मेलन भयो । भोलिपल्ट काठमाडौं फर्कने नमिठो निर्णय बोकेर आफ्नो आफ्नो सयन तर्फ अगाडि बढियो । चैत्र ११ गते सि.जी. शास्वत धाम अवलोकन गरी इच्छा मनकामनामा विहानको भोजन र पुस्तक लोकापर्ण तथा समिक्षाको कार्यक्रम सकेर काठमाडौं तर्फ हानिएका थियौ । सावित्री दिदीको कार्यसूची व्यवस्थापन, हिम्मत र यो महान कार्यको जति प्रशंसा गर्दा पनि कम नै हुन्छ । बावाको सपना आमाको प्रतिवद्धतामा साथ दिएका छोरा स्पन्दन र सावित्री दिदीको परिवारका सम्पूर्ण सदस्य धन्यवादका पात्र बनेर मेरो मानसपटलमा छाइ रहेका छन् अहिले पनि ।

२८ जनाको समूहमा २२ जना सर्जकहरू र ६ जना सहयोगि व्यवस्थापन टिमसँग रहेको यात्रामा प्रा.डा. गोविन्दमान सिंह कार्की, राज रजक, प्राज्ञ माधव प्रधान, यात्राभर सबैका प्रिय बन्नु भएका राजन न्यौपाने र स्पन्दन श्रेष्ठ, प्रकाश श्रेष्ठ, होम प्रसाद न्यौपाने, कुमार रंजीत, गोपाल मैनाली लगायत प्राज्ञ. लक्ष्मी माली, दिदी पद्मावती सिंह, डा. ईला श्रेष्ठ, पवित्रा अधिकारी, मंदिरा मधुश्री, राज्यलक्ष्मी श्रेष्ठ, समिना खनाल, यात्राको सबैभन्दा कान्छो सदस्य छोरी शुभश्री पाण्डे, म आफै सरस्वती गौतम, यात्रको संयोजक दिदी सावीत्री श्रेष्ठ र सक्रिय व्यक्तित्व छोरा स्पन्दन सबै सबैले यात्राभर देखाएको तत्परता, उत्सुकता र साहयोगीपनले यो काव्यिक यात्रा नभएर पारीवारीक यात्रा जस्तै रहेको थियो । धार्मिक आध्यात्मिक तिर्थाटन, सांस्कृतिक ऐतिहासिक स्थलको भ्रमण, सह भोजन, सहसयन गाडिभित्र होस कि चोक र चौतारी होस सहभागीहरूबाट काव्यिक, वर्षा, संवाद, छलफल र स्नेहपूर्वक मित्र मिलन । यो भ्रमणको अविश्मरणीय पलहरू हुन । वास्तवमै व्यवस्थापन देखि सहभागिता सम्म हेर्दा यो भ्रमण साहित्यिक यात्रा मध्येको जीवनकै एक उत्प्रेरक र अविस्मरणीय बन्यो मेरा लागि । ■

**Courses Offered:**
Bachelor's of Arts,
Master's in IT, Master's
in Rural Development,
MA Sociology,
MSW, BSW, BBA, BIM,
BIT, BBM etc.

**BHAKTAPUR MULTIPLE CAMPUS, BHAKTAPUR**
**· 01-6610200 ·**
**info@gbinfraa.com · info@bkmc.tu.edu.np**

नयाँ वर्ष २०८१ को शुभकामना सहित, प्राध्यापक हक हितमा समर्पित, थापाथली क्याम्पस सिद्धिश्वोरमान अक्षलोक साहित्यिक केन्द्रको ऐतिहासिक कार्यक्रमको सफलताको कामना गर्दछ।

**सभापति - डा. श्रीहरि थापा**
**सचिव - बिश्वोराम पराजुली**
**सम्पूर्ण प्राध्यापक थापाथली**
**क्याम्पस प्राध्यापक संघ**

कर्मचारी हक हितमा प्रतिवद्ध, त्रि.वि. कर्मचारी संघ, पुल्चोक क्याम्पस ईकाई समिति, सिद्धिश्वोरमान अक्षलोक साहित्यिक केन्द्रको ऐतिहिसिक कार्यक्रमको भव्य रूपमा सम्पन्न होस् भन्ने कामना गर्दछ।

**सभापति - पुरुषोत्तम कार्की**
**सचिव - वेद बहादुर खड्का**
**सम्पूर्ण कर्मचारी**
**पुल्चोक क्याम्पस कर्मचारी संघ**

# मंगोलियाको गोबी मरभूमी र हुस्ताईका सैयौं जंगली घोडा

स्वर्णिमा श्रेष्ठ

नेपाल जस्तै भुपरिवेष्ठित र दुई विशाल राष्ट्रहरु चीन र रुसको बीचमा रहेको मंगोलिया आकारको हिसावले नेपाल भन्दा १० गुना ठूलो भएता पनि जनसंख्याको आधारमा भने नेपाल मंगोलिया भन्दा करिव ९ गुना ठुलो छ। पर्यटनको लागि तथा अन्य कामको लागि पनि नेपालबाट मंगोलिया जाने नेपालीहरुको संख्या न्यून नै रहेको देखिन्छ । विगत १५ वर्षको तत्थ्यांक हेर्ने हो भने कुनै पनि वर्षमा ५०० भन्दा बढी नेपाली त्यता गएको देखिंदैन । नेपाल र मंगोलियाको कूटनीतिक सम्बन्ध सन् १९६१ देखि स्थापीत भएता पनि खासमा त्यो भन्दा धेरै लामो सम्बन्ध दुई देश बीच रहेको कुरा मंगोलियन भाषामा रहेको नेपालको विषेश नामले पनि दर्साउँछ। मंगोलियामा नेपाललाई बाल्पा भनिने रैछ । आफ्नो कामको शिलसिलामा यहि वर्ष (२०२४) मा केहि महिनाको अन्तरालमा नै दुई चोटि मंगोलिया जाने अवसर मलाई जुर्यो । पहिलो चोटि मार्च महिनाको अन्त्य तिर त्यँहा जाँदा, नेपालमा गर्मि सुरु भईसकेता पनि त्यहाँ निकै चिसो र हिऊँ परिरहेको भन्ने थाहा पाएर जाडोको लागि पूर्ण रुपमा तयार भएर गएको थिएँ। दोस्रो चोटि जुन महिनाको मध्यमा त्यहाँ पनि न्यानो र राम्रो मौसम हुने जानकारी थियो। पुगेको केहि दिन सम्म न्यानो र केहि गर्मिगर्मि मैसम थियो भने केहि दिन पछि पानी पर्न थालेर केहि चिसो चिसो थियो। एक दिन भने मज्जाले हिऊँ नै पर्न थाल्यो। होटलको कोठा भित्र केहि घण्टा छलफलमा ब्यस्त रहँदा बाहिर हिऊँले सेताम्मे भई सकेको रैछ । होटलको बिसौं तल्लामा रहेको कोठाबाट बाक्लो हिऊँ परेको रमाईलो दृश्य - भिडियो खिचेर इन्स्टाग्रामको स्टोरीमा राखें। काम सकिए पछि हिऊँ पर्दै गरे पनि बाहिर निस्कियौं। हिऊँले सेताम्मे भएको सुन्दर ऊलानवटार, कुनै रोम्यान्टिक उपन्यासको कथा बुनिएको स्थान जस्तो । मध्य जुनको गृष्म महिनामा भिज्दै हिऊँमा हिडेको अनुभव - जाडो भए पनि कत्ति रमाईलो। जाडोको लुगा नबोकेकोमा अफसोच पनि भयो !

**राजधानी ऊलानवटार**

मंगोलियाको राजधानी ऊलानवटार नजिकै रहेको जिंगिज खान अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो चोहि अवतरण गर्ने बेलामा प्लेनको झ्यालबाट बाहिर हेर्दा अचम्म लागेको थियो । कता केहि पनि नभएको अनकन्टारमा लगेर विमान रोकेको होला जस्तो लागेको थियो । टाँडा टाँडासम्म पनि मानव बस्ती, सभ्यताको नाम निसान देखिंदैन ! विमानस्थल पनि बाहिर बाट हेर्दा सानो देखिने। भित्र पुगे पछि ठूलो र व्यवस्थित रहेछ भन्ने देखियो। राम्रो फराकिलो सडक र बाटोमा सानासाना पहाडहरुमा हिऊँ

जमेर देखिएको मनोरम दृश्य हेर्दै डेड घण्टा जति गाडीमा यात्रा गरे पछि ऊलानवटार पुगियो । धेरैले मंगोलियालाई भेडा चराउने “नोम्याड” घुमन्तेहरुको देश भनेर चिन्ने गर्छन् । तर ऊलानवटारलाई हेर्ने हो भने युरोपको कुनै शहर भन्दा कम लागेन । शहरको बीचमा राष्ट्रपति भवन भएको ठूलो चोक सुक्बाटार “स्क्वयर” रहेको छ । सबै मान्छेहरु जम्मा हुने, टहल्ने, मेला लगाउने ठाउँ रहेछ त्यो । काठमाडौंको दरवार स्क्वयरहरु जस्तै मानिसहरु त्यँहा समय बिताउन आउने रैछन् । मध्य रातीसम्म पनि त्यहा मानिसहरुको चहलपहल थियो । संसारकै सबै भन्दा चिसो राजधानी शहरको (औसत तापक्रमको आधार मा) रुपमा पनि ऊलानवटारलाई लिईन्छ । मंगोलियाको कुल जनसंख्याको झन्डै आधा (४७ प्रतिशत) जति मानिस राजधानीमै बस्छन् । त्यहि भएर पनि होला, त्यँहा धेरै ट्राफिक जाम हुने रैछ, मैले नचिताएको कुरा । ऊलानवटारमा पर्यटनको हिसावले घुम्ने ठाउँहरु धेरै नभएता पनि विभिन्न प्रकारका रुची भएका व्यक्तिहरुको लागि गर्न मिल्ने गतिबिधिहरु छन् । प्रकृतिमा रमाउन चाहनेहरुको लागि शहर वरीपरी रहेका पहाडहरुमा पिक्निक, हाईकिंग गर्न जाने ठाउँहरु रहेका छन् । कला तथा ऐतिहासिक कुराहरुमा रुची हुनेहरुको लागि त्यहाँ विभिन्न संग्राहलयहरु रहेका छन् । त्यहाँ इतिहास, प्राकृतिक इतिहास, कला, संस्कृति, सैनिक, देखि लिएर अन्तर्राष्ट्रय बौद्धिक संग्राहलय रहेका छन् । ती मध्ये मैले दुई विशेष संग्राहलयमा समय बिताउने मौका पाएँ ।

जिंगिज खान राष्ट्रिय संग्राहलय त्यँहाको सबै भन्दा ठूलो संग्राहलय हो । मंगोलिया कति पौराणिक तथा मानव ईतिहास तथा पुरातत्वको हिसाबले एक निकै महत्वपूर्ण भूमि हो भन्ने कुरा यहि संग्राहलयबाट थाहा पाउन सकिन्छ । देशको सबै भन्दा ठूलो संग्राहलय निकै व्यवस्थित लाग्यो । नेपालमा हामीले यस्तो रुपमा हाम्रो साँस्कृतिक तथा ऐतिहासिक महत्वका धरोहरहरुको संरक्षण गर्न नसकेको कुराले मन कताकता दुखायो पनि । मंगोलियाको मङ्गोल साम्राज्य तथा शासकहरुको ईतिहाससंग सम्बन्धित ९००० भन्दा बढि बस्तुहरुको संग्रह र प्रदर्शनी त्यहाँ रहेको छ । धेरै कम मान्छेले मात्र मंगोलियामा अंग्रजी भाषा बुझ्ने र बोल्ने गर्छन् । संग्राहलयमा जानकारीहरु पनि मंगोलियन भाषामा मात्र उपलब्ध भएको कुरा सुनेको थिएं । तर त्यहाँ पुगे पछि हरेक प्रदर्शित बस्तुको नजीक एउटा मोबाईलबाट स्क्यान गर्न मिल्ने क्यू.आर.कोड राखिएको रहेछ, त्यहि स्क्यान गर्दै अंग्रेजीमा जानकारी लिंदै संग्राहलय बन्द नहुँदासम्म घुमेको थिएं । तर स्क्यान गर्न नपर्ने गरि स्थानीय भाषा संगै अंग्रेजी पनि राखि दिएको भए अझै सजिलो हुने थियो ।

१३ औं शताब्दीमा जिङ्गिज खानले विस्तार गर्न थालेका मंगोल साम्राज्य १४ औं शताब्दीसम्म शक्तिवान रह्यो । कुनै समयमा विश्वकै ठूलो रहेको साम्राज्य अन्तर्गत आधुनिक समयको मंगोलिया, चीन, तथा बर्मा,

पाकिस्तान, साईबेरिया, बेलारुस, जर्जिया, पर्सिया, इराक, युक्रेन, रुसका र मध्य एशिया धेरै जसो भूभाग रहेको थियो। काँस्य युग, तेस्रो शताब्दी ईसा पूर्व देखिका बस्तुहरु त्यहाँ देख्न पाइयो । जिङ्गिज खानले बोकेका तामाको सिक्का देखि लिएर विभिन्न कालका गरगहना, पहिरन, भाँडाकुँडा, युद्धको बेला प्रयोग भएका साम्रगी जस्ता धेरै रोचक बस्तुहरु देख्ने मौका मिल्यो । मंगोलियाको ईतिहासको बारेमा धेरै सिकाई भयो ।

त्यो बाहेक, प्राकृतिक ईतिहासको संग्राहलयमा पनि गयौं । त्यँहा डायनासोरको फोसिल (जीवाश्म), हड्डी तथा अण्डा देख्न पाईयो । फोसिल हड्डिहरु पहिले अमेरिकाको प्राकृतिक ईतिहासको संग्राहलयमा पनि देखेको भएता पनि डायनासोरको फोसिल अण्डा पहिलो चोटि देख्न पाएकोमा म धेरै उत्साहित भएको थिएं । संगै रहेकी साथी सेमिना र मैले धेरै बेर डायनासोरको अण्डा भएको स्थानमा नै समय बितायौं । दुबै जना दंग । त्यस संग्राहलयमा रहेका धेरै जसो फोसिल मंगोलियाको गोबी मरभूमी क्षेत्रबाट उत्खनन् गरेर ल्याईएको रहिछ । संसारमा नै डायनासोरको फोसिल पाउनेमा तेस्रो धनि देशको रुपमा मंगोलिया रहेको छ । त्यँहा पाईएका डायनासोरका जीवाश्महरु जुन विभिन्न आकार र प्रकारका छन, जसमा डायनासोरका कोरल्न बाकीं अण्डाहरु देखि लिएर तीस मिटर लामो वयस्क डायनासोरको अवसेससम्म रहेका छन् । त्यँहा भेटिएको अण्डाहरुबाट नै मानवजातीलाई सर्वप्रथम डायनासोरहरुले अण्डा पारेर बच्चा जन्माउँछन् भन्ने कुरा थाहा भएको हो । संसारमा अहिलेसम्म पत्ता लागेका डायनासोरका ३३० प्रजाती मध्ये ६४ प्रजाती मंगोलियाको गोबी मरभूमीमा नै पत्ता लागेको रहिछ । गोबीको भौगोलिक अवस्था दीर्घकालीन रुपमा जीवाश्म संरक्षण र भण्डारणको लागि निकै उपयुक्त भएकोले त्यहाँ यति धेरै डायनासोरका अवसेसहरु भेटिएको भनिन्छ । यस्तो पौराणिक गोबीमा पाईला राख्ने अवसर भने मलाई गत अप्रिलमा मंगोलिया जाँदा भएको थियो ।

## अद्वितीय गोबी मरभूमी

राजधानी ऊलानवटारबाट ६०० भन्दा बढी किलोमिटरको दुरी पार गरि दक्षिणी मंगोलियाको गोबी क्षेत्रमा पुग्ने योजना अनुसार हामी सबेरै निस्किएका थियौं । बाटो भरी अद्भूत नौलो दृश्यहरु, आखाँले भ्याउने ठाउँसम्म खुल्ला जमिन र खुल्ला आकाश । ऊलानवटारलाई टाँडा पोरेर जाँदै गर्दा वरीपरी हिऊँले ढाकेका ससाना पहाडहरुको मनोरम दृश्य - आफू कुनै चलचित्रको पात्र भएको अनुभूती गरिरहेको थिएं । त्यति बेला पनि हिऊँ परिनै रहेको थियो । हिऊँमा ओर्लेर केहि तस्बिर पनि लियौं । बिस्तारै समतल भूमी आउन थाल्यो । जता हेरे पनि समतल, बीचमा सोझो बाटो, दुबै तीर खुल्ला समलत भूभाग । आकाशको आकार नै ठूलो भएको जस्तो महसुस हुने । पहिला कहिले नदेखेको जस्तो भूभागमा आईपुगेको थिएं

। मरभूमीको बाटो सुनसान थियो । लामो बाटोमा रोकिएर खाना, खाजा खाने, फ्रेस हुने ठाउँ पनि धेरै थिएनन् । शौचालय जानलाई समस्या नै हुने रैछ । मंयोलियाकी सहकर्मीले पानी धेरै नपिउने सल्लाह पहिला नै दिएकी थिईन् । यसो झाडी पछाडी



जाउँ भने पनि न झाडी न कहि लुक्न मिल्ने ठाउँ । गोबीको यात्राको क्रममा एक ठाउँमा गाडी रोकियो । संगै आएकी मंगोलियाकी सहकर्मी हाण्डरमाले अंग्रजीमा "म त घोडा हेर्न जान्छु" भनेर गाडीबाट ओर्लिन । जंगली घोडाहरु पाईने भन्ने सुनेकोले घोडा हेर्ने रहरले मैले आफ्नो ठूलो क्यामेरा निकालेर भिरें र घोडाको फोटो खिच्न उनको पछि लागें । क्यामेरा तेर्साउँदै पछि आएको देखेर उनी एक छिन् छक्क परिन् र पछि हाँस्न थालिन, अनि छक्क पर्ने पालो मेरो भयो । अनि पो उनले मलाई बुझाइन, मंगोलियामा यसरी बाटोमा हिँडेको बेला पिसाब लागेर जानु पर्‍यो र सिधै भन्न अफ्ठ्यारो लाग्यो भने, "मलाई घोडा हेर्न जानु छ" भन्ने चलन रैछ । कुरा बुझे पछि दुबै जना हाँस्यौं र मैले उनलाई घोडा त मलाई पनि हेर्नु छ भनें । यसरी नै बाहिरको दृश्य अवलोकन गर्दै र गफगाफ गर्दै लामो सडक यात्रा पूरा गरी उमनगाबी प्रदेशमा बास बस्यौं ।

बाटोमा जंगली घोडाहरु देख्न नपाईए पनि त्यहाँको रैथाने मृग प्रजाती मंगोलियन गजेल धेरै देख्न पाईयो, त्यसैको फोटो खिचेर चित्त बुझाँए । जैवीक विविधताको हिसावले नेपाल भन्दा धेरै फरक लाग्यो मंगोलिया । त्यहाँ पाईने जीवजन्तु र जैवीक विविधता संरक्षण सम्बन्धि समस्या र चुनौतीहरु पनि निकै फरक ।

मंगोलियामा मानिसहरुको मूख्य पेसाको रुपमा पशुपालन रहेको छ । परापूर्वकाल देखि नै त्यहाँका स्थानीयहरु

घुमन्ते (नोम्याड) रुपमा पशुपालन गर्दै आएका छन्। मूख्यगरि भेंडा, घोडा, गाई, ऊँट र बाखा पालन गर्ने नोम्याडहरु वर्षको २ देखि ४ पटकसम्म बसाईसराई गरेरे विभिन्न ठाउँमा जाने गर्छन्, आफ्नो पशुहरुको बथान सहित । राम्रो मौसम, न्यानो तापक्रम तथा जनावरलाई चर्ने ठाउँको लागि उनीहरु घुमन्ते रुपमा रहन्छन् । उनीहरु बस्ने गोलो आकारको घरलाई गेर भनिन्छ । दुबै चोटिको मेरो भ्रमणमा गेर भित्र गएर नोम्याड परिवार संग, भेटधाट र उनीहरुको आतित्थको अनुभव गर्ने अवसर मिलेको थियो ।

गोबीमा नोम्याड गोठाला परिवारलाई भेट्न मरभूमीको बीचैबीच जाँदा न त्यँहा कुनै बाटो थियो न मानवनिर्मित अरु केहि । धर्ती र आकाश बाहेक कँहि कतै नदेखिने । त्यतिकैमा एउटा घर (गेरमा) पुग्यौं तर त्यँहा कोहि थिएन । अलि पर एक हुल भेडा देखा पर्यो पछिपछि एउटा ठूलो गाडी भित्रबाट लठ्ठीले भेडा लखेट्दै गरेको गोठाला देखिए । रमाईलो लाग्यो । पहिला घोडा चडेर भेडा बाखा चराउनेमा अहिले मोटरसाईकल र गाडीमा चढेर चराउने चलन आउँदै गरेको रैछ । गाडी नजिकै आए पछि चालक त बुढी हजुरआमा पो हुनुहुँदो रैछ । एकछिन् वँहा संग गफ गर्‍यौं र वँहाले नै केहि पर रहेको आफ्नो छोरीको गेरमा जान सुझाव दिनुभयो । हामी त्यतै तिर लाग्यौ । बाहिरबाट हेर्दा सानो जस्तो लागेता पनि भित्र ठूलो र सबै कुराको बन्दोबस्त भएको हुने रहेछ गेर । दुई तीर खाट, बीचमा चुल्हो, पूजा गर्ने ठाउँ, पाहुना बसाउने ठाउँ, टि.भी., वाईफाई सबै सुविधासम्पन्न थियो । नुनिलो भोटे चिया संगै ताजा दुधबाट बनेका परिकार चाख्ने मौका मिल्यो । त्यँहाको जनसंख्या थोरै भएकोले धेरै सन्तान जन्माउनेलाई सरकारले तक्मा दिने रहेछ । सुत्केरी बिदा पनि तीन वर्षसम्म बस्न पाईने, सरकारले नै भत्ता पनि दिने । हामी पुगेको गेरमा पाँच सन्तानकी आमा भएकोमा राखिएको तक्मा देखें, साथमा वर्षको उत्कृष्ट गोठालोको तक्मा पनि थियो । यसरी स्थानीयसंगको भेटघाट र कुराकानीले मंगोलियालाई झन् नजीकसंग चिन्ने अवसर दियो ।

मरभूमी भएता पनि चिसो समय भएकोले त्यो बेला जाडो नै थियो र मान्छे नै उडाउला जस्तो हावा चल्ने । गोबीको बालुवा हातमा राखी त्यस पवित्र प्राचीन भूमीलाई नमन गरे । यो अवसर जुटाईदिएकोमा ब्रम्हाण्डलाई मनमनै धन्यवाद दिएर गोबी संग बिदा मागें ।

## हुस्ताई राष्ट्रिय निकुञ्जमा निस्फिक्रि कुदि रहेका जंगली घोडा

जुनमा गरिएको दोस्रो चोटिको मंगोलिया भ्रमणमा ऊलानवटारबाट १०० किलोमिटरको दुरीमा रहेको हुस्ताई राष्ट्रिय निकुञ्ज पुगियो । यो राष्ट्रिय निकुञ्ज एक गैर-नाफामूलक र गैर-सरकारी संस्थाको रुपमा मङ्गोलियाको सरकारको आर्थिक सहायता बिना नै व्यवस्थापन भई रहको निकुञ्ज रहिछ । हाम्रो टोलीलाई निकुञ्जको भ्रमण गराईदिन त्यहाँका निर्देशक ड्यासपुरेक आएका थिए, वँहाबाट

धेरै जानकारी र रोचक कुराहरु सुन्न पाईयो । त्यस राष्ट्रिय निकुञ्जको विशेषता थियो जंगली घोडा जसलाई मंगोलियन भाषामा ताखी भनिदो रहेछ । हामीले देख्ने गरेको घरपालुवा घोडा भन्दा फरक प्रजाती (Equus ferus przewalskii) नै रहेका यी घोडा एक समयमा विश्मा थियो। त्यहिबाट युरोपका चिडियाखाना र निजी रूपमा राखिएको पार्कहरूमा पठाईएको थियो । त्यस पछि जंगली रुपमा यी नभेटिएकाले लोप भनेर नै धोषणा गरिएको भन्ने जानकारी पायौं । पछि चिडियाखाना र पार्कहरूमा भएकाहरुबाट जनसंख्या बढाउने प्रयासहरु गर्दै सन् १९९२ मा भने यसलाई जंगली



नै लोप हुने अवस्थामा पुगेर संसारका केहि चिडियाखानामा नमुनाको रुपमा मात्र बाँकी थिए । १८७०को दशकमा रुसी अन्वेषक Nikolay Przhevalsky ले पत्ता लगाएका हुनाले यसलाई Przewalski’s horse भनिन्छ । पहिला पश्चिमी युरोप र एशियाका देशहरुमा प्रशस्त पाईने यो प्रजाती १९६०को दशकमा केहि संख्यामा मंगोलियाको गोबी क्षेत्रमा मात्र बाँकी रहेको बासस्थानमा व्यवस्थापन गर्नको लागि मंगोलिया, चीन, र काजकिस्तानका केहि क्षेत्रमा छाडिएको रहेछ । हुस्ताई राष्ट्रिय निकुञ्जमा भने त्यो बेला १६ ओटा ताखीहरु छाडिएका थिए । अहिले यो निकुञ्जमा ३२० ओटा ताखीहरु रहेको जानकारी निर्देशक ड्यासले दिए । अहिले पनि संसार भरीमा यसको जनसंख्या १२०० जति मात्र रहेको छ र यसलाई लोपोन्मुख नै मानिन्छ ।

यस्तो लोप भईसकेर फेरी बीउत्याईएको प्रजातीलाई उनीहरुको बासस्थानमा हेर्न हामी उत्साहित थियौं । निकुञ्जका निर्देशक ड्यासललाई मैले गाडीमा हुँदा भन्दै थिएँ, दुई-चार ओटा भए पनि यी घोडा हेर्न पाईयो भने यात्रा सफल हुने थियो । उनी भने मौसमको कारणले अलि चिन्तित देखिन्थे । एक दिन अगाडी अप्रत्यासित रुपमा हिऊँ परेकोले चिसो थियो र ठाउँठाउँमा पानी जमेको थियो । घाम ताप्न, र पानी खान ताखीहरु बाहिर निस्कछन्, अहिले त जताततै पानी जमेकाले नदेखिन पनि सक्छन्, ड्यास भन्दै थिए । नेपालमा राष्ट्रिय निकुञ्जहरु जति चाहारे पनि अहिलेसम्म बाघ देख्न नपाएको थकथक मनमा नै थियो, ताखी त हेर्नैं पर्छ ।

खरायो जस्तै प्वाल बनाएर भुँईमा बस्ने साना जनावर मार्मट धेरै देख्यौं । मौसम चिसो थियो, हावा पनि बेस्सरी चलिरहेको । हाम्रा धेरै जसो राष्ट्रिय निकुञ्ज जस्तो जंगलै जंगल थिएन, खुल्ला हरियो घाँसे मैदान, खप्तड राष्टिय निकुञ्जको भने धेरै याद आयो मलाई । निकुञ्ज भित्र केहि बेर छिरिसके पछि अलि पर दश ओटा घोडा देखिए । आहा! घोडाका दुई परिवार, जसलाई हारेम भनिदो रहेछ । खुल्ला पहाडमा भएको घाँसे मैदानमा आनन्दले चरिरहेका । एक छिन सास थामेर हेरें, मन भरी बेग्लै तरंग दैडियो । सबै जना तस्विर खिच्न व्यस्त भयौं । केहि अगाडी अर्को पडाडको फेदिमा अरु २५ ओटा घोडा देख्यौं, खुसीको सीमा रहेन । कति सुन्दर प्राणी, हामीले चिनेको घोडा भन्दा फरक यी केहि साना र एकै रंगका पहेले, खैरो, सुनौलो खालका हुन्छन् । हेर्दा सबै उस्तै देखिए पनि निकुञ्जका कर्मचारीहरुले एकएक घोडा चिन्ने रैछन् । हामी मानवहरुकै कारणले झन्डै यती राम्रा प्राणी संसारबाट नै लोप हुन लागेका थिए । आज यसरी उनीहरुको समिप उभिनुले एक अद्भुत अनुभुती दिंदै थियो । समय भए दिन भरी उनीहरुलाई हेरेरै बस्थे होला । ताखीहरुलाई परैबाट नमस्कार गरें र माफी मागें, यो संसार त जति हाम्रो हो, उनीहरुको पनि त्यति नै हो । उनीहरु मिठ्ठो घाँस खादै आफ्नै दुनियामा रमाई रहें ।

निकुञ्जमा अगाडी बड्ने क्रममा अन्य केहि मैले पहिला कहिले देख्न नपाएका जनावरहरु देख्न पाईयो । त्यसमा ताखी र मार्मट त भई हाले, त्यो बाहेक कालो गिद्ध, अमोर फ्याल्कन (सानो चिल), रातो सेल डक, रातो हरिण (मंगोलियन रेड डियर), मंगोलियन लार्क आदि थिए । बाटोमा फेरी केहि ताखीहरु देख्न पाईयो । त्यहाँको परिदृश्य र भूगोल यति सुन्दर र विशाल थियो, आकाशको आकार नै फराकिलो भए जस्तो, म आफुलाई निकै सानो महसुस गर्दै थिएं । सोच्दै थिएं, यति विशाल संसार र ब्रमाण्डमा यति साना, बालुवाका एक दाना जस्तो पनि औकात नभएका हामी किन यति लोभ गर्छौं, किन यति स्वार्थी बन्छौं ? गाडीमा हामी यस्तै कुरा गर्दै थियौं, सबैलाई कस्तो महसूस भई रहेछ भनेर । मैले भने, “प्रकृतिको नसा चडेर मातिए जस्तो महसूस भएको छ” ।

यात्रा सकिने क्रममा थियो, पोस्टकार्ड

जस्तो सुन्दर ठाउँमा झन्डै संयौंको संख्यामा मस्त चरिरहेका ताखीका हारेमहरु देखा परे । ओहो ! अर्कै संसारमा पुगेको जस्तो महसूस भयो । साना हरिया पहाड, पछाडी थोरै बादल, मस्त चरिरहेका ताखीहरु, स-साना बच्चाहरु कत्ति हिस्सी परेका । अहिले पनि आँखा भरीभरी त्यो मनोरम दृश्य घुमिरहन्छ । हुस्ताईमा भएका ३२० मध्ये आधा जति घोडाहरुको दर्शन गर्ने सौभाग्य पाएकोमा मनभरी हर्ष वर्षा भईरहेको थियो । कत्ति अविस्मरणीय दिन ! यसरी यति धेरै संख्यामा बिरलै देख्न पाईन्छ भनेर ड्यासले भन्दै थिए । हामी त भाग्यमानी भएका रैछौं । "ल सन्तानले डाँडाकाडाँ ढाकुन, यस्तै मस्त रहनु" भन्दै ताखीहरुसंग बिदा मागें ।

यसरी दुई पटकको मंगोलियाको भ्रमणमा यस्ता अविस्मरणीय अनुभव भए । मानव, प्रकृती, र पूरातत्वका बारे जानकारी र अनुभव मन भरि संगालेर केहि धनी भएर फर्किएं । पर्यटकीय हिसाबले थोरैले मात्र गन्तब्य बनाउने भएता पनि जीवनमा एक चोटि पुग्नै पर्ने ठाउँ रहेछ, सुन्दर, शालीन, विशाल मंगोलिया । ■





**Red Brick Construction**

Address: Maitrinagar-2, Kirtipur, Kathmandu
Contact: 9851192384, 9801238901
www.redbrickconstruction.com.np

# काठमाडौं देखि काठमाडौंसम्म

✒राजन प्रसाद न्यौपाने

म पेशाले संचारकर्मी, रहर र शोखले साहित्यकर्मी, सिर्जनाकर्मी अलि-अलि सामाजिक अभियन्ता पनि । मैले जीवनमा अकुत सम्पति आर्जन गरिन तर यति धेरै अग्रज विद्वान, विवेकी, समाजसेवी, सहयोगी व्यक्तित्वहरू पाएँ जुन मेरो जीवनमा अकुत सम्पति भन्दा हजारौं गुणा बढी छ। म यस्ता सम्पति आर्जन गर्ने ठाउँ, व्यक्ति, समाज र समुदायमा वेलावेला पुगीरहन्छु । सत्कर्मको फल भनूँ कि सहयोगी भावनाको उपज यस्तै भएको थियो यो अस्सी साल मेरो लागि । तिन चार महिना पहिला कलंकीमा एउटा भेला थियो साहित्यकारहरुको । संस्थागत रूपमा त्यही भेलामा म प्रतिनिधी भएर गएको थिएँ । अहिले त्यो भेला साहित्यिक संस्था समन्वय समिति नेपाल भएर स्थापित भएको छ। म त्यसको महासचिव बनेको छुँ। त्यही बेलामा पहिलो पटक प्रत्यक्ष भेटेको हो मैले डा. सावित्री श्रेष्ठलाई ।

थाहा छैन ईश्वरको कृपा पनि, भेट भएकै दिनबाट हामी दिदी भाइ भएका थियौं। भावना यसरी मिल्यो कि मानौं हाम्रो शरिरमा एउटै आमावुवाको रगत बगीरहेछ जस्तो । हामी दुबै व्यस्त, खासै अनलाइन अफलाइन कुरै हुन नसक्ने, भेट भनेको त अलि टाढाको कुरा। दिदीले मेरो मेसेन्जरमा पठाएको खबर ५ दिन पछि हेर्ने म दिदीको नालायक भाई। ढिलै भए पनि खबर थाहा पाएँ - दिदीले एउटा साहित्यिक सांस्कृतिक भ्रमणको लागि निम्ता दिनु भएको रहेछ । कहाँ के कसरी केहि विचारै नगरी उत्तर लेखेको थिएँ हुन्छ नि दिज्यू, भ्याएसम्म म जान्छु पक्का जान्छु । कौतुहलता पैसाको लाग्यो, पीडा समयको, लोभ भ्रमण गर्ने स्थान र पर्यावरणको, अनि उत्सुकता काव्यीक यात्रा र गोष्ठि अन्तरक्रियाको । घरमा विरामी बाबा छाडेर कसरी जाऔं खै ! खुइइ गर्दै सुस्केरा हालें मैले । सरु भरखर बिरामीबाट उठेकी, घरमा उनी भएपछि के चिन्ता, होस् म जान्छु। छोरीहरू, बहिनी र आमा पनि घरमा हुनुहुन्छ जाने निर्णय गरे मैले। आफै प्रस्तावक र आफै निर्णायक भएर। बाँकी दुई दिन राम्रै अन्तरकिया भयो- अन्तिम फैसला गरियो यो भ्रमणमा हामी जोइपोइ नै जाने भनेर । त्यतिवेला सिद्धिश्वरमान अक्षलोक साहित्य केन्द्र होइन हामी डा. सावित्री श्रेष्ठ मात्र जान्दथ्यौ ।

त्यो दिन २०८० सालको चैत्र ८ गते विहान, अन्य विहान भन्दा अलि फरक थियो। चैत्रको दिन झमझम पानी परिरहेको थियो। बाटो हिलाम्य भएर पनि आनन्ददायक नै थियो । प्रकृतिको देन कसले मोड्न सक्नु र । हामी दुईजना एउटा छाता ओढेर घरबाट निस्कियौ । सावित्री दिदीको कल आइरहेको थियो हाम्रो पर्खाइमा पूज्य दाजु प्रा.डा. गोविन्द कार्की हुनुहुन्थ्यो । हामी तीन जसोतसो बबरमहल बिजुलीवजारको पुलमा पुग्यौ । लगभग १५ मिनेटको प्रतिक्षा पछि हाम्रो यात्राको सवारी-गाडी आइपुग्यो । गाडी चढियो, नमस्कार खाइयो खुवाइयो । सावित्री दिदी बाहेक सबै नयाँ अनुहार हामी तीन एक हुँदा । गाडि गुडिरह्यो मान्छे थपिइ रहे, चिनेका अनुहार देखिदै गएँ। सिद्धि महर्जन अति नै रमाइलो, सहयोगी सजिलो मान्छे हुनुहुँदो रहेछ पछि थाहा भयो । उहाँको घरबाट यात्रा अवधिको लागि बन्दोवस्तीका सामाग्री लोड गरेर हाम्रो ४ दिने अविराम यात्रा थानकोटबाट ओरालो झर्‍यो । घुम्ती र मोडहरु पार गर्दै थानकोट भन्ज्याङले धादिङको घुमाउरो र कुइनेटोलाई जिस्काएको दृश्य हेर्दै हाम्रो गाडीचिया खाजाको लागी धादिङको अम्लेश्वर महादेवस्थल पुग्यो । सिद्धि कुमार महर्जन र उहाँको टोली चीया नास्ता तयारी गर्न लाग्यो हामी चिनजान भेटघाट र सामिप्यताको खोजमा प्रकृतिलाई आखाँमा सजाउदै शिव मन्दिर दर्शन गरेर स्थानीय सरकारले गरेको भौतिक विकासका कामहरू हेर्दै फोटो भिडियो मा व्यस्त भयौं । आयोजक संस्थाका संरक्षक डा. सावित्रीको धैर्यता, लगन, जीम्मेवारी बहन देख्दा मलाई गर्व लागेको थियो कि जिन्दगीमा एउटै दिदी होस् त मेरी दिदी सावित्री जस्तो ।

त्रिशुली नदी किनारमा बैरेनी स्थित अम्लेश्वर महादेवस्थलको सुन्दरता र ऐतिहासिक अवस्थितिले यो यात्रालाई थप रोमाञ्चक बनायो । त्यसपछि हामी तनहुँ र चितवनको सिमानामा रहेको विश्वकै चर्चित प्रसिद्ध तिर्थस्थल देवघाट पुग्यौं । साच्चीकै पूण्यभूमि त्यो ठाउँ प्राकृतिक रुपमा जुन सौन्दर्यता र नदीहरुको संगम बनेको छ त्यो भन्दा बढी धार्मिक महत्व बोकेको कुरा सीता गुफा लगायतका मन्दिर, देवालय, आश्रम, गुरुकुल आदि देखेपछि झनै प्रष्ट भयो । पैदल गात्रा गर्दै, संवादहरु गर्दै, साहित्यिक र सिर्जनात्मक अनुभवहरु साट्दै विश्व कविता दिवसको सन्दर्भमा कविता वाचन गर्दै खाना खाने ठाउँमा फर्कियौ । सबैजना यत्रतत्र, छरिएर, गुजुल्टिएर ढुङ्गालाई आसन बनाउदै

घरको जत्तिकै ताजा सफा र मिठो खानेकुरा खाइयो । त्यो समयमा भने लगभग हामी सबैको सौन्दर्यशास्त्र मिलिसकेको थियो । खोंचको गर्मी दिउँसोको समय तातो खाना अनि यात्राको चटारो भएरै पनि केहि फोटो भिडियोहरु लिने कार्य भयो । कुमार रंजीत, प्रकास श्रेष्ठ, राज दाई, होम दाई लगायत हामी (गोविन्द दाई र म) हरुको मिठो उपसमूह बनी सकेको थियो, बेलाबेला गोपाल सर, माधव दाई मिसिएर झन खुशी बढ्थ्यो ।

खाना पछि गन्तव्य पाल्पातर्फ लागियो, यतिवेला भने मलाई केही नयाँ अनुभूति भैसकेको थियो । केही कुरामा जस अपजस लिने भन्दा पनि कर्तव्य र दायीत्व निभाउन पर्छ भनेर सावित्री दिदीलाई बढ्दै गएको तनाव र भार कम गर्न भान्जा स्पन्दनलाई सहज बनाउन आफै आफ्नै हिसावले कार्य गर्दै गरें । बेलुका अलि ढिलै पाल्पा पुगियो । होटेलमा कोठा मिलाउने क्रममा म, गोविन्द दाई र राज दाई एउटै कोठामा पर्‍यौ तर अलिकति नरमाइलो पनि भयो । पद्मावती दिदी अलि विरामी र हातमा घाउ भएर होटलको लविमा तलै बसी रहनु भएको रहेछ, दिदीलाई भर्‍याङ उक्लन कठिन भएकाले रुम मिलाउन सावित्री दिदीको अनुरोधलाई त्यो होटेलको साहु या मेनेजर थाहा छैन को हो ? अलि बढी नै चुरीफुरी देखाएर हप्काएको देखेपछि मैले मेरो असली पारा देखाएँ । गोविन्द दाइले बममा बारुद थप्नु भयो । बल्ल होस् ठेगानमा आएछ- रुम मिलाइदियो । खाना पकाएर खानु पर्ने, आफूले खाएको थाल आफै सफा गर्नु पर्ने, सबै यात्राका सदस्यहरु एकै स्थानमा वरीपरी बसेर खाँदा हाम्रो साहित्य र सिर्जनामा नयाँ परिवार बनेको थियो- त्यो अवसर ।

भोलिपल्ट चैत्र ९ गते चिया पिएर हामी तानसेन बजारबाट उत्तरतर्फ उक्लियौ । १२६ वर्ष अगाडि खड्ग समशेरले आफ्नी प्रिय रानी तेजकुमारीको स्मृतिमा कालीगण्डकी किनारामा ४ वर्ष लगाएर बनाएको रानी महल अवलोकन गर्न । तानसेनबाट १३ कि.मी भन्दा बढी लामो रहेछ यो बाटो । काली गण्डकी नदी उतरबाहिनी भएर बहेको, त्यही नदीको तिरमा बनाएको महल वास्तवमै प्रेमको प्रतिक मात्र नभएर त्यस बेलाको राणाहरू बीचको आन्तरिक कलह, ऐतिहासिक दस्तावेज र पुरातात्विक हिसावले पनि महत्वपूर्ण रहेछ । उत्तर तर्फ भएर बहने पवित्र नदी कालीगण्डकी तिरमा बनेको महल आकर्षक नहुने त कुरै भएन । सिर्जना समृद्धि च्यानलको लागि

सञ्चारकर्मी सरस्वती गौतम र स्वयम् मैले सहभागी मध्येका प्रा.डा. गोविन्द मान सिंह कार्की (इतिहासका प्राध्यापक) र डा. सावित्री श्रेष्ठ (अर्थशास्त्रका प्राध्यापक) सँग संवाद पनि गर्‍यौ । बिहान होटेलबाट निस्कन ढिला गरेका कारण भ्रमण समूहका साथीहरु सँग रिसाएकी दिदी सावित्री श्रेष्ठ रानीमहलमा पुगेपछि सिद्धिश्वरमान सरको विषय प्रसंग निस्कदा निकै भावुक बन्नु भएको थियो । दिदीका आखाँमा टिलपिलाएका आँशु र अवरुध भएको गला देखेर मैले कार्यनीति नै परिवर्तन गर्ने सोच बनाए । बिहान ढिलो गरेकाले हामीले यो सुन्दर स्थानमा अघाउन्जेल दृश्याङ्कन गर्न नपाएकै हो - कारण तानसेनमा मेयर संतोष लाल श्रेष्ठको आतिथ्यतामा नगरपालीका भवनमै हाम्रो साहित्यिक कार्यक्रम तय भएको थियो । फर्कियौ हामी रानीमहलबाट - पुग्यौ तानसेन नगरपालिकाको सभागृहमा । त्यस कार्यक्रममा मेयरले अक्षलोक साहित्यिक केन्द्रको आजीवन सदस्यता ग्रहण गर्नुभयो भने उहाँकै प्रमुख आतिथ्यतामा अरु सदस्यलाई सदस्यता प्रमाणपत्र वितरण गरियो । पुस्तक आदान प्रदान, पुस्तक चर्चा तथा समीक्षा भयो । अक्षलोक ६६औ अंक र प्रा. महेश्वरवान श्रेष्ठ स्मृति अंक लोकार्पण, गरिएको सो सभामा मेयरलाई सम्मान गरिएको थियो । संतोष लाल श्रेष्ठ र उप-प्राध्यापक अर्चना शाक्यले पाल्पा र तानसेनको इतिहास र वर्तमान बारे बताउदा हामी सबै जना मन्त्रमुग्ध मात्र भएका थिएनौं । पाल्पा र पाल्पावासी, तानसेन प्रति अनुग्रहित पनि भयौं । समूहमा आवध सर्जकहरुले रचना समेत वाचन गर्नु भएको उक्त कार्यक्रममा मैले पनि महत्वपूर्ण भूमिका पाएको थिएँ, थाहा छैन दिदीले सुम्पनु भएको कार्य मैले राम्ररी सम्पन्न गरेँ या गरिन तर तानसेनले दिएको माया र अक्षलोकले जुराएको र जुटाएको यो अवसर मेरो जीवनकालभर नशा नशामा प्रवाहित र प्रसारित भएर रहने छ । खाना पछि हामी तानसेनका सांस्कृतिक सम्पदा र धार्मीक स्थलहरूको दर्शन र अवलोकन निरिक्षण भ्रमणमा निस्कदा थाहा पायौ मानव सभ्यताको विकासमा नेपालीपनको सम्वृधिमा तानसेनले राम्रै भूमिका खेलेको रहेछ । धेरै विषय रहेछन् पाल्पा तानसेनसंग सिक्ने तर पनि अझै-विशेष महत्वको लाग्यो नेपाली सेनाका बहादुर कर्णेल रण उजिर सिंह थापाको वीरगाथा र रण उजिरेश्वरी भगवतीको मन्दिर स्थापनाको ऐतिहासिक दस्तावेज र जीउँदो वास्तविक इतिहास । पाल्पा तानसेन छाड्न मन नमाने

पनि त्यस पछि लुम्बीनीको वास भएकाले मन अमिलो पार्दै यात्रा प्रारम्भ भयो । पाल्पाको तानसेन बजार घुम्दा अचम्म लागेको विषय चाँही काठमाडौंका जुनजुन टोल र गल्ली थिए त्यहाँका गल्ली र चोकका नाम त्यही त्यही रहेछ। भौगोलिक अवस्थिति मात्र फरक। कला, संस्कृति सभ्यता र चिनारी सबै काठमाडौ जस्तै । विशेषतः नेवार जातीहरुको बाहुल्यता रहेछ त्यहाँ पनि। मनमा तानसेनलाई खेलाउँदै ओरालो झर्दै जाँदा बाटोमा पर्ने सिद्धवावा मंन्दिर (पहाडको भित्तामा निर्मित) मनमोहक र आध्यात्मिक हिसावले महत्वपूर्ण भएको कुरा अवलोकनबाट थाहा भयो । अक्षलोकमा पुरै वाक्य सिद्धिश्वरमान उपसर्ग जोडिएर बनेको संस्थाले कुनै मूल्य बिना नै आफ्ना आजीवन सदस्यहरूको लागि आयोजित यो सांस्कृतिक काव्य उत्प्रेरणा उत्सव वास्तवमै अनुकरणीय कार्यक्रम हो । फरक घर, फरक परिवार, फरक विचार र भाव, फरक उद्देश्य भएका २८ जना मान्छे सम्मिलित गरेर ४/५ दिनको अविराम यात्रा तय गर्नु भनेको चानचुने कुरा थिएन तर सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र, सावित्री दिदी र उहाँको परिवारले यो चुनौतीलाई सफलतामा सम्पन्न गर्‍यो। साथ दिने काम त हामी सहयात्रीको पनि हो । वुटवल केबुलकार चढेर कामख्या देवीको दर्शन गर्न माथि डाँडामा पुग्दाको आनन्दले सिमा पार गरेपनि मंन्दिर पुगेर सबै कुरा थाहा पाउँदा भने अलि शंका पनि लाग्यो- नेपाली मन न हो । शंका थियो - यो मन्दिर प्राचीन नभएर व्यापारिक हिसावले कसैको पहलमा निर्मीत भएको रहेछ। प्राकृतिक, जैविक, भौगोलिक र प्रर्यावरणीय अवस्था के होला पछि पछि गएर ? को संग कसले कस्तो सम्झौता गर्‍या होला भनेर मनभरी खिचडी पाकी रह्यो ।

जसोतसो सजिलै लुम्बिनी पुगियो । ठूलो समूहमा हिडेपछि यसो कसैको ओठ बाङ्गो हुनु, कसैको आँखामा कोही कसिङ्गर हुनु स्वभाविक नै हो । मिलनको इच्छाले एकान्त एक्लो चाहनु र मिल्न नसकेको कारण एक्लो हुनु उस्तै उस्तै होइनन्। फरक मान्छेका फरक मत हुनु अनौठो पनि होइन तर सहमतीमा पुगेर हस्ताक्षर नगरे सहकार्य र सहयात्रा हुन सक्ने थिएन । सहमती भएरै हामी साँझको सन्ध्यामा लुम्बिनी भित्र घुम्यौ। विभिन्न देशले बनाएका गुम्वा, मित्रराष्ट्रहरुको कला र संस्कृति झल्कने भौतिक संरचना हेर्दै, बन्द रहेको स्थललाई बाहिरैबाट प्रदक्षीणा गर्दै लुम्बीनी बगैंचा घुम्यौं । बुद्ध जन्मस्थल लुम्बीनीमा मायादेवी मन्दिर, त्यसको भित्री

संरचना भग्नावशेषको संरक्षण, पोखरी र अशोक स्तम्भ अवलोकन गर्दा छुट्टै आनन्द अनुभूति भएको थियो । रमाई रमाई फोटो खिच्दै गरेको अखण्ड दीपको बारेमा सहयात्री कुमार रंजीतले स-विस्तार मलाई बताउदा म निःशब्द भएँ । घामपानी बादल वर्षा जति बेला पनि बलिरहने त्यो दिप अखण्ड नभएर ग्यासबाट बालिएको कृत्रिम शान्ती दिप रहेछ । कुमार जीको विद्धता र अनुभव लोभलाग्दो थियो । प्रायः मत मिल्ने साथीहरुमा पवित्रा र समीना एकसाथ जिस्किरहन्थ्यौं हामी । मलाई त्यो यात्रा अवधिभरमा पवित्राजीको बोल्ने तरीका, शब्द चयन र प्रस्तुतीकरण देख्दा वौद्धिकताको मापन गर्न मन लाग्थ्यो तर कोही भन्दा कोही कम चाही थिएनन् । सबै सबैका प्रिय हामी ।

चैत्र १० गते सवेरै हामी लुम्बिनीको विश्व शान्ती स्तुपा पुग्यौं । हिँडेर गएका हामी हिँडेर आयौं त्यहि भएर त प्रत्येक सँग भौतिक स्पर्स भयो । त्यसपछि मनको दुरी झन् नजिकियो । त्यो समय यात्राको रोमाञ्चक पाटो मेनुका दिदी रहनु भयो । शुभश्री कान्छी सदस्य धेरथोर असहज हुनु स्वभाविक हो पाकाहरूको साथमा । जब लुम्बिनी बौद्ध विश्वविद्यालयको कार्यालय परिसरमा पुगियो त्यहाँ निर्मित संरचना र शान्तीको आभाषले मन प्रफूलित भयो । डीन डा. हरिशरण चंखुको स्वागतमा शुरु भएको त्यो साहित्यिक कार्यक्रममा पूर्व परीक्षा नियन्त्रक प्रा. सिद्धिश्वरमान श्रेष्ठको सम्मानमा परीक्षा भवनलाई "सिद्धिश्वर मान परीक्षा केन्द्र" नामाकरण गर्न माग गर्दै सँस्थाको तर्फबाट ज्ञापन पत्र बुझाउने कार्य भएको थियो । पुस्तक लोकार्पण र समीक्षा, रचना वाचन तथा मन्तव्य समेत गरी कार्यक्रम सम्पन्न गरिएको थियो । विश्वविद्यालयकै हातामा रहेका क्यान्टीनमा विहानको खाना खाएर हाम्रो टिम गण्डक नहर, सुस्ता र त्रिवेणीधाम जाने भन्दै पूर्ण तयारीमा निस्कियो । त्रिवेणीमा तिर्थाटन राम्रै सँग भयो । डुङ्गा चढेर बाल्मीकी आश्रम जाने भनेर हामी केही साथीहरु कोशी पारी पुग्यौ । त्यहाँ पुगेपछि थाहा भयो डेढ घन्टाको उकालो र असजिलो बाटो पार गरेपछि आश्रम पुगिन्छ भनेर । मेरो काम नै आफ्नो पेशागत धर्म निर्वाहा गर्नु थियो । स्पन्दन भान्जा र म दुवै समाचार संकलन र भिडियो लिनेतर्फ व्यस्त भयौ । बाँकी सदस्य गीत र नाचगानमा रमाए । मैले डुङ्गावालालाई फोन गरेर बोलाए हामी फर्कियौं, वालमिकी आश्रम जान नसकेर । त्रिवेणी धाममा चीया खाएर गण्डक नहर पुग्दा

सारै मुटु दुख्यो ।

बर्दघाट सुस्तापूर्वको त्रिवेणी धामको नेपाल र गण्डक ब्यारेजको नेपाल धेरै फरक थियो । छिमेकी भारतले बनाएको बाँध र नहरको अवलोकन गर्दा भारतको पेलाहा प्रवृति, नेपाललाई गरेको अन्याय र आफ्नै देशमा आफ्नै भूमिमा नागरिक अनागरिक बनेको दुखान्त कथा यथार्थमा देखियो । सुस्ताको कथा पनि त्यही सिमानाको पुलबाट टाढाको दृष्य देख्यौ । मन अमिलो पारेर हामी माटोप्रेमीहरु राज्य संचालनको जिम्मा लिएको कुलाङघारहरूको कर्मलाई धिक्कार्दै नवलपरासीको बर्दघाट फर्कियौ । गायिका सिन्धु जलसाका साथमा बर्दघाटकै होटेलमा साहित्यिक गोष्ठि र अन्तरक्रिया सम्पन्न भयो।

यात्राको चौथो दिन चैत्र ११ गते विहान चिया खाएर हामी काठमाडौंको यात्रामा लाग्यौं। बाटोमै पर्ने साश्वत धाममा पनि भित्रै गएर अवलोकन गर्‍यौं । जुनसुकै उद्देश्यले बनाएको भए पनि यो साँच्चै आत्मविभोर हुने पवित्र ठाँउ बनेको रहेछ । कला कौशल र संस्कृति झल्कने त्यो ठाँउ वास्तवमा हामीले नदेखेको स्वर्ग थियो । मनले त्यतै भने पनि नियतिले काठमाडौं धकेल्दै थियो । चितवनको इच्छा मनकामनामा बिहानको खाना तयारी हुँदै पनि थियो । घनश्याम राजकर्णिकार दाजुका दुई कृति लोकार्पण कार्यक्रम राखिएको थियो । डा. सावित्री श्रेष्ठ दिदीले भन्नुभयो राजन तिमीले पुस्तक समिक्षा गरी दिनु पर्‍यो । मैले नाई भन्न नसकेको त्यो क्षण मलाई नै कठिन थियो- कारण घनश्याम दाईसंग निकट नहुनु, उहाँका यी दुवै कृति मैले भरखर मात्र पाउनु । म असजिलोमा पनि सहज महसुस गर्ने मान्छे। किताब मागें, सिल खोलें - १५ मिनेट पढे। कार्यक्रम शुरु भयो। "भएकै चिज दिने त हो नि, कहि कतैबाट सापट लिने होइन" हिम्मतका साथ शुरु गरें । आधा घण्टा भन्दा बढी समय खर्च गरेको त्यो समय मेरा लागि अग्रजहरूको आशीर्वाद युक्त भयो । वरिष्ठ समालोचक डा. कार्की र डा. श्रेष्ठको अगाडि प्राज्ञ माधव प्रधानले संचालन गरेको, सरस्वती गौतम र कुमार रंजीत जस्ता संचारकर्मी साथमै भएको गोपाल मैनाली, राज रजक जस्ता अग्रजले नियाली रहेको पाल्पामा पुस्तक समीक्षा गरेर क्षमताको कसी घोटिसकेकी अर्का स्रस्टा पवित्रा अधिकारी सामुन्नेबाट सुनीरहेकी, प्रकाशजी आरोह अवरोहलाई कसी लगाउदै गरेको, डा. इला अगाडि भएको, सो कार्यक्रममा घनश्याम दाइको वौद्धिकता, यर्थाथता र

साहित्यिक अनुसन्धनात्मक नियात्रामा शुद्धता बुझेका नेपाली भाषीहरुले विश्वभरबाट एकै पटक नियालीरहेको अवस्थामा म जस्तो साहित्यको भूई मान्छेलाई यो जिम्मेवारी बोकाको मुखमा कुविन्डो होइन भन्ने कुरा मैले पनि प्रा. महेश्वरमान श्रेष्ठको कविता सङ्ग्रहको समीक्षा लुम्विनी बौद्ध विश्वविद्यालयको सभाहलमा प्रस्तुत गरी सकेकाले प्रमाणित त थियो नै । कार्यक्रम सकिएपछिको प्रतिक्रिया र स्वयः घनश्याम दाइले म चिन्दै नचिनेको फूच्चेकदको मान्छे लाई फोन गरेर धन्यवाद भाई, सारै राम्रो समीक्षा गरी दिनु भयो भन्दा डा. सावित्री दिदीलाई जिम्मेवारी दिनु भएकोमा हृदयतः धन्यवाद दिएको छु। कार्यक्रम पछि हाम्रो यात्रा शुरु भएको हो काठमाडौंको लागि ।

यसरी काठमाडौं देखि काठमाडौंसम्म भएको यो यात्रा मात्र यात्रा रहेन । यो त एक अविस्मरणीय पल भयो । नेपालको राजनीतिक परिवर्तन र जनजागरणमा भूमिका खेलेको अक्षलोकले तीन दशक पार गरे जस्तै सिद्धिश्वर सरले नेपाली समाजको रुपान्तरण र समाजसेवामा दिएको योगदान चिरस्थायी रहने प्रमाण लुम्बिनी बौद्ध विश्वविद्यालयमा भएको हाम्रो कार्यक्रममा व्यक्त भावना, विचार र वास्तविक घटनाको बयानबाट स्पष्ट भयो । म यो यात्रा विषयमा पुरै पुस्तक तयार पार्न सक्छु कुनै दिन पार्ने छु । अहिले मात्र घटना विवरण मोटामोटी प्रस्तुत गरेको छु, मेरो मानसपटलमा एउटा वाक्यांस दोहोरिरहन्छ "त्यो महान व्यक्तित्व (प्रा. सिद्धिश्वरमान सर) र म फुच्चे कदको मान्छे (राजन भाइ)को स्वभाव, व्यवहार कस्तो एउटै भनेर सावित्री दिदीले वारम्वार भनेको प्रसंग र सिद्धिश्वर सरलाई देख्ने, भेट्ने, सुन्ने, चिन्नेहरु सबै ले श्रद्धाका साथ देवता जस्तो मान्छे भनेको यथार्थता । शुभारम्भ ..................... । ■

विगत ४५ वर्ष देखि प्रकाशन हुँदै आएको अक्षलोक साहित्यिक पत्रिकाको निरन्तर प्रकाशन साथै नेपालको साहित्य जगतको विकाशमा अमुल्य योगदान पुर्याउन सफलताको लागि सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**उदय चुडामाणि बज्राचार्य, वडाध्यक्ष, वडा नं २१**
**एवं समस्त वडा नं २१ परिवार, काठमाडौं महानगरपालिका**




# PATAN MULTIPLE CAMPUS

## The Pioneer of Education

**Quality Education in affordable Price!**

## Multiple faculties available:

- Economics
- Population
- Rural Development
- English
- Culture and History
- Sociology
- Nepal Bhasha
- Management
- Science and Technology, etc.

Patan Multiple Campus,
Patan Dhoka, Lalitpur

01-5260330

# मेरो नजरमा साहित्यिक यात्रा

न्हुंछे नारायण श्रेष्ठ, शंखरापुर ९, काठमाडौं
हाल पुल्चोक इ.अ.सं. २०८१/१/२०

सबै कुरा आफुले भनेको र सोचेको जस्तो हुंदो रहेनछ । जिन्दगी कर्कलाको पानी हो जता ढल्क्यो उतै पोखिन्छ भन्ने कटु यथार्थ नै हो । जन्मंदा नै दुःख लिएर जन्मेका हामी प्राणीहरु जतिसुकै धाक देखाएपनि हुने हो एकदिन खरानी । त्यही पनि यसोत्यसो, यो र त्योको बहाना नचल्ने होईन । मृत्यु पनि थरि थरिका हुने रहेछन् । कोही मान्छे बित्दा मलामी जाने मान्छे समेत पाईदैन भने कोही मर्दा देशै रुने । यस्तै यस्तै परिवेशमा हुर्किएका, रमाएका मानिसहरु हौं हामी । अर्कातर्फ सितैमा पाए सबै हुने पैसा तिर्नु पर्‍यो भने लौ भयो चाहिंदैन, हामी कहाँ नै छ, जान्न आदी, इत्यादी उत्तरहरु हाम्रो जिब्रोमा झुण्डीएकै हुन्छन् । देश र समाजका लागि मान्छे मरेर गएपनि उनीहरुका योगदान कहिल्यै मर्दैनन् । उनीहरुको प्रेरणा, सही दिशा मार्गनिर्देशनलाई सकारात्मक दिशातर्फ मोड्नु हाम्रो कर्तव्य पनि हो । अर्को भनेको स्रष्टालाई सम्झने माध्यम भनेको उनीहरुको कृति नै हो । उनीहरुले खडा गरेको संस्था अर्थात घर पनि हो । मैले यति कोर्नुको अर्थ हो मेरा अग्रज, मेरा गुरु सिद्धिश्वर मान श्रेष्ठप्रति सम्झना । हो आज म टुहुरो भएको छु वहाँको अभावमा । कुनैबेला त्रिभुवन विश्वविद्यालयको इन्जिनियरिङ्ग अध्ययन संस्थानको परीक्षाको सहायक डीन हुनुहुन्थ्यो । त्यो बेला मैले वहाँलाई चिन्ने अवसर भनेको प्रगतिशील कर्मचारी संगठनको नाताले थियो । म बिभिन्न कार्यक्रममा वहाँलाई देख्थे, वहाँले मलाई अक्षलोका प्रकाशनहरु दिनुहुन्थ्यो र रचना पठाउन भन्नुहुन्थ्यो । मैले पनि त्यसै गरें र मेरा थुप्रै रचनाहरु अक्षलोकमा प्रकाशित पनि भए । यती मात्रै होईन वहाँले मलाई नेपाल बुद्धीजीवी परिषद् काठमाडौं जिल्लाको सदस्य पनि बनाउनुभयो । हाम्रो सम्बन्ध बलियो हुँदै थियो । वहँ रिटायर्ड हुनुभयो र लुम्बिनी बौद्ध विश्वविद्यालयमा परीक्षा प्रमुख भएर काम गर्न थाल्नु भयो । त्यसै दौरानमा वहाँले मलाई विद्यावारिधी गर्न सुझाउनुभयो र केही सामग्रीहरु समेत दिनुभयो । वहाँको मार्गनिर्देशन मुताविकनै मैले विद्यावारिधीमा भर्ना भएं । सबैभन्दा पहिला वहाँले नै मलाई

सफलताको बधाई दिनुभयो । त्यसपछि पनि लुम्बिनी बौद्ध विश्वविद्यालयमा, पेपर प्रिजेन्टेशन, टर्म पेपर पेश गर्न जाँदा वहाँसंगै बसेर चिया खाएको दिन अझै मानसपटलमा ताजै छ । अचानक वहाँ विरामी भई अस्पतालमा भर्ना भएको कुरा सुनेपछि मैले एकपटक फोनमा कुरा गरेको थिएं, ठिकै छ भेटुंला है भनेर छोटो जवाफ मलाई दिनुभएको थियो तर पछि मैले भेट्न पाईन । वहाँको दुःखद निधनप्रति मैले विश्वास नै गर्न सकिन र अझै सम्म विश्वास गर्न सकेको छैन । त्यसपछि सावित्री श्रेष्ठ म्याडमसंग मेरो कहिले कहीं कुराकानी हुन्थ्यो र वहांले नै मलाई सिद्धिश्वरमान अक्षलोका साहित्यिक केन्द्रको आजीवन सदस्यता प्रदान गर्नुभयो । त्यसपछि म्याडमले पनौती साहित्यिक यात्राको लागि खबर गर्नुभएको थियो । मेरो अफिसियल कामले गर्दा जान पाईन । समय बित्दै गयो फेरी पनि सावित्री श्रेष्ठ म्याडमले मलाई फोन गर्नुभयो र सांस्कृतिक काव्य उत्सव मनाउने र त्यो कार्यक्रममा सहभागी हुनका लागि अनुरोध गर्नुभयो । त्यसबेला मैले हुन्छ जाउंला तीन दिन अग्रजहरुसंगै रमाइलो गरौंला भन्ने लागेको थियो । तर विडम्बना सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रको सांस्कृतिक काव्य उत्प्रेरणा उत्सव कार्यक्रमको समयमा मेरो जेठो दाजु नेपाल मेडिकल अस्पताल जोरपाटीमा निमोनिया भई अस्पतालको आइसियूमा भर्ना भएका कारणले सहभागी हुन सकिंन । उपचारकै क्रममा आइसियूबाट भेन्टिलेटरमा राखेको तीन दिन पछि जेठो दाजुको फागुन २० गते देहावसान भयो । त्यसपछि भाउजुलाई पनि अस्पताल भर्ना गर्नुपऱ्यो ।

चाहेर पनि जान नसकिने भयो भनेर के गरौं के गरौं जस्तो भईरहेको थियो । मैले सोचें मेरा गुरु सिद्धिश्वर सरलाई सम्झीएं र सहभागी हुने २१ जनालाई नै नेपालको झण्डाको लोगो सानै भएपनि उपहार दिने सोच बनाएं । त्यो संगै तीन वटा हाते ब्याग लिएर मैले बोक्ने पुरानै झोला लिएर सावित्री म्याडमलाई फोन गरेर वहाँको निवास गएं । त्यहाँ पुग्दा म्याडम एकदमै ब्यस्त हुनुहुन्त्यो । वहांले भोलीको लागि तयारी गर्दैछु तपाई पनि केही क्षण सहयोग गर्नुहोस् भन्नुभयो । मैले हुन्छ भने स्पन्दनले चिया बनाएर दिनुभयो । चिया खांदै मैले म जान नसके पनि यात्राका सहभागी सबैलाई मायांको चिनो नेपालको झण्डा दिनुहोला भने र ब्यागहरु पनि

हस्तान्तरण गरें । कार्यक्रममा लानको लागि पुस्तकहरु, प्रमाणपत्रहरु राख्न केही सहयोग गरें । म्याडमले भोलीको कार्यक्रममा तपाईं सहभागी भएको भए राम्रो हुन्थ्यो, दाई बिते पनि मन्दिरहरुमा बत्ती बाल्न हुन्छ, जाऊं भनेर अनुरोध गर्नुभयो तर मैले घरमा भाउजु पनि धेरै बिरामी हुनुहुन्छ जान पाउँदिन भनें । अर्को कार्यक्रममा अवश्य जान्छु भनेर करिब एक घण्टा पछि म फर्कें ।

भोलीपल्ट बिहानै मैले म्याडमलाई फोन गरें हिँड्न लागेको भाई सामान हाल्दै छौं भन्नुभयो । मैले शुभ यात्रा, पानी परीरहेको छ विस्तारै जानुहोला भने । वहांले तपाईंले दिनुभएको झण्डा सबैलाई दिन्छु । विश्व कविता दिवसमा तपाईंको कविता पनि बाचन गर्छु भन्नुभयो । त्यसपछि मैले दिउँसो १२ बजे फोन गरें तर फोन उठेन । यस्तैगरी समय बित्दै गयो म पनि साहित्यिक यात्रा संगसंगै मनहरु दौडाउँदै हिडिरहें । मैले उपहारस्वरुप दिएको झण्डा राखेर हिंडेको फोटो मार्फत थाहा पाएं । साह्रै खुशी लाग्यो । साँच्चै भन्नु पर्दा सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रले फेसबुकमा पोष्ट गरेको फोटो र भिडियोहरु हेर्दा कतै म पनि त्यहाँ थिएं की जस्तो अनुभव हुन्थ्यो । टाढै भएपनि संचार र प्रविधिको सदुपयोग गर्दै म र म जस्ता साहित्यिक अनुरागीहरुलाई सहभागींहरुसंगै राख्नुभएको अनुभूति भयो ।


यो साहित्यिक यात्रामा एक-सय-एक अग्रज साहित्यकारहरु हुनुहुन्थ्यो अर्कातर्फ आमा खम्बा पद्ममावती सिंह दिदीको उपस्थितीले कार्यक्रम थप उर्जावान भएको महशुस मैले गरें । चार दिनको यात्रामा मैले काठमाडौं मै बसेर यो अनुभव गर्ने मौका पाएं । साहित्यिक यात्राका समपूर्ण सहभागीहरु देवघाट, पाल्पा, लुम्बिनी, कामाख्या देवीको धार्मिक सांस्कृतिक स्थलगत अवलोकन गर्नुका साथै त्यहाँको ऐतिहासिक महत्व बारे जानकारी प्राप्त गर्न सकियो भने अर्कातर्फ साहित्यिक यात्रामा सहभागी संचारकर्मी, राजनीतिक विश्लेषक, लेखक, गीतकार, सङ्गीतकार, वरिष्ठ बागवानीविद्, डाक्टर, ईन्जिनियरहरुको सामुहिक साहित्यिक यात्रालाई कम आंकलन गर्न कदापी सकिंदैन् । त्यस्तैगरी सिद्धिश्वर मान सरको व्यक्तित्व सामाजिक, प्रशासनीक र साहित्यिक क्षेत्रमा पुऱ्याउनु भएको योगदानका बारेमा चर्चा परिचर्चाका साथसाथै वहाँले अन्तिम समयसम्म गर्नुभएको कार्यस्थललाई नामाकरण गर्न ज्ञापनपत्र पेश गरिएको विषय, पाल्पा साहित्यिक समाजलाई आजीवन




सदस्यता दिएको विषय चानचुने हुनैसक्दैन् । संस्थाका आजीवन सदस्यहरुको अविचलित यात्रा, यात्राको समयमा देखाउनुभएको संयम, धैर्यता, क्षमता प्रष्फुटन अवश्य पनि उच्च कोटीको नै भएको मैले अनुमान गरें ।

सकारात्मक सोच, उच्च विचारका धनी, परिवर्तनका लागि सधैं हौसला दिनुहुने सिद्धिश्वर सरको सपना साकार पार्न अब हामी सबै साहित्य अनुरागीहरु एकजुट हुनुपर्दछ । कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको मा आयोजक, सहभागी सबैलाई धन्यवाद, तपाईंहरुसंग मेरो भेट त भएको छैन तर पनि तपाईहरुले पोष्ट गरेका बिचार, फोटोहरु मार्फत भेटघाट भएको जस्तो महसुस भएको छ ।

*आयो गयो समय रोकेर रोकिंदैन,*
*मायांको बन्धन सिद्धिश्वर सरसंग छेकेर छेकिंदैन*
*भव्य भयो सांस्कृतिक काव्य उत्प्रेरणा उत्सव*
*सिद्धिश्वरसरको सपना साकार पार्न गर्नु पर्छ अब महोत्सव ॥* ■




कर्मचारी हक
हितमा प्रतिवद्ध,
थापाथली क्याम्पस
कर्मचारी संघ,
सिद्धिश्वोरमान
अक्षलोक
साहित्यिक केन्द्रको
ऐतिहिसिक
कार्यक्रमको भव्य
रूपमा सम्पन्न होस्
भन्ने कामना गर्दछौं।

**ईश्वर कार्की**
**सभापति**

**नविन लामिछाने**
**सचिव**

**सम्पूर्ण कर्मचारी**
**थापाथली क्याम्पस**
**कर्मचारी संघ**

राजेन्द्र सुवेदीका
‘छानिएका भूमिकाहरू’
तथा अन्य कृतिहरू
खोजी खोजी पढ्नु होला ।
**९८४१३७८११६**

# अक्षलोक साहित्यिक प्रकाशन, सिद्धिश्वरमान श्रेष्ठ र लुम्बिनी बौद्ध विश्वविद्यालय

✒कुमार रञ्जित

यसपटक "विश्व कविता दिवस" को सन्दर्भ पारेर एउटा भिन्नै सांस्कृतिक "काव्य उत्प्रेरणा उत्सव यात्रा" मा सहभागी भएर फर्किएपछि त्यसको वर्णन गर्दा विभिन्न प्रकारका सकारात्मक प्रतिक्रिया प्राप्त भयो । पञ्चायती व्यवस्थाकालदेखि प्रगतिशील साहित्यिक धारामा निरन्तर योगदान गर्दै बौद्धिक तथा साहित्यिक वृत्तमा लोकप्रिय रहँदै आएको "अक्षलोक" प्रकाशनद्वारा आफ्ना प्रधान सम्पादक प्रा. सिद्धिश्वरमान श्रेष्ठको २०७८ साल जेष्ठ २७ गते असामयिक दुःखद् निधनपछि शोकको परिस्थितिमा स्थापना भएको "सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र" बाट आयोजना गरिएको चारदिने यात्रामा सहभागी हुन मलाई केन्द्रका संरक्षक डा. सावित्री श्रेष्ठले आमन्त्रण गर्नु भएपछि जसरी पनि समय निकाल्नैपर्ने परिस्थितिमा पुगेर फर्किएपछि स्मरण र विवरण प्रस्तुत गरेको छु ।

"अक्षलोक" सित मेरो सम्बन्ध पञ्चायती व्यवस्थाकालमै २०४४ सालमा भएको हो । त्यतिबेला मैले विद्यालय शिक्षा पूरा गरेर कलेज शिक्षातिर मात्रै होइन, राजनीतिक चेतनासहितको साहित्यिक यात्रा थालेको थिएँ । प्रगतिशील चेतनावाहक पत्र-पत्रिका र पुस्तकहरुको खोजी गर्दै पढ्ने र आफूमा उम्लिएका चेतनाका शब्दहरु पोख्ने काम मैले नेपालभाषा र नेपाली दुबैबाट सँगसँगै थालेको हुँ । पढ्दै आफ्नो आधारभूत आवश्यकता पनि पूरा गर्न मैले प्रेससम्बन्धी प्राविधिक काम पनि गर्थें । त्यस्तोमा मेरा अधिकांश समय तात्कालिन पञ्चायती व्यवस्था विरोधी विचार प्रवाह गर्दै आएका पत्र-पत्रिका छापिने प्रेसहरुमा बित्दथ्यो । त्यसै क्रममा काठमाडौंको थाय्मरुबाट मल्ल के. सुन्दर को सम्पादकत्वमा नेपालभाषामा प्रकाशित भैरहेको "इनाप" वाःपौ हुँदै "अक्षलोक" साथै देवेन्द्र गौतमको सम्पादकत्वमा "नयाँ करेन्ट" लगायत तात्कालिन केही चर्चित साप्ताहिक पत्रिकाहरु समेत छापिने प्यंगःथां (बांगेमुढा)

मा सञ्चालित मित्र छापाखानामा संलग्न हुनपुगेँ । त्यस बखत मित्र छापाखानामा बौद्धिक व्यक्तित्व तथा प्राज्ञिक अनुसन्धाताहरुका पुस्तक पनि छापिने गर्दथ्यो । प्रा. डा. पेशल दाहालको पुस्तकको काम पूरा गरिदिएपछि उहाँले आफ्नो पुस्तकको भूमिकामै मेरो नाम पनि उल्लेख गर्नुभएको सम्झिन्छु । मेरो जीवनमै कुनै बुद्धिजीवीले आफ्नो भूमिकामै नाम उल्लेख गरिदिएको त्यो नै पहिलो थियो ।

देशमा पञ्चायती व्यवस्था ढलेर संवैधानिक राजतन्त्रसहितको बहुदलिय प्रजातान्त्रिक व्यवस्था आयो । २०४८ साल पौषदेखि मैले चिर स्मरणीय अशोक श्रेष्ठको सम्पादकत्वमा नेपालभाषाबाट प्रकाशन भएको "न्हूगु विश्वभूमि" सन्ध्याकालिन दैनिकमार्फत् पत्रकारितामै पूर्णकालिन भएर काम थालेँ । २०५२ मा "कामना प्रकाशन गृह" बाट प्रकाशन थालिएको "आजको समाचारपत्र" राष्ट्रिय दैनिक, २०५८ मा "राजधानी" राष्ट्रिय दैनिक लगायत विभिन्न साप्ताहिक पत्रिकाहरुमा काम गर्दै २०५९ मा "रेडियो नेपाल" को समाचार शाखामा पनि पुगेर काम गरेँ । "रेडियो नेपाल" मा छँदै लुम्बिनी विकास कोषबाट दोस्रो विश्व बौद्ध सम्मेलन र त्यसपछि बुद्ध जन्मस्थलमा अवस्थित मायादेवी मन्दिरको समुद्घाटन कार्यक्रम आयोजना गरिएको थियो । त्यस अन्तर्राष्ट्रिय सम्मेलन र समुद्घाटन कार्यक्रमको प्रचार-प्रसार उप-समितिमा रहेर "रेडियो नेपाल" बाट प्रत्यक्ष प्रशारण गरेको टोलीमा समेत संलग्न भएर काम गरेको अविस्मरणीय छ ।

यसबीच देशमा नेकपा (माओवादी) द्वारा सञ्चालित "जनयुद्ध" साथै २०६२-६३ सालको दोस्रो जनआन्दोलन पनि १२ बुँदे सम्झौतामा पुगेर टुंगिएपछि २ सय ५० वर्ष पुरानो शाहवंशीय राजतन्त्र अन्त्य साथै संघीय लोकतान्त्रिक व्यवस्थाको घोषणा भयो । त्यसपछिका दिनमा विभिन्न पत्र-पत्रिका र अभियानहरु हुँदै २०७१ सालको मंसिरदेखि "कम्युनिकेशन कर्नर" द्वारा सञ्चालित "उज्यालो रेडियो नेटवर्क" मा काम गर्न पुगेँ । त्यसैताकादेखि "अक्षलोक" का सम्पादक डा. सावित्री श्रेष्ठ र प्रधान सम्पादक प्रा. सिद्धिश्वर मान श्रेष्ठकासाथ प्रत्यक्ष सम्बन्ध स्थापित भयो । सावित्री दिदी हाम्रै टोल-छिमेक ज्याबहालका शिक्षित परिवारकी चेली साथै पाटन संयुक्त क्याम्पसमा प्राध्यापन गर्नुहुन्थ्यो । सिद्धिश्वर सर लुम्बिनी बौद्ध विश्वविद्यालयमा परीक्षा प्रमुखका रुपमा प्राज्ञिक उन्नयन कार्यमा समर्पित हुनुहुन्थ्यो

। मेरी जीवनसंगिनी डा. जुनु बासुकला रञ्जितकार पाटन संयुक्त क्याम्पसमै इतिहास तथा बौद्ध अध्ययन विभाग अन्तर्गत प्राध्यापन सेवामै रहेको उहाँहरु दुबैमा जानकारी थियो । म "उज्यालो रेडियो" बाट नेपालभाषाबाट प्रशारण हुने "लहना" कार्यक्रममा सहकर्मी सिल्भिया राजोपाध्यायकासाथ दैनिक समाचार साथै विभिन्न विषय विज्ञहरुका अन्तर्वार्ता पनि गर्थें । त्यसरी विषयगत साथै कार्यगत रुपमै पनि हाम्रो आत्मीय निकटता रहन पुग्यो ।

यसैबीच संसारभरी नै कोभिड-१९ कोरोना भाइरसको महामारी व्याप्त भयो । सिद्धिश्वर सर त्यस भाइरसबाट संक्रमित भएर अस्पताल भर्ती हुनुभएको समाचार निरन्तर आइरह्यो। चिन्ता र सहानुभूति व्याप्त भइरहेको अवस्थाकाबीच सावित्री दिदीमाथि बज्रप्रहार गर्दै प्रा. सिद्धिश्वरमान श्रेष्ठ सर किर्तीशेष हुनुभएको मार्मिक जानकारी आयो । सोही शोकका बीचबाट "सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र" को जन्म भएको जानकारी पायौँ ।

त्यसै केन्द्रको आयोजनामा २०७९ आषाढ ३२ गतेका दिन राष्ट्रिय नाचघरमा नेपाली साहित्यका चार ज्येष्ठ महिला साहित्यकारहरु क्रमशः माया ठकुरी, पद्मावती सिंह, भागिरथी श्रेष्ठ र जलेश्वरी श्रेष्ठहरुलाई "नेपाली साहित्यको आमा खम्बा" उपाधी साथै अन्य सम्मान र पुरस्कारहरु प्रदान गर्दै भव्य कार्यक्रमको आयोजना गरियो। त्यसको भोलिपल्टै मैले डा. सावित्री श्रेष्ठ दिदीलाई रेडियो कार्यक्रममा अन्तर्वार्ताका लागि पाहुनाका रुपमा निम्त्याएँ। त्यसक्रममा उहाँले अश्रुपूर्ण घटना विवरणहरु, शोकको अवस्था साथै दृढतापूर्ण भविष्यका योजनाबारे व्यक्त गर्नुभएका अभिव्यक्तिमा संसारभरी छरिएका स्रोताहरुबाट विभिन्न प्रतिक्रिया प्राप्त भयो । त्यसलाई लिएर बागमती प्रदेशका सभासद (पछि मन्त्री) रामकृष्ण चित्रकार साथै किशोर वन्त, किरण खड्गी नेवाः, अमर तुलाधर, गौतम बज्राचार्य, ताराचन्द्र देवकोटा, रुपक राजोपाध्याय लगायतले प्रतिक्रिया तथा विभिन्न जिज्ञासाहरु व्यक्त गर्नुभएको रेकर्ड छ।

त्यसको एक वर्षपछि डा. सावित्री श्रेष्ठसित उहाँले विद्यावारिधीका लागि छनोट गर्नुभएको विषय "नेवाः समाजमा पोडे महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था" बारेमा गहन छलफल गर्न पाहुनाका रुपमा रेडियो कार्यक्रममा आमन्त्रण गरेँ । त्यस क्रममा उहाँले दिनुभएका महत्वपूर्ण सूचना र गम्भीर प्रकृतिका विचारबाट प्रभावित

भएर संयुक्त राज्य अमेरिकामा बसोबास गरिरहनुभएका नेपालभाषाका कथाकार केशरमान ताम्राकार, प्रसिद्ध फोटोग्राफर मिन बज्राचार्य, संस्कृतिका अध्येता तथा अधिवक्ता राजाराम श्रेष्ठ, व्यवसायी विपिन शिल्पकार साथै सम्बन्धित समुदायका अगुवाहरु प्रकाश द्यःला र किरण खड्गीहरुले प्रतिक्रिया तथा जिज्ञासा राख्नुभएको थियो । त्यसका अलावा सम्बन्धित द्यःला समाजका अगुवाहरुले त मसित सावित्री दिदीको मोबाइल नम्बर नै मागेर भेट्ने अभिलाषा राखेका थिए। सावित्री दिदीको उक्त अन्तर्वार्ता नेवाः समाजमा जागृतिको एउटा नमूना नै भएको द्यःला समाजका महासचिव बाबुराजा द्योलाले बताउनुभएको भयो ।

यसै क्रममा २०८० को श्रावण ६ गते मेरा लागि महत्वपूर्ण मध्ये एक अविस्मरणीय दिन बन्न पुग्यो । ३६ वर्षअघि नै आफूसित श्रमको सम्बन्ध कायम भएको र त्यसपछिका दिनमा पनि विभिन्न प्रकारबाट सम्बन्ध रहँदै आएको "सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र" द्वारा राष्ट्रिय नाचघरमा आयोजित एक भव्य कार्यक्रमबीच मलाई "नेपाली सञ्चार र नेपालभाषाको उत्थानमा अविरल रुपमा सक्रिय रही उत्कृष्ट योगदान गरेको" उल्लेख गर्दै सम्मान-पत्र र मेडल सहित "सिद्धिश्वर मान उत्कृष्ट सञ्चार साधक सम्मान" प्रदान गरेर कृतज्ञ बनायो । त्यस कार्यक्रम अवधिभरी मेरो मस्तिष्कमा "अक्षलोक" छापिने गरेको "मित्र छापाखाना" र त्यहाँ भेटिएका हरिमान दाई साथै अन्य नामै बिर्सिसकेका थुप्रै मित्रहरुका स्मृति-दृश्यहरु मस्तिष्कमा घुमिरह्यो। उक्त सम्मानका प्रतीकहरुलाई मेरो कार्यकक्षमा स-सम्मान सजाएर राखेको छु ।

त्यसको आठ महिनापछि सावित्री दिदीले "काव्य उत्प्रेरणा उत्सव यात्रा" मा सहभागी भएर पाल्पाको तानसेन, बुद्ध जन्मभूमि लुम्बिनी साथै अन्य थुप्रै ठाउँको यात्रा गर्न निम्तो दिनुभएपछि तीन रात र चार दिनको यात्रामा विभिन्न क्षेत्रको प्रतिनिधित्व रहेको हाम्रो २८ जनाको समूहले निश्चित उद्देश्यकासाथ २०८० चैत्र ८ गते बिहान सखारै काठमाडौं छाड्यौं ।

सबैभन्दा पहिले हाम्रो यात्राको बिसौनी काठमाडौंको छिमेकी जिल्ला धादिङको त्रिशूली नदी किनारमा बैरेनीस्थित अम्लेश्वर महादेवस्थल रहेको स्थानमा भयो । त्यहाँ चियापानपछि हाम्रो समूह तनहुँ र चितवनको सीमानामा रहेको प्रसिद्ध तीर्थस्थल देवघाटमा पुग्यो। त्यहाँ पैदलयात्रापछि खाना खाएर यात्रा

पाल्पातर्फ सोझियो । बेलुकी अबेर पाल्पा पुगेर खाना खाएर सुत्यौं ।

भोलिपल्ट ९ गते बिहानै चियापानपछि हामी पाल्पाको तानसेनबाट १३ किलोमिटर उत्तरतर्फ कालिगण्डकी नदीको तिरमा १ सय २६ वर्षअघि खड्ग शमशेरले आफ्नी रानी तेज कुमारीको स्मृतिमा चार वर्ष लगाएर निर्माण पूरा गराएको "रानी महल" मा पुग्यौं । राणा शासकहरुबीच आन्तरिक कलहपछि राजधानीबाट टाढा पुऱ्याइएका खड्गले शिकारका क्रममा लुम्बिनीको जंगलमा भग्नावशेषसहित हराइरहेको मायादेवी मन्दिर र अशोक स्तम्भ उत्खनन्मा महत्वपूर्ण प्रारम्भिक योगदान पुऱ्याएको इतिहासमा उल्लेख छ । कालिगण्डकी नदी उत्तरबाहिनी भएर बगिरहेको तिरमा बनाइएको महल वास्तवमै आकर्षक देखिन्छ ।

त्यहाँबाट हामी तानसेन नगरपालिकाको सभागृहमा पुग्यौं । त्यहाँ नगरप्रमुख सन्तोष लाल श्रेष्ठबाट स्वागतपछि उहाँकै प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा "सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र" का आजीवन सदस्यहरुलाई प्रमाण-पत्र प्रदान गरियो । त्यसरी ३६ वर्ष पुरानो सम्बन्धलाई आजीवन सदस्यताको प्रमाण-पत्रमार्फत् औपचारिकता प्रदान भयो । कार्यक्रममा नगरप्रमुख श्रेष्ठ र तानसेनस्थित त्रिभुवन बहुमुखी क्याम्पसकी उप-प्राध्यापक अर्चना शाक्यबाट पाल्पा र तानसेनको इतिहास र वर्तमानबारे विस्तृतमा जानकारी प्राप्त भयो । त्यसैगरी कार्यक्रममा "अक्षलोक" को ६६ औँ अङ्क, प्रा. महेश्वरमान श्रेष्ठ स्मृति अङ्क र उहाँको "स्मृतिका पानाहरु" (कविता र गीत सङ्ग्रह) पुस्तक लोकार्पण साथै आदान-प्रदान पनि गरियो । कार्यक्रममा यात्रा टोलीमा संलग्न नेपाली साहित्यकी आमा खम्बा पद्मावती सिंह, प्राज्ञ लक्ष्मी माली, डा. इला श्रेष्ठ, प्रा. डा. गोविन्द मान सिंह कार्की, जनवादी संस्कृतिकर्मी माधव प्रधान, पवित्रा अधिकारी, राजन न्यौपाने, सरस्वती गौतम, राज रजक, होम प्रसाद न्यौपाने साथै पाल्पा साहित्य समाजका अध्यक्ष उपेन्द्र राज रेग्मीले पनि रचना तथा मन्तव्य व्यक्त गर्नुभएको थियो ।

तानसेनमा हाम्रो टोलीबाट त्यहाँका विभिन्न सांस्कृतिक सम्पदाहरुको निरिक्षण भ्रमण भयो । भ्रमणका क्रममा पाल्पा साहित्य समाजका सदस्य राजेन्द्र गोपाल सिंहबाट नेपाली सेनाका बहादुर कर्णेल रण उजिर सिंह थापाको वीरगाथा र उनीद्वारा स्थापित

स्थानीय रण उजिरेश्वरी भगवती साथै जात्राबारे महत्वपूर्ण जानकारी प्राप्त भयो । राजेन्द्रजी काठमाडौँको ग्वंग:बुँमा अर्का साहित्यकार मित्र रत्न प्रसाद अनामणीको साहित्यिक भेटघाटस्थलमा परिचय भएका मेरा साहित्यप्रेमी आत्मिय हुनुहुन्छ । तानसेनवासी साहित्यमा अत्यन्तै अभिरुची राख्ने पुस्तक संकलक पनि रहेका राजेन्द्रजीले नै मलाई २०४० सालमा प्रकाशित "अक्षलोक" को विश्व दार्शनिक कार्ल मार्क्स विशेषाङ्कको स्वरुप उपलब्ध गराउनुभएको हो । त्यसैगरी तानसेनमा नेपालभाषाकी उपन्यासकार समेत रहेकी उप-प्राध्यापक अर्चना शाक्यबाट उहाँको कृति "ख्वबि व लाय्लामा" प्राप्त भयो ।

पाल्पाबाट प्रस्थान गरेर हाम्रो टोली साँझ लुम्बिनी पुग्यौँ। त्यसै साँझ केही मित्रराष्ट्रहरुको कला र संस्कृति प्रतिनिधित्व रहेको वास्तु संरचनाहरुको निरिक्षणपछि लुम्बिनी बगैँचास्थित बुद्ध जन्मस्थल मायादेवी मन्दिरको भित्री संरचना, अशोक स्तम्भ साथै पवित्र पोखरीको पनि दर्शन गर्‍यौँ। त्यो लुम्बिनीसित जोडिएको मेरो जीवनको २२ वर्ष लामो सम्बन्धमा पुनर्ताजगी हुन पुग्यो । भोलिपल्ट १० गते बिहानै पुनः हाम्रो टोली लुम्बिनीको विश्व शान्ति स्तूप साथै अन्य मित्र राष्ट्रहरुका वास्तु संरचनाहरुको दर्शन गर्न पुग्यौँ । लुम्बिनी परिक्रमा गरुञ्जेल मलाई त्रिविको बौद्ध अध्ययन विभागले ०५८ सालमा गराएको भ्रमण टोली, अन्तर्राष्ट्रिय सम्मेलन हुँदा हाम्रो प्रचार-प्रसार उप-समितिका संयोजक नविन चित्रकार र मन्दिर समुद्घाटन हुँदा लुम्बिनी विकास कोषका सदस्य-सचिव रहनुभएका गोविन्द चित्रकारसित गरेको सहकार्यको सम्झना भइरह्यो ।

विश्व शान्ति स्तूपबाट हाम्रो समूह लुम्बिनी बौद्ध विश्वविद्यालयको केन्द्रीय कार्यालय परिसरमा पुग्यो । त्यहाँ हामीलाई विश्वविद्यालयका डीन डा. हरिशरण चखुंले स्वागत गर्नुहुँदै सिद्धिश्वर मान श्रेष्ठले परीक्षा नियन्त्रकका रुपमा पुऱ्याउनुभएको योगदानबारे स्मरण-चर्चा गर्नुभयो। कार्यक्रममा "सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र" का तर्फबाट ज्ञापन-पत्र हस्तान्तरण गर्दै उहाँको सप्रेम उत्प्रेरक सम्मानमा उहाँको प्यारो कार्यक्षेत्र लुम्बिनी विश्वविद्यालयको परीक्षा केन्द्रलाई "सिद्धिश्वरमान परीक्षा केन्द्र" का रुपमा परिणत गरी परीक्षा प्रणालीलाई ओजपूर्ण समेत गरिँदै लान प्रेरणा मिलोस् भन्ने ध्ययेसहित शुभेच्छा व्यक्त गरिएको छ

। कार्यक्रममा टोलीका सदस्यहरुले आफ्ना रचना वाचन गर्नुभएको थियो ।

यात्रा समूह त्यसै दिन लुम्बिनीबाट फर्केर नवलपरासीको बर्दघाटको बासस्थानमा पुग्दा दोस्रो संविधानसभा सदस्य तथा प्रगतिशील गायिका सिन्धु जलसाकासाथ परिचयात्मक भेटघाट र अन्तरकृया कार्यक्रम सम्पन्न भयो । त्यसै क्रममा उहाँले आफू अहिले नेपाली युवालाई स्वदेशमै सम्भावनाको खोजी गर्ने क्षमताको विकास गर्न विद्यालय सञ्चालनका लागि तयारी गरिरहेको जानकारी गराउनुभयो ।

त्यसको भोलीपल्ट यात्राको चौथो दिन ११ गते बर्दघाटबाट फर्कने क्रममा गण्डक ब्यारेजमा छिमेकी भारतद्वारा बनाइएको बाँध र नहरको अवलोकनपछि आपसमा नेपाली भूमि र जनता अन्यायमा परेकोबारे चर्चा गर्‍यौँ । त्यहाँबाट टोली केबुलकार चढेर नवनिर्मित कामाख्या मन्दिर हुँदै फर्किएर धादिङको इच्छा मनकामना पुगेर प्रसिद्ध नियात्राकार घनश्याम राजकर्णिकारका दुई नयाँ कृतिहरु “कृष्ण पाउरोटी र कृष्ण बहादुर राजकर्णिकार” साथै “सम्झनामा मेरा पुर्खा” को सामुहिक विमोचन कार्यक्रम सम्पन्न गरियो । ■

**Laxmi Baibhav Infra Engineering Private Limited**

ISO 9001:2015 certified

Mahalaxmisthan, Lalitpur

web: blconstruction.com.np

Phone: 01-5430713

BLC

“We provide a complete solution in HT/LT & Transmission lines”

# साहित्यिक काव्य उत्प्रेरणा उत्सव

✒डा. सावित्री श्रेष्ठ

पृथ्वी हिँडिरहेछ आफ्नै सुरमा ताल मिलाई, हामी पनि हिँडिरहेछौं । कोही छिट्छिटो कोही अली ढिलो । कोही ढीलो तर गरिमामय लयमा कोही छिटो तर आफै माथी प्रश्न उठाउँदै । विभिन्न विचारको संसार यो, एउटा नयँ विचार संग परिचय हुँदैछु । पचास-साठी वर्ष नाघेका व्यक्तिहरू, छोराछोरी विदेशी भइदिएका आमा, बुबाहरू क्रमसः जीवनको कम अर्थ देख्न थालेका छन् । कमाएर के गर्नु ? बचाएर के गर्नु ? एउटा अण्डा खान त सोच्नु पर्छ, कतै हिँड्दा खुट्टा दुख्छ यस्तै उस्तै ।

स्वर्णिमा र स्पन्दनले चाँही सानै देखि तपाई आफ्नो जीवन बाँच्नोस्, जहाँ घुम्न मनलाग्छ जानोस्, आफ्नो लागि कमाउने हो, छोराछोरीले पनि आफ्नो लागि आफै कमाई हाल्छन् भन्दै आएका हुन् । सिद्धिश्वर सरले पनि तिमी मनलागेको काम गर, केटाकेटी-घर म हेरी दिन्छु भन्नु हुन्थ्यो । आजकल सर बीना नै तर सरकै लागि, मानवताकै लागि सामाजिक परिवर्तनकै लागि लागिरहेकी छु, यसमा पनि मलाई साथ छ केटाकेटीको र यहाँहरूको पनि ।

यात्रामा पाईलाहरू मात्र हिँड्दैनन्, जीवन हिँड्छ, स्नेह हिँड्छ, स्वभाव हिँड्छ, कहिलेकाँही नजिकको मान्छे टाढा बन्छ र टाढाको नजिक । साँस्कृतिक काव्य उत्प्रेरणा उत्सवमा हामी २८ जनाको टीम, गल्छी, तनहु, त्रिवेणी, पाल्पा, कामख्या, मायादेवी यवं लुम्बिनी परिषद, शान्ति स्तुपा, लुम्बिनी बौद्ध विश्व विद्यालय, बर्दघाट, गण्डक ड्याम, ईच्छा कामना, आदि ठाउँहरुमा विश्व कविता दिवस, होली लगायत अवसरहरु मनाउँदै यात्रा गऱ्यौं । चारवटा पुस्तक यवं अक्षलोकको लोकार्पर्ण र विश्लेषण गरेर शव्द साधना, कविता गोष्ठी, मन-मन्थन गरी रह्यौं । एउटा आत्मिय संसार बनायौं प्राज्ञ लक्ष्मी माली दिदी, पद्मा दिदी लगायतको स्नेहको छाता ओढेर । सहयात्री सबै प्रति हार्दिक आभार, गज्जबको स्नेहनदीमा हिँड्न सकेकोमा ।

सांसकृतिक काव्य उत्प्रेरणा उत्सव गज्जबसंग संम्पूर्ण भएको छ । गीत गजल र काव्यमय, विचारशील उत्प्रेरक तीन रात र चार दिनहरू चाँदनीमा मुछिएका किरणहरू जसरी अघि वढेका छन् । हरक्षणलाई महोत्सव बनाउन हरदम तत्पर राजन न्यौपाने, माधव प्रधान, सरस्वती गौतम,

गोविन्द मान सिंह कार्की, लक्ष्मी माली, पद्मावती सिंह, शुशिला श्रेष्ठ, पवित्रा अधिकारी, मंदिरा मधुश्री, समिना खनाल, होम प्रसाद न्यौपाने, गोपाल कुमार मैनाली, राज्यलक्ष्मी श्रेष्ठ, स्पन्दन श्रेष्ठ, प्रकास श्रेष्ठ, मेनका बिमेज, ईला श्रेष्ठ, राज रजक, कुमार रंजीत लगायतको शृजना, मेहनत विचार, स्नेह, चासो, अपनत्वको एकैसाथ अनुपम अनुभूत भयो । पूर्व निर्धारित स्थानहरूभन्दा अझ बढी स्थानको सांस्कृतिक परिभ्रमण, पूर्व निर्धारित भन्दा बढी साहित्यिक, प्राज्ञिक र संस्थागत कार्यहरू संम्पन्न गर्नमा सबै जना उत्तिकै तत्पर र योजनाबद्ध उत्साहित, उत्प्रेरित ढंगले लागि परेका थिए ।

काठमाडौंको जडीबुटीबाट ४.१५ मा प्रकास, मंदिरा, शुभश्रीबाट सुरू भएको यात्राका क्रममा गोपाल मैनालीको अपूर्व सहयोग रह्यो, रूनझुन पानी परिरहेको त्यो चिसो विहानीमा न्यानो हौसला वोकि उहाँ चार बजे नै आउनुभयो, कोटश्वर संजिवनी मार्ग स्थित सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रको प्रागनमा । प्रमाणपत्रहरू, पुस्तकहरू, ज्ञापनपत्र, अभिव्यन्जना पत्रहरू र अन्य सबै स-साना बाकसहरू बाटोसम्म लान सहयोग गर्नुभयो । साथीहरूको फोन धमाधम आउँदै थियो । तर निश्चित ठाउँ र समय समेत तोकिएकोले सबैजना निर्धारित ठाउँमै हुनुहन्थ्यो, मात्र बसले केही ढिलो गर्यो । तोकिएको समयभन्दा पच्चीस मिनेट पछाडी हामीले कलंकि चोक छाड्यौं । त्यसपछि गल्छीमा गएर विश्राम लियौं - अमलश्वर महादेवको काखमा । त्यँहि हामीले अष्टलक्षी महर्जन र टीमले बनाएको तातो मिठो खाजा र चिया लियौं, मन्दिर परिक्रमा, थोरै हाईकिंग पनि गरे मेनुका लगायत केहिले, फोटो चांही सबैले लियौं, थरीथरीका, सिंगल डवल, एकल, समुह, सबै प्रकारको । एउटा दिव्य तृप्ति पहिलो दिनको पहिलो गन्तव्यको सार संयोजन मिलेकोमा, सहयात्रीहरूको अनुहारमा मुस्कान प्रफुल्लित पल्लवित हुँदै गरेको देख्दा ।

सिद्धिश्वर सरको महाप्रस्थान पछि एउटा काव्य यात्रा आयोजना गर्नुपर्छ जस्तो लागिरहेको थियो । केही भौतिक प्रयास र अलि धेरै बौद्धिक प्रयास पछि यात्राको कार्ययोजना तयार हुँदै गयो । चार दिनको यात्राको लागि प्रतिव्यक्ति ८ देखि दस हजार लाग्ने अनुमानित बजेट पनि बन्यो । पन्ध्रजना भन्दा कम त के जाने र ! पाल्पा र विशेषत सिद्धिश्वर सरको कर्मभूमी लुम्बिनी र त्यसमा पनि लुम्बिनी बौद्ध विश्वविद्यालय त जानै पर्छ । एउटा घनिभूत



आवाज गुन्जाउनु पर्छ। तपस्यारत शिक्षाध्यक्ष हुनु हुन्छ डा. तिलक राम आचार्य, उहाँ र सिद्धिश्वर सर एक आपसलाई आदर्श मान्ने, दुबै कामका भूत। सल्लाह गर्ने व्यक्ति नै भएन भन्नु हुन्छ तिलक सर। के गर्नु र नियतिको अगाडि कसको के लाग्दो रहेछ र !

लुम्बिनी बौद्ध विश्वविद्यालयमा हामीले ज्ञापनपत्र बुझायौं, सिद्धिश्वर सरको नाममा त्यहाँको परीषा नियन्त्रणको कार्य स्थान नामाकरण गरि वहाँको सम्झना मात्र नभई कार्यदक्षतालाई पनि निरन्तरता दिनको लागि। प्राज्ञ लक्ष्मी माली दिदीले त्यो ज्ञापनपत्र अत्यन्तै शसक्त वाणीमा वाचन गरेर संस्पूर्ण सभा स्तव्ध पारिदिनु भयो। बीचमा भक्कानिनु भयो प्रीय दिदी, अश्रु नदीमा स्नान गरेर पवित्र भयौं हामी सबै। सरका सवारी सारथी कामेश्वर यादवको आँसु रुपी कुराले पनि रूझ्यो लुम्बिनी विश्वविद्यालयको त्यो सभाकक्ष। त्यो दिन धेरै आँसुहरू बगे, धेरै गीतहरू गुन्जिए, धेरै कविताहरु वाचन भए, लुम्बिनी विश्वविद्यालयमा एउटा अद्भूत ईतिहासको रचना भयो त्यो दिन। न भूते न भविष्ते भने जस्तो युगौं-युगमा एक पटक बन्ने ईतिहास बन्यो त्यो दिन। देशका विभिन्न ठाउँका श्रष्टाहरू काठमाडौंमा भेला भएर, एकै परिवार बनेर एउटै आवाज र ध्यय लिएर, उत्साहमा आँसु समेत मिसिएको दिन थियो त्यो।

# ज्ञापनपत्र

श्रीमान उपकुलपतिज्यू,
तथा लुम्बिनी विश्वविद्यालय परिवार

लुम्बिनी बौद्ध विश्वविद्यालयको उद्देश्य गरिमामय कार्यहरूमा व्यक्तिविशेषको खुबी पहिचान गरी सम्बद्ध व्यक्तित्वहरूको श्रीवृद्धिमा तत्पर रहनु पनि हो । परीक्षा नियन्त्रक कृतिशेष श्री सिद्धिश्वरमान श्रेष्ठ यस विश्वविद्यालयको श्रीवृद्धि, प्राज्ञिक उन्नयन र परीक्षा प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरमा सर्वोत्कृष्ट रूपमा स्थापित गर्न सो संस्थामा प्रवेश भएदेखि जीवनपर्यन्त आफ्नो ज्ञान, सीप, लगन, कार्यशीलता तथा व्यवस्थापकीय कौशल प्रयोग गरी संस्थाको उन्नतीको लागी तत्पर रहँदारहँदै कोभिड १९ को सङ्क्रमणबाट बच्न सक्नुभएन । आफ्नो जीवनको लागी संघर्षरत् रहँदा नै पनि कान्तिपुर अस्पतालबाट निजामती अस्पतालसम्मको एम्बुलेन्सको अन्तिम यात्रामा अर्धबेहोस अवस्थामा समेत सो विश्वविद्यालयको प्राज्ञिक उन्नयन र विशेषत परीक्षा प्रणालीमा केन्द्रित रही कार्ययोजना बनाउँदै रहनु भयो । उहाँको आवाजको ओज, पन्ध्र वर्षीय कार्ययोजना, आफ्नो कार्यप्रतिको गौरवानुभूति एवं निर्धक्क कार्यान्वयनको प्रतिबद्धताले वातावरण गुञ्जायमान भएको थियो एम्बुलेन्समा । अक्षलोक परिवार र लुम्बिनी बौद्ध विश्वविद्यालयले एउटा शालीन, भद्र, शान्त, कार्यशील, योजनाबद्ध, अनुशासित, विज्ञ र स्नेहमयी व्यक्तित्व गुमाएर अपूरणीय क्षति बेहोरिरहेको छ ।

उहाँको सप्रेम उत्प्रेरक सम्मानमा उहाँको प्यारो कार्यक्षेत्र लुम्बिनी विश्वविद्यालयको परीक्षा केन्द्रलाई **“सिद्धिश्वरमान परीक्षा केन्द्र”** का रूपमा परिणत गरी परीक्षा प्रणालीलाई ओजपूर्णसमेत गरिँदै लान प्रेरणा मिलोस् भन्ने ध्येयसहित शुभेक्षा व्यक्त गर्दछौं । ज्ञानका अखण्ड ज्योति भगवान् बुद्धको नाममा स्थापित यस विश्वविद्यालयको सुकीर्ति सारा ब्रह्माण्डमा पल्लवित रहोस् भन्ने मनोकाङ्क्षा राख्दछौँ ।

डा. सावित्री श्रेष्ठ
संरक्षक

ई. स्वजन स्वराज शाक्य
अध्यक्ष

**मितिः २०८०/१२/१०**

## सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र


यो एउटा औपचारिक निवेदन मात्र हो, विश्वविद्यालय र तिलक सर पनि सिद्धिश्वर सरको लागि केहि गर्न तत्पर नै हुनुहुन्छ, कार्यान्वयन त पक्कै हुन्छ नै ।

काव्य यात्राका तयारी दिनहरू कविता जस्ता थिए मेरो लागि, को कसलाई लाने, कसरी समायोजन गर्ने, बजेट व्यवस्थापन कसरी गर्ने, अनेकौं तयारीहरू । चैत्र आठ गते बिहानै हामीलाई हिँड्नु थियो, चैत्र सात गते देखि नै पानी पर्न थाल्यो, साँझ रूनभ्रुन वर्षा बीचमै न्हुच्छे नारायण श्रेष्ठजी आई पुगे । लगनखेल पुगेर नेपालको भ्रूण्डाको पिन किनेर सबैलाई बाँड्न, उहाँ आफु आउन नमिल्ने भएता पनि, उहाँले त्यो साँझ, भोलीको यात्राको तयारीको लागि नपुग सबै कार्यहरू संम्पूर्ण गर्नु भयो । ज्ञापनपत्रहरूको सुरक्षाको लागि आफुले बोकिरहनु भएको व्याग नै छाडेर जानुभयो । त्यो दिन उहाँले व्यागको साथै गहिरो आस्था र कृतज्ञ स्वभाव पनि अमर बनाएर जानु भयो । सरले आफु नजिक भएका र आपतमा परेका सबैको सहयोग गर्नुभयो । उहाँले सबैभन्दा धेरै तन, मन, धनले सहयोग गरेकाहरूको अत्यन्त कृतघ्न रूपले छियाछिया बनेको हाम्रो ह्रदयमा शीतल सान्त्वना भएर सधैं रहने छ ।

चार दिनको यो यात्रा संपूर्ण रूपमा योजनाबद्ध थियो । यति बेला, यो समय यहाँ यो गर्ने छौं, सोहि अनुसार र अझ केहि बढी ऐतिहासिक र प्राकृतिक महत्वका ठाउँहरूमा पुग्यौं हामी । बर्दघाट र गण्डक ड्यामको महत्वपूर्ण योजना र परिचर्चाको कार्यक्रम बन्यो, सिन्धु जलसाको गीत सहितको सांगेतिक साँझ पनि एक्कासि बनेको योजना थियो । बसमा बाटोभरी सरस्वती गौतमको हलचल र राजन न्यौपानेको सहयोगी स्वभाव, डा. ईला, डा. गोविन्द, मेनुका, सुमिना, मंदिरा, पवित्रा, रूपा, अष्ठमाया, नवराज, होम प्रसाद, ध्रुव, राज्यलक्ष्मी, सुशिला, लगायतको स्नेही व्यवहार र स्पन्दनको गंभिर जिम्मेदारी बोध, माधवको गज्जवको संचालन, पद्मा दिदीको गीत, लक्ष्मी दिदीको स्नेहपूर्ण व्यवहार, कुमारको संम्पर्क आदि, आदिले समय र हरेक पलहरू रमाईला रहे । स्वच्छ खाना र आरामदायी यात्राको व्यवस्थापनको लागि सिद्धिकुमार महर्जन भाईलाई धन्यवाद । अब त उहाँ पनि हाम्रो संस्थाको आजिवन सदस्य हुनु भएकोछ । यो यात्रामा केही कमजोरी रहे अर्को पटक हुन नदिने प्रयास गरौं, सबै आजीवन सदस्यहरूलाई मुस्कानमय जीवनको कामना । ■

नेपालको पहिलो बैंक

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED




# नेपाल बैंक लिमिटेड

## लुम्बिनी प्रदेश

फोनः ०७१-५४००८०

www.nepalbank.com.np

# सन्दर्भ: पुस्तक लोकार्पण

दिव्य गिरी

**लोकार्पण हल कि यातनागृह !**

वर्तमान नेपाली साहित्यिक परिवेशमा हिजो आज एउटा प्रचलन निकै बढिरहेछ र त्यो हो नव प्रकाशित साहित्यिक पुस्तकको सार्वजनीकरण। आफ्ना कृतिलाई पाठक समक्ष पुराउने यो नै सबैभन्दा लोकप्रिय बिधि रहेको छ अहिले। अर्को कुरा लेखकले पुस्तक प्रकाशित गरेको प्रचारप्रसार वा हल्लिखल्लि गर्ने भनेकै पुस्तकको लोकार्पण, सार्वजनिकीकरण वा विमोचन आदिको नामबाट नै हो । पुस्तक लोकार्पण गर्ने मोह नयाँ पुराना साहित्यकारमा बढ्दै गएको छ । त्यसैको कारण हिजोआज राजधानी काठमाडौंमा विविध साहित्यिसँग सम्बन्धित संघ संस्थाले पुस्तक लोकार्पण, सम्मान र पुरस्कार वितरणका कार्यक्रमहरू दिनमा सरदर तीन चार वटा आयोजना गर्ने गरेका हुन्छन् । ती कार्यक्रममा सहभागि हुन भनी पुस्तक लोकार्पण कार्यक्रमको तालिका अनुसार दिन, ठाउँ र समयसमेत निर्धारण गरी साहित्य, कला र सङ्गीतसँग सम्बन्धिले खक कलाकार, लेखकका आफन्त, इष्टमित्र, साथीभाई र पत्रकारहरू समेतलाई आमन्त्रण गरिएको हुन्छ । कार्यक्रमको आवश्यकता अनुसार सभाहल वा कार्यक्रमस्थलमा प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि र शुभकामना दिनेहरूलाई पनि विशेष निमन्त्रण गरिएको हुन्छ ।

महत्वपूर्ण र मुख्य कुरो के भने हामी कहाँ साहित्यिक कार्यक्रमहरू निर्धारित समयमा कहिले पनि सञ्चालन हुँदैन । एकातिर निर्धारित समय एकाध घन्टा बितिसके पनि प्रमुख अतिथि समयमै नआइदिँदा उनी कहिले आउँछन् भनेर आयोजक घरिघरी घडीतिर हेरेर बस्नुपर्छ भने अर्कोतिर कहिले काहीँ कार्यक्रम संयोजकले विविध कारणले समयमै कार्यक्रमलाई सञ्चालन नगरि दिँदा प्रमुख अतिथिले पनि कुरेर बस्नु परेको घटना पनि देखिएकै हो । निर्धारित समयमै कार्यक्रम सञ्चालन नभएपछि उपस्थित सहभागीहरू पनि कार्यक्रम कहिले सुरू होला भन्ने प्रतीक्षामा बस्न बाध्य हुन्छन् । त्यसो त प्रमुख अतिथिको उपस्थित भइसक्दा पनि हलमा आमन्त्रितहरूको सङ्ख्या थोरै देखेपछि आयोजक कार्यक्रम सञ्चालन गर्न जानीजानी विलम्ब गरिदिन्छन् ।

यस प्रकार जहिले पनि तोकिएको

समयभन्दा आधा घन्टा, एक घन्टा वा डेढ घन्टापछि पनि कार्यक्रम सञ्चालन भएका छन् । कार्यक्रम सुरु भएपछि पनि प्रमुख अतिथिदेखि विशिष्ट र विशेष अतिथिलगायतलाई मञ्चमा आसनग्रहण गराउन र फूलमाला तथा खादाले स्वागत गर्न केही समय लाग्छ नै । आयोजक संस्थाको परिचयसहितको स्वागत मन्तव्यपश्चात समारोहको उद्घघाटन र पुस्तक लोकार्पणपछि सुरु हुन्छ लोकार्पित पुस्तकका लेखकको परिचय र पुस्तकमाथि समीक्ष्यात्मक टिप्पणी अनि शुभकामना । कहिले त एउटै पुस्तकमा दुई तीन जनासम्म समीक्षक र टीप्पणीकार राखिएको हुन्छ भने शुभकामना दिनेहरू पनि नहुने कुरै भएन । त्यसको अलावा लोकार्पित पुस्तक कविता, गजल, मुक्तक वा हाइकु, लघुकथा छन् भने त्यो पुस्तकबाट केही रचनाहरूको पाठ गराइन्छ ।

यसरी एउटै पुस्तकको लोकार्पण कार्यक्रममा बोल्नेहरू कम्तीमा पनि दश बाह्र जना त भइहाल्छन् । एक त ढिलो कार्यक्रम सुरु भएको हुन्छ भने दोस्रो वक्ताहरूको सङ्ख्या धेरै भएपछि समय पनि धेरै लाग्ने नै भयो । लोकार्पित पुस्तकबारे प्रमुख समीक्षकले पुस्तकको साङ्गोपाङ्गो बेलिविस्तार लगाइसके पछि फेरि अर्का समीक्षकलाई बोलाइन्छ । पहिलो समीक्षकले नै पुस्तकबारे प्रायः सबै कुरा भनिसकेकोले दोस्रा समीक्षक अब के भन्ने हो भनेर द्विविधामा परेर पनि उनलाई पाँच सात मिनेट बोल्नै पर्ने कर लाग्छ । एउटै पुस्तकमाथिको समिक्षा कति जनाबाट गराउने भन्ने नै छैन । एक जना, दुई जना वा तीन जनाबाट पनि पुस्तक समीक्षा गराइएको हुन्छ । यस्तो अवस्थामा एउटै पुस्तकमाथि दोहर्याइ तेहर्याइको समिक्षा गराउँदा समय पनि निकै गइसकेको हुन्छ । अनि पालो आउँछ भूमिका लेखकको मन्तव्य व्यक्त गर्ने । वास्तबमा भूमिका लेखकले आफ्नो विचार भूमिकामा राखिसकेका हुन्छन् । त्यो बाहेक अरू के भन्ने ? त्यसपछि शुभकामना मन्तव्य दिनेहरूको पालो आएपछि उनीहरू पनि शुभकामना दिनतिर नलागेर सिधै लेखकसँगको परिचय, सम्बन्ध र ऊसँग बिताएका दिनहरूको बेलिविस्तार लगाउन थाल्छन् ।

कार्यक्रम उद्घोषकको काम हो निर्धारित कार्यक्रम तालिका अनुसार क्रमबद्ध रूपमा कार्यक्रमलाई सञ्चालन गर्नु । तर साहित्यिक कार्यक्रम सञ्चालन गर्ने कोही कोही उद्घोषक आफै उपबुज्रुक पल्टिएर वक्ताले आफ्नो भन्नुपर्ने कुरा भनेर गइसके पछि पनि अर्को वक्तालाई बोलाउनुको

सट्टा पहिलो वक्ताले व्यक्त गरेको विचार वा धारणाको व्याख्या गर्दै उहाँले यसो भन्नु भयो र उसो भन्नु भयो भनेर पुष्टि गर्नतर्फ लाग्छन् । जसको कुनै आवश्यकतै छैन । कार्यक्रमको समय लम्बिनुमा यो पनि प्रमुख कारण हो ।

कार्यक्रममा एकपछि अर्को मन्तव्य र लम्बेतान भाषण सुनेर बसेका आमन्त्रित महानुभावहरूलाई छटपटि, पट्याई र अल्छी लाग्न थाल्छ । उनीहरू कार्यक्रम कहिले सकिएला भनेर घडी हेर्न थाल्छन् । कतिपय त अर्को कार्यक्रममा जानु छ वा जरुरी काम छ भन्ने बहानामा उठेर हिँड्ने पनि हुन्छन् । जसको कारण पहिले खचाखच भरिएको कार्यक्रम हल बिस्तारै खाली हुँदै जानथाल्छ । बसिरहेकाहरू पनि वक्ताको मन्तव्य सुन्नु भन्दा पनि अब कति जनाले बोल्ने होलान् भनेर मञ्चतिर वक्ताको सङ्ख्या गन्न थाल्छन् । उता मञ्चमा बसिरहेकाहरू पनि पातलिँदै गएको श्रोताहरूतिर हेर्दै मैले बोल्ने बेलामा त हल रित्तो पो हुन्छ कि ? भनेर ट्वाल्ल परेर हेरिरहन्छन् । श्रोतहरूको सङ्ख्या घट्दै गएको देखेपछि उद्घोषक भन्न थाल्छन्, अब हामी कार्यक्रमको अन्त्यअन्त्यतिर आइपुगेका छौँ । तर त्यो अन्त्य कतिबेला हुने हो ठेगान नै हुँदैन । यस प्रकार कार्यक्रमलाई छोटो र छरितो बनाउने इच्छा हुँदाहुँदै पनि अनावश्यक रूपमा समय धेरै लागेकोमा आयोजक पनि चिन्तित त होलान् तर उनले चाहेर पनि कार्यक्रमलाई छोट्याउन सक्दैनन् । किनभने उनीहरूले पहिले नै मञ्चमा अनावश्यक भीड जम्मा गरिसकेका हुन्छन् । मञ्चमा लगेर राखे पछि बोल्न पाउनु पर्छ भन्ने एकथरिको चाहना देख्दा अझै ताज्जुब लाग्छ ।

अब केही जिज्ञाशाहरूलाई यहाँ प्रश्नको रूपमा प्रस्तुत गर्न चाहन्छु :

१.लोकार्पित पुस्तकको निम्ति एक भन्दा बढी समीक्षक राख्नु पर्ने किन ? एउटै समीक्षक काफी हुँदैनन् र ? कि एउटा समीक्षाले मात्र लोकार्पित पुस्तकमाथि न्याय नहुने हुँदा अरू थप समीक्षक राख्न आवश्यक भएको हो ? पहिलो समीक्षकले समीक्षा गरिसके पछि दोस्रो समीक्षकबाट फेरि त्यसलाई अझै विस्तृत व्याख्या गरिदिनु पर्ने आवश्यकता परेकै हो त ? अर्को कुरा टिप्पणीकार पनि राखिन्छ । टिप्पणीकार भनेको त कुनै गोष्ठीमा प्रस्तुत गरेको लेखमाथि अर्को विशेषज्ञले त्यो लेखमा भएको कमी कमजोरी वा उल्लेख गर्न छुट भएका कुराहरू के के हुन् भनेर टिप्पणी गर्ने हो । पुस्तक समीक्षकले गरेको समीक्षामाथि टिप्पणी गर्ने होइन । यो अलग्गै विषय हो ।

२. एउटा अनौठो चलन छ हामीकहाँ । त्यो के भने कतिपय कार्यक्रममा मुख्य वक्ताले नै भन्छन्- 'यो पुस्तक मैले हिजो बेलुका वा यहाँ आएर मात्र पाएको हुँ र यहाँ बसीबसी सरसर्ती हेर्न पाएँ' भनेको पनि सुनिन्छ । लोकार्पित पुस्तकको बारेमा सरसर्ती हेरेको भरमा कस्तो समीक्षा वा टीप्पणी हुन्छ होला र त्यसले लेखकलाई कतिको सकारात्मक फाइदा भयो होला भन्ने पनि एउटा गंभीर प्रश्न हो । कार्यक्रम हुने दिनभन्दा दुई चारदिन पहिले नै सम्बन्धित वक्ताको हातमा पुस्तक पार्न के कति कारणले रोक्छ ?

३. कार्यक्रममा बोल्ने वक्ताहरूलाई उनीहरूको भूमिका अनुरुप निश्चित समय निर्धारण गर्न किन सकिन्न ? जस्तो कि समीक्षकलाई पन्ध्र मिनेट ।

४. अहिले पनि कार्यक्रमलाई उही पुरानै ढर्रा अनुसार सञ्चालन गर्ने मोह त्याग्न किन नसक्ने ?

५. सम्पूर्ण कार्यक्रमलाई सञ्चालन भएको समयबाट डेढ घन्टामा समाप्त गर्ने गरी कार्यक्रम तर्जुमा गर्न किन नसक्ने ?

६. कार्यक्रमको मञ्चमा वक्ताहरूलाई मात्र राखेर कार्यक्रम चलाउँन किन हुँदैन । आयोजकले कार्यक्रममा भूमिका हुनेहरूलाई मात्र मञ्चमा राख्दा हुन्न र ? अनावश्यक व्यक्ति मञ्चमा खाँदाखाँद गरेर बस्दा कतिलाई सकस भइरहेको छ कि भनेर कहिले सोचिएको छ ?

मैले त्रिभुवन विश्वविद्यालय अन्तर्गतको अनुसन्धान तथा तालीम केन्द्र सेडामा काम गर्दाको अवधीभर हजारौँ राष्ट्रीय तथा अन्तरराष्ट्रिय सेमिनार, गोष्ठी, अन्तरक्रिया र तालीमका कार्यक्रमहरू सञ्चालन भएको देखेको छु र केहीमा आफैले पनि कार्यक्रम सञ्चालन गरेको अनुभव छ । म आफू विशेषज्ञ हूँ भन्न खोजेको होइन । तर पनि मेरो अनुभवले के भन्छ भने कुनै पनि कार्यक्रमको उद्देश्य अनुसार कार्यक्रममा अनिवार्य वक्ताहरूको सङ्ख्या र उनीहरूको भूमिका अनुसारको समय निर्धारण गर्नुपर्दछ । कार्यक्रमको पूर्ण तालिका पहिले नै वक्ताहरूलाई कार्यक्रम भन्दा कम्तीमा पनि दुई दिन पहिले नै उपलब्ध वा जानकारी गराउनु पर्दछ। यति भएपछि प्रमुख अतिथिदेखि समीक्षक, टिप्पणीकर्ता र शुभकामना दिने वक्ताहरूलाई कार्यक्रममा आफूले दिने मन्तव्य वा टिप्पणीको पूर्व तयारी गर्न सहज हुन्छ । वक्ताले समयलाई ख्याल गरेर आफ्नो भूमिका निर्वाह गरिदिन्छन् । यति

भएपछि दश मिनेट समय दिएको वक्ताले बीस तीस मिनेटको लम्बेतान मन्तव्य दिने सवाल नै आउँदैन । तर हामी आफूखुशी कार्यक्रम बनाउँछौँ र डेढ घन्टा लाग्छ भनेको कार्यक्रम चार पाँच घन्टासम्म लम्बिएको छ। पुस्तक लोकार्पणलाई कम भन्दा कम समयमा सम्पन्न गर्न निम्न लिखित अनुसारको कार्यक्रम तालिका बनाउन उपयुक्त ठानेको छु।

१. पुस्तक लोकार्पणमा एक भन्दा बढी समीक्षक नराख्ने ।

२. लोकार्पित पुस्तकको एक जनाबाट पाठकीय मन्तव्य प्रकट गर्ने ।

३. लेखक स्वयमले आफ्नो संक्षिप्त परिचय र अनुभव व्यक्त गर्ने ।

४. यदि कवितासंग्रहको पुस्तक हो भने लोकार्पित संग्रहबाट लेखकले बढीमा दुई वटा प्रतिनिधि कविता वाचन गर्ने । र बढीमा अरू दुई जना कवितालाई एक/एक वटा मात्र कविता पाठ गर्न लगाउने ।

५. भूमिका लेखकबाट भूमिकामा उल्लेख गर्न छुटेका विचारलाई मात्र व्यक्त गर्ने ।

६. प्रमुख अतिथिबाट लेखकलाई बधाई र शुभकामनासहित संक्षिप्त शुभकामना प्रस्तुत गर्ने ।

७. कार्यक्रममा उपस्थित सबैलाई स्वागत मन्तव्यकै बेला धन्यावाद ज्ञापन गर्ने, र

८. सभापतीले थोरै भनाई राखेर कार्यक्रम सम्पन्न गर्ने ।

माथि उल्लिखित सुझावहरूलाई यदि कार्यान्वयनमा ल्याउन सकेमा कुनै पनि साहित्यिक कार्यक्रम भव्यताका साथ सम्पन्न हुन्छ र कार्यक्रममा आएका आमन्त्रितहरू लगायत सबैले कार्यक्रमस्थल यातनागृह भयो भन्ने गुनासो गर्न पाउँदैनन् ।

पुस्तक लोकार्पणको मुख्य उद्देश्य हो मेरो फलानो विधाको पुस्तक पाठकसमक्ष अबदेखि बजारमा उपलब्ध भयो र पुस्तक यस प्रकारको हो भन्ने जानकारी समेत प्रवाह गर्ने हो। कतिपय वरिष्ठ लेखकले पुस्तक लोकार्पण नगरेरै पनि उनीहरूको कृतीले ख्याती पाएकै छ । अहिलेको संसारमा सामाजिक सञ्जालजस्तो ठूलो प्रचारक अर्को छैन। फेसबुकमा समाचार वा फोटो राखिदिएपछि पलभरमै लाखौँ लाख पाठक समक्ष पुगिसक्छ। यसको अर्थ यो हो इन कि पुस्तक लोकार्पण कार्यक्रम नै नगरौँ । गरौँ तर सभाहललाई यातनागृहमा परिणत चाहीँ नगरौँ। ■

# नेपाल बैंक लिमिटेड

## मधेश प्रदेश

**फोन: ०५१-४१८४२३**

www.nepalbank.com.np


विगत ४५ वर्ष देखि प्रकाशन हुँदै आएको अक्षलोक साहित्यिक पत्रिकाको निरन्तर प्रकाशन साथै नेपालको साहित्य जगतको विकाशमा अमूल्य योगदान पुर्याउन सफलताको लागि **सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र**लाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

तपाइको समस्या हाम्रो सरोकार
सुख दुख:को साथी वडा नं. ३२

**नवराज पराजुली**
वडाध्यक्ष, वडा नं. ३२
एवं समस्त **वडा नं. ३२ परिवार**
**काठमाडौं महानगरपालिका**

# ऐतिहासिक तथा सांस्कृतिक नगर तानसेनका केही महत्वपूर्ण मूर्त सम्पदाहरू

अर्चना शाक्य, तानसेन

हाल नेपालको लुम्बिनी प्रदेश अन्तर्गतको पाल्पा जिल्लामा पर्ने तानसेन, सांस्कृतिक तथा ऐतिहासिक नगरको रुपमा पनि परिचित छ। काठमाडौंको भाई भन्ने उपनाम पाएको यो क्षेत्रलाई काठमाडौं उपत्यका पछि सांस्कृतिक रुपमा सम्पन्न नगरहरु मध्ये एक प्रमुख नगरको रुपमा पनि लिन सकिन्छ । यस क्षेत्रमा रहेका ऐतिहासिक तथा कलात्मक दरबार, मन्दिर, विहार तथा यहाँ मनाइने थुप्रै रथयात्रा, जात्रा, पर्व जस्ता मूर्त तथा अमूर्त सम्पदाले यस क्षेत्रलाई सम्पन्न सांस्कृतिक नगर बनाईदिएको छ।

गौरवशाली इतिहास बोकेको पाल्पा क्षेत्रको ऐतिहासिक पक्षलाई केलाउँदै जाने हो भने इतिहास पूर्वको युग अर्थात प्राग ऐतिहासिक कालसम्म पुग्न सकिन्छ। वि.स. २०३७ मा पाल्पाको नजिकै तिनाउ क्षेत्रमा गरिएको उत्खननबाट १ करोड १० लाख बर्ष अघिको रामापिथेकस मानवको बङ्गारा भेटिएको थियो । यसबाट पाल्पा क्षेत्रलाई प्रागऐतिहासिक महत्व बोकेको तथा प्राग ऐतिहासिक अध्ययनको संभावना भएको क्षेत्रको रुपमा पनि हेर्न सकिन्छ। पाल्पाको ऐतिहासिक पक्षको चर्चा गर्दा यो राज्य, विशाल नेपालमा सबैभन्दा अन्तिममा गाभिएको एउटा शक्तिशाली सेनराज्यको रुपमा हामी सबै को मानसपटलमा प्रतिबिम्वित हुन्छ। यति मात्र नभई वि.सं. १८७१/७३ मा भएको नेपाल अंग्रेज युद्धमा नेपालले चारैतर्फ हार बेहोरिरहेको अवस्थामा अंग्रेजहरुलाई नराम्रोसंग हराई धपाउन सफल भएको महत्वपूर्ण क्षेत्रको रुपमा पनि पाल्पा परिचित छ। वास्तवमा तत्कालिन पाल्पाका प्रशासक उजिरसिंहको सुझबुझ तथा चलाकीपूर्ण युद्ध नीतिले गर्दा नै यो विजय सम्भव भएको थियो। बुद्धको जन्मस्थलको रुपमा नेपाललाई परिचित गराउन पनि पाल्पाको महत्वपूर्ण योगदान रहेको देखिन्छ। सन् १८९६ मा तत्कालिन पाल्पाका बडाहाकिम खड्ग शमशेरले जंगलमा पुरिएर रहेको अशोक स्तम्भलाई खनेर निकाल्न

लगाई जंगलमा हराएको बुद्धको जन्मस्थल पत्ता लगाउन महत्वपूर्ण भूमिका खेलेका थिए । पछि यस स्तम्भको अभिलेखलाई जर्मनीका पुरातत्वविद् एन्टोन एलोइस फुहररले पढेर अनुवाद गरेपछि नेपालको लुम्विनी नै बुद्धको जन्मस्थल भएको प्रमाणित भएको थियो ।

वर्तमान पाल्पा मगरहरुको बाहुल्यता भएको जिल्ला हो । तानसेनमा भने नेवारहरुको बाहुल्यता पाईन्छ । तर पनि समयको क्रमसंगै यहाँका नेवारहरु अन्य क्षेत्रमा बसाई सराई गरेर जाने क्रम तीव्र भएको कारणले गर्दा विगतको तुलनामा यहाँ नेवारहरुको सख्या क्रमशः घट्दै जान थालेको छ । तर पनि नेवाः संस्कृतिको कुरा गर्ने हो भने तानसेनले काठमाडौं उपत्यका पछिको दोस्रो धनी शहरको रुपमा अझै पनि आफ्नो वर्चस्व कायम राखीरहन सफल नै छ । यहाँका समुदाय सकेसम्म आफ्नो परम्परागत संस्कृतिलाई जिवित राख्न प्रयासरत देखिन्छन् ।

**तानसेनका केही प्रमुख मूर्त सम्पदाहरुः**

१. श्री अमर नारायण मन्दिर : वि.सं. १८६३ मा पाल्पाका प्रथम प्रशासक साना काजी अमरसिंह थापाले निर्माण गर्न लगाएको यो मन्दिर आफ्नो काष्ठकलाको लागि निकै प्रशिद्ध छ । तले शैलीमा बनेको यो तीन तले मन्दिर विशेषतः कलात्मक कामुक कला (Erotic Art) ले भरिपूर्ण टुँडालका कारण निकै प्रशिद्ध रहेको पाईन्छ । ठूलो क्षेत्र ओगटेको यस मन्दिर परिसर भित्र अन्य शिव मन्दिर, पोखरी, धारा, फुलबारी आदि रहेका छन् भने यस क्षेत्रलाई आकर्षक बनाउन थप निर्माण कार्य पनि भईरहेको पाईन्छ । हाल यहाँ १०८ धारा तथा विशाल शिवलिङ्गको पनि स्थापना गरिएको छ ।

२. श्री रणउजिरेश्वरी भगवनी मन्दिरः वि.स. १८७१ मा नेपाल-अंग्रेज युद्ध हुँदा युद्धमा जानु अघि तत्कालिन पाल्पाका प्रशासक कर्णेल उजिरसिंहले तानसेन बजारको मध्यभागमा अवस्थित सानो मन्दिर मा रहेको महिषासुर मर्दिनी श्री दुर्गा भवानीको पाउ छोएर यदि युद्धमा विजयी भएमा विशाल मूर्ति तथा मन्दिर बनाई सिन्दुर जात्रा गर्नेछु भनी भाकल गरेका थिए । युद्धमा विजयी भएपछि उनले भगवतीको तीन तले मन्दिर वि.स १८७२ मा प्रारम्भ गरि वि.सं. १८७६ निर्माण पुरा गरेका थिए । यस मन्दिर भित्र उनले अष्टधातुले बनेको अठार बाहु भएकी महिषासुर मर्दिनी भगवतीको सुन्दर मूर्ति पनि चढाएका थिए । वि.सं १९९० को भूकम्पमा यो मन्दिर भत्केपछि वि.सं १९९९ मा मरम्मत गरी

तीन तले मन्दिरलाई दुई तले बनाइयो । हरेक वर्ष भाद्र कृष्ण नवमीको दिन धुमधामसंग भगवतीको ठूलो र भव्य रथयात्रा गरिन्छ ।



३. पाल्पा भैरव : भैरव पाल्पाली सेन राजाहरुका इष्ट देवता थिए । पाल्पा भैरवको वर्तमान मन्दिर धेरै पूरानो नदेखिए पनि यसको मूल स्वरुप तथा मूर्ति सेनकालीन भएको मानिन्छ । यसको स्थापना सेनकालीन राजा मुकुन्द सेन प्रथम अर्थात मणि मुकुन्द सेनले (वि.सं.१५७५ –१६१०) गरेको विश्वास गरिन्छ। तले शैलीमा निर्माण भएको यो मन्दिर काठमाडौंको देगु तले मन्दिर जस्तो पनि देखिन्छ । यहाँ रहेको कालभैरवको मुख्य मूर्ति धेरै डरलाग्दो भएको विश्वास गरिन्छ । त्यसकारण यो अर्दशनीय छ तथा सर्वसाधारणको दर्शनको लागि अर्को मूर्ति राखिएको छ । यो मन्दिर एशियाको सबैभन्दा ठूलो त्रिशुलको लागि पनि प्रख्यात छ ।

४. बटुक भैरवः तानसेनको अमरगञ्जमा अवस्थित यो मन्दिर रहेको स्थान हाल सुनसान देखिए पनि पहिले यो स्थान काठमाडौंबाट आउँदा प्रयोग गरिने तथा गण्डकी, रुरुक्षेत्र (रिडी), मुक्तिक्षेत्र (मुक्तिनाथ)



आदि स्थानमा जाने तीर्थयात्रीहरुको मूल बाटो थियो । यो स्थान निकै महत्वपूर्ण तथा चलनचल्तीको भएको कारण सन् १८१० मा तत्कालिन पाल्पाका प्रशासक अमरसिंह थापाले बटुक भैरवको मन्दिरसंगै ३०० जना मानिस अटाउने ठूलो पौवाको निर्माण गरि यस क्षेत्रमा बस्ती बसालेका थिए तथा यस स्थानलाई अमरगञ्ज भनि नामाकरण गरेका थिए। बटुक भैरवको मन्दिर तले शैलीको साधारण एक तले रहेको छ। यस मन्दिरको हालको स्वरुप पछि निर्माण गरिएको भए पनि यसको स्थापना मुकुन्द सेनले नै गरेको मानिन्छ। यो मन्दिरभित्र वि.सं. १८४४ को महादत्त सेनको शिलालेख पनि राखिएको छ।

५. प्रभास क्षेत्रका मन्दिरहरु: तानसेनको प्रभास क्षेत्र पाल्पाली सेन राजाहरुको अस्थायी राजधानी थियो । त्यसकारण यस क्षेत्रमा पनि धेरै महत्वपूर्ण मन्दिरहरुका साथै पुरानो शिलालेखहरु पनि भेट्न सकिन्छ । यस क्षेत्रमा शिखर शैलीमा निर्मित मणिमुकुन्देश्वर शिवालय, वंशगोपालको मन्दिर आदि रहेका छन् । यी मन्दिरहरु सेनकालमा बनाईएको मानिए तापनि ती मन्दिरहरु भत्किएपछि वि.स. १९९४ तिर यसै स्थानमा नयाँ मन्दिर निर्माण गरिएको हो । मणिमुकुन्देश्वर शिवालयमा रुद्र सेनको वि.सं. १४१४ को शिलालेख पनि राखिएको छ।

६. अन्य महत्वपूर्ण मन्दिरहरु: तानसेनका अन्य महत्वपूर्ण ऐतिहासिक मन्दिर हरुमा गणेश मन्दिर( सूर्यविनायक, टक्सार), श्रीनगर गणेश मन्दिर (सिद्धिविनायक), भिमसेन मन्दिर (शितलपाटी), भिमसेन मन्दिर (भिमसेन टोल), लक्ष्मीनारायण मन्दिर आदि रहेका छन् ।

७. विहारहरु: तानसेन, काठमाडौं उपत्यका पछि सबैभन्दा बढी तथा पुराना विहारहरु रहेको स्थानको रुपमा पनि परिचित छ । यहाँका विहारहरुमा वि.सं १८६२ मा निर्मित आनन्द विहार तानसेन तथा पश्चिम नेपालकै सबैभन्दा पुरानो विहार मानिन्छ । अमर नारायणको मन्दिर निर्माण गर्न काठमाडौंबाट झिकाईएका कालिगढ सुन्दर बाँडाले नै यस विहारमा चैत्यको निर्माण गरेका थिए । तानसेनको टक्सार टोलमा अवस्थित महाचैत्य विहार तानसेनको दोस्रो सबैभन्दा पुरानो विहार हो । यसको निर्माण वि.सं. १९८६ मा गरिएको थियो । तानसेनका अन्य महत्वपूर्ण विहारहरुमा बुद्ध विहार होलाङ्गदी, महाबोधि विहार, धर्मचक्र विहार

आदि रहेका छन् ।

८. दरबारहरु : तानसेन ऐतिहासिक दरबारहरुको लागि पनि प्रसिद्ध रहेको छ । नेपालको ताज महलको रुपमा प्रसिद्ध रानीमहल पाल्पाका तत्कालिन बडाहाकिम खड्ग शमशेरले वि.सं. १९५४ मा आफ्नी पत्नी तेजकुमारीको सम्झनामा निर्माण गरेका थिए । पर्यटकीय आकर्षणको केन्द्र रहेको यो रानीमहल पवित्र उत्तरवाहिनी कालीगण्डकी नदीको किनारमा निर्माण गरिएको हुनाले धार्मिक दृष्टिकोणले पनि यो क्षेत्र निकै महत्वपूर्ण रहेको छ । यूरोपियन (Neo classical) शैलीमा निर्माण गरिएको यो दरबार क्षेत्रमा पाटी, पौवा, मन्दिर पनि निर्माण गरिएको छ। तानसेनको मुटुमा रहेको अर्को महत्वपूर्ण पाल्पा दरबारको स्थापना प्रताप शमशेरले सन् १९२७ मा गरेका थिए । तर वि.सं २०५८ मा भएको माओवादी





आक्रमण पछि यो दरबार पूर्ण रुपमा ध्वस्त भएपछि पुरानै शैलीमा यसको पुनर्निमाण गरिएको छ । वि.सं.२०७२ मंसीरदेखि यो दरबारलाई पाल्पा संग्रहालयमा परिणत गरिएको छ ।

९.अन्य: तानसेनका अन्य सम्पदाहरुमा एशियाकै सबैभन्दा ठूलो काठको ऐतिहासिक बग्गी ढोका वा मूलढोका, आठकुने आकर्षक शितलपाटी आदि रहेका छन् ।

(प्रस्तुत लेख सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रद्वारा आयोजना गरिएको सांस्कृतिक काव्य उत्प्रेरणा उत्सव अन्तर्गत तानसेनमा आयोजना गरिएको कार्यक्रममा प्रस्तुत गरिएको तानसेनको सांस्कृतिक चर्चाको केही महत्वपूर्ण अंश समावेश गरि तयार पारिएको हो ।) ■




**सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रको सदस्य बनौं !**

नेपाल तथा विदेशमा रहेका नेपाली साहित्यकारहरु तथा समाजसेवीहरू सम्मिलित रहेको नयाँ तर अत्यन्त क्रियाशील उर्जावान संस्थामा सहभागी बनौं!

**सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र**

कोटेश्वर, काठमाडौं । ईमेल: akshalok@gmail.com

**फोन: ९८४१३३९००९, ९८४१८१७९९३**

Facebook: facebook.com/akshalokmagazine

# काभ्रेको दाप्चाः सांस्कृतिक काव्य उत्सव

✒पोष चापागाई

**यात्रा कथा :** २०८१/३/९



दिउँसो १२ बजेतिर । रत्न पुस्तक भण्डार, माइतीघर । पुस्तक खोज्दै थिएँ । फोन आयो । बाहिर निस्केर 'हलो' भनैं । म सावित्री बोलेकी ! भन्नुस - 'सरले दुईकाम गर्नु पऱ्यो ।'

१). नियात्रा र यात्रा भेद स्पष्ट पार्दै नियात्रा लेखनबारे जानकारी दिने एक लेख दिनुस । एक हप्ता भित्र । म अबको अक्षलोक अङ्कमा प्रकाशित गर्छु ।

२). सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रले २०८१/३/१५ गते दाप्चामा सांस्कृतिक काव्य उत्सव गर्दैछ । त्यसमा सर सहभागी हुनु पर्ऱ्यो अनि सो संस्थाको आजीवन सदस्य बन्नु पऱ्यो ।'

फ्याट्टै भनेछु - 'हुन्छ । लेख्छु । आउँछु ।'

किनपनि यसो भनैं भने - २०३२ सालदेखि म उनलाई चिन्छु । नेपाल आदर्श मा.वि., गणवहाल, काठमाण्डौं । कक्षा दश । अघिल्लो बेन्च । म नेपाली पढाउने उनी पढ्ने । पछि पाटन क्याम्पसमा म नेपाली उनी अर्थशास्त्र पढाउने । समकक्षी प्राध्यापक । कुदिरह्यो समय । उनले पि.यच.डि गरेर प्रमाणपत्र लिइन । डाक्टर बनेको भोज दिइन । खाएँ । उनको प्रगति देखेर म मन मनै हर्षित हुन्थैं । प्रध्यापक भइन् । पछि उनले सिद्धिश्वरमान श्रेष्ठ संग विवाह गरेको सुनें । सिद्धिश्वर साथी मेरो । थापाथली क्याम्पसमा र पुल्चोक क्याम्पसमा संगै पढाएको ।

हुँदा बस्दा ०७२ को कोरोना महामारीले मेरो प्रिय मित्र सिद्धिश्वरमान श्रेष्ठको चोला उठाएर दिवंगत बनाएछ । पछि सुने । सावित्रीलाई समवेदना दिन गइनं । मेरो मन कागज भन्दा कोमल छ । आँशुको एक थोपो पऱ्यो कि लफ्रक्कै भिज्छ । के भनेर मैले सान्त्वना दिने? आउँदैन ।

असार १५ को विहान ६:४५ बजे कोटेश्वर पुलिसविट अघि पुगें । डा. सावित्रीसंग भेट

पछि भलो कुरा भयो । ०३२ देखि ०८१ ठिङ्ग उभियो म अघिल्तिर । अहिले दैवी प्रवञ्चनाको ठूलो गर्तमा खसेर बाहिर निस्किएकी उनी धेरै क्लान्त देखेँ । 'जाउँ जडिबुटिमा बस छ ।' साथीहरु आइसके ।' बसमा उक्लिदा उक्लिदै भित्र डा. दामोदर पुडासैनी देखें । यी डा.ले मेरो सौन्दर्य नियात्राको गतिलो भूमिका लेखेका छन् । मान्छे मज्जाका लाग्छन् । देख्ने बित्तिकै हामी दुबैको अनुहार तिहारको गोदावरी फुल झैं मगमग बास्ना छर्दै ढकमक्क फुल्यो । भित्र पसें । उनी संगैको सीटमा बसें । त्यहाँ पाटन क्याम्पसका सहकर्मीहरु र परिचित प्रिय पात्रहरू धेरै हुनुहुँदो रहेछ ।

**मुक्तिनाथ धामः** हा-हा-हि-हि गर्दै भक्कुमार गफ जोत्दै बिहानै चरा चिर्बिराए जस्तो चिर्बिराउदै हामी मुक्तिनाथ चोक पनौती ५ पुग्यौं । रोकियो हाम्रो बस । सबै निस्किन थाले । म पनि निस्किए । थोरै खुड्किला चढेर मन्दिर परिसर भित्र पस्यौं । रुखको बर्को ओढेको मन्दिर परिसर चिरिच्याट्ट लाग्यो ।

भित्र दायाँ मन्दिर छ । बायाँ तिर १०८ धारा छन् । धाराबाट तप तप झर्दैछ पानी । द्वितीय विश्वयुद्धमा लड्दा लड्दै छोराले सद्गति पाएको खबर सुनेर रुँदा रुँदा पानी सकिएको आँखाबाट झरेको आशुँका थोपा जस्ता धाराको पानीका थोपा । मुक्तिनाथ जस्तो परं पवित्र धामको धाराको पानी पनि यस्तो ! इच्छा अनुसार दान टीका-प्रसाद ग्रहण गरेर निस्कियौ । बस चढ्दा चढ्दै मन्दिर मुनि । रोड माथिको भित्तोतिर हेरे । तीन धाराबाट मज्जाले पानी झरी रहेको देखें । गलल धाराहरु । शिरानमा एक । माझमा अर्को । अनि तल रोड नजिकै अर्को । ती तिनवटै धारा वरपर ढुङ्गा छापेको । हेर्दा हेर्दै धारामा गएर पानी पिउँ पिउँ लाग्यो । तिर्खा लागेको भने थिएन । गइन । बस हिड्न थाल्यो ।

**पनौती बजार विचरणः** मध्य बजारको बसस्टपमा रोकियो । हाम्रो बस । ओर्लियौ । दाप्चा समाज सेवाका अध्यक्ष पूर्व यस.यस.पी प्रह्लाद के.सि सँग भेट भयो । गफिदै हिड्दै छौं । नयाँ कुरा सुनाउनु हुन्छ । सुन्छौं । सोध्छौं । भन्नुहुन्छ ।

**फल्चा मोहः** ईट्टा छापेको । नदी किनारको बाटैबाटो हिड्दै छौं । चिटिक्क । मज्जाका फल्चा आए । गए । म हेर्दै हिडिरहें । 'यी फल्चा आजका होइनन् । बाहरु । आमाहरु । छोरीहरु । जुवाईहरु सगैं बसेर भोज खाएर मोज गर्ने पार्टी प्यालेस हुन् यी फल्चा । यहाँ हाँसे हुन् । सुक्क सुक्क रोए हुन् । पिए हुन् । पिलाए हुन् । बाझे हुन् । चिमोटे हुन् । पनौती बजारका फल्चा पनौतीका मान्छेको जीवनको लय लाग्यो मलाई ।

**मन्दिर परिसरः** अहिले हामी पनौतीकि भागिरथी पुण्यमाताको नजिकैका मन्दिर मन्दिर डुल्दै छौ । लाग्छ म काशीको विश्वनाथ मन्दिर वरपर घुम्दै छु ।
'राजदरवारको भग्नावशेष हो यो' भने प्रह्लादले । ए भने मैले । साथीहरुले फोटा हानें । 'त्यो रसियन पुस्तकालय हो ।' 'ए' भनें मैले ।

ऊ त्यो भगवती मन्दिर हो । सबै गयौँ । यथा आस्था । तथा नमन । यो त्रिवेणी धाम हो । हो र ? अहिले हामी अहिल्या माताको मन्दिर अघि बसेका छौं । ऊ त्यो इन्देश्वरको मन्दिर हो । ए, हो र । भन्दै मन्दिर परिक्रमा गऱ्यौ । परेवाहरु मन्दिरको गजुरमा बसेर नौला हामीलाई हेर्दै थिए । झ्याम्म हरियो रुख हाम्रा कुरा कान थापेर सुन्दै थियो ।



**हाकुपटासीः** त्यतै कतै साना नानीहरु हाकुपटासीमा सजिएर उभिएको देखेँ । राम्रा नानीहरु संगै उभिएर फोटा खिच्न मन लाग्यो यो नियात्राकारलाई । दे दनादन । आयो फोटो ।

होटल पनौतीमा ब्रेकफास्ट खाने व्यवस्था रहेछ । गयौं । बस्यौं । थपी थपी खाना खायौं । पैसा भने व्यवस्थापकले नै तिरे हुन् ।

**पनौतीबाट दाप्चा बजारः** दाप्चा पुगेको थिइन म । नमोबुद्धसम्म धेरै पटक पुगेको थिएँ । धर्म गर्न । रमाउन । हेर्न । लेख्न । कुन्नि के गर्न । नमोबुद्ध छोडेर अघि गयौँ । मन मन भनें - यो मेरो लागि एकदम नयाँ ठाउँ हो ।

कुद्दै छ बस । नौलो परिवेश हेर्दै मस्त छु म । रुख । मकै बारी । घर । खेत । बिरुवा सबै नौला । काँचा ईट्टे घरलाई कुस्तीमा सिमन्टेड घरले पछारे छन् । सप्पै पुराना घरमा नयाँ आधुनिक घर आउन खोज्दै रहेछन् । एक पुरानु - एक नयाँ घर । .....पर रुखमा आत्तिएर कराउँदै छन् चराहरु । गुड्डु कुद्न थाल्यो । कान्ला माथि कुद्दैछ खैरे कुकुर । भाटाले बारेको बारी । बारीभित्र सुत्ला हाल्न लागेका मकै । अम्बाको बोटमा लटरम्म इस्कुसका दाना ।
गाडिबाट निस्कियौं । दुईपाइला उकालो गयौं । कार्यक्रम स्थल अर्थात् श्री कृष्ण प्रणामी मन्दिर आयो । भित्र पस्यौं । भुईतलाको हलमा आज कार्यक्रम हुने रहेछ ।



**कार्यक्रम । सहभागी दर्शक मः** कार्यक्रम स्थलभित्र सबै गयौं ह्वार्रै । कुर्सीमा बसें म । प्रमुखहरु मञ्चमा गए । कार्यकमको थालनी भयो । मैले बाहिर हेरें । पानी परेको थिएन । घाम पनि लागेको थिएन । दाप्चा बजारको आकाशमा कुद्ने सेतो बादल आकाशबाट ओर्लिएर कार्यक्रम स्थल वरपर सकि नसकि कुद्दै थियो । कति सुन्दर ! कति रमाइलो दाप्चा ! धेरैले बोले । धेरै कुरा भने । सुनेँ । उधिनँ । होसिनँ । रोइनँ । सुनिबसें ।

सो संस्थाको आजीवन सदस्यता लिन मञ्चमा बोलाए । गएँ । लिए । ११/१२ का नानीहरुले दाप्चा नेपाली साहित्यको उद्गम स्थल नै हो भन्ने आभास पार्ने कविता सुनाए । वरिष्ठहरुले पनि साहित्य वाचन गरे । म झुनझुनाइ बसें तलै । परको वनका रुख झ्यालबाट चियाएर मलाई भन्दै थिए- 'जा न मञ्चमा । ठोक कविता । सुना न । मैले भनें- 'म त नियात्रा लेख्छु नियात्रा सुनाउन बेर लाग्छ । जान्न ।' अन्दाजी दुई घण्टामा कार्यक्रम सकियो ।

**दहि चिउराः** हो त असार पन्ध्र आज । खानै पर्छ । धान्नै पर्छ नि हाम्रो परम्परा । हाम्रो संस्कृति । हाम्रो वैभव । दहि चिउरा खान सोही भवनको माथिल्लो तलामा गयौँ । आफ्नै हात जगन्नाथ गर्दै झिकेर यथेच्छा । खायौँ ।

दहि चिउरा तुरेर म आगँनमा आएँ । साथीहरुले खाइसकेको थिएन । पर्खिंदै उभिइरहेको थिएँ । बा एक सँग भेट भयो । 'दाप्चा बारे सुनाइदिनुस्न । म काठमाडौँबाट आको । पटक्कै थाहा छैन ।' भने मैलेँ । 'जान्न त जान्दिन तर अलि अलि जानेको भन्छु ।' यति भनेर बयाँ गर्न थाले ।

## दाप्चाः किंवदन्ती र यथार्थ

- नमोबुद्धको उकालो हुँदै एकजना यात्री यात्रा गर्दै थिए । **कालीकुवा** भन्ने स्थानमा उनको खुकुरीको दाप हरायो ।  दाप 'जा' भने । 'जा' लाई नेवारीमा हराउनु भनिन्छ । दाप्जाको अपभ्रंस हुँदै 'दाप्चा' शब्द भएको भन्ने किवदन्ती छ ।
- लिच्छवी कालमा दाप्चा क्षेत्रको नाम **'दुप्चुङ ग्राम'** थियो । भकुण्डे वेसीको शिलालेखमा **'दुप्चुङ ग्राम'** लेखेको भटिन्छ ।
- दाप्चालाई नेवारी भाषामा **दचो** भन्छन् । अर्थात् उच्च स्थान । लिच्छवी कालमा अग्लो स्थान किल्ला हुन्थ्यो । शक्ति केन्द्रित यस्ता ठाँउबाट वरपर शासन गर्थे । दाप्चा उच्च स्थानमा छ ।
- दाप्चामा उहिले चण्डेश्वर नामका राजा राज्य गर्थे । एकदिन राजदरबारमा एक जोगी पुगे । जोगीले राजासंग धन-दौलत धेरै मागे । राजाले पनि आज सूर्यास्त हुनुपूर्व तिम्रा सबै चाहना पूरा गर्ने छु भने । तेसै बेला जोगीलाई आफ्नो खुकुरीको दाप हराए जस्तो लागेछ । अनि उनको मुखबाट फुत्त निस्किए छ ।
- **दाप्जाः '**मेरो दाप हरायो । त्यो दिन पछि यस भूमिको नाम दाप्चा रहेको हो भनी पुराना मानिसहरु भन्दछन् ।
- दाप्चा पूर्वको वन्दीपुर हो ।
- **सुत्केरी ढुङ्गोः** दाप्चा नजिकै ठूलो फराक ढुङ्गो छ । त्यो ढुङ्गोमा सुत्केरी महिला आफ्ना नानिका लुगा सुकाउँथिन रे । सुत्केरी अवस्थामा उहिले सुत्केरी महिलाले एक्लै बोकेर त्यो ढुङ्गो त्यहाँ राखेको रे ।
- **दाप्चा सहर विकासः**  दाप्चा बजारको विकास यसरी भएको हो रे । 'भक्तपुर

का एकजना खातापिता परिवारका नेवार बेपारी भत्तपुरमा बेपार गर्थे रे । भोज र मोजमा रमाउन बानी परेका उनले धन संम्पत्ति खानपीनमै स्वाहा पारे छन् । तन्नम अवस्थामा पुगेछन् । पछि उनै निर्धन साहु घुम्दै दाप्चा पुगेर सानु खुद्रा व्यापार सुरु गरे छन् । हुँदा बस्दा उनको वेपार चम्किन थालेछ । सो कुरा थाहा पाएर अरु पनि भक्तपुरे व्यापारीहरु दाप्चा गएछन् । बेपार गर्न थाले छन् । तेस पछि दाप्चा पूर्वको बन्दीपुर भएको हो' भनी बुढापाकाहरु भन्दछन् ।

- दाप्चा बजारको ऐतिहासिक र सांस्कृतिक धेरै महत्व छ ।
- **दहि चिउरा**ः दाप्चा बजारैमा हो कि वरपर हो थाहा भएन । एक प्रसिद्ध दहि चिउरा पसल थियो रे । स्थानीयले त त्यहाँ गएर खान्थे खान्थे । काठमाडौं उपत्यकाबाट पैदल तराई झर्नेहरू पनि त्यहाँ पुगेर दहि चिउरा खान्थे रे ।
- **भुँडे साहु** - दाप्चा बजारमा भुँडे साहुको पसल घर थियो रे । त्यहाँ तराई झर्ने बटुवा र काठमान्डू खाल्डो पस्ने बटुवाहरू बास बस्न जान्थे रे । भाँडा - वर्तन । ओड्ने - ओछ्याउने आदि आवश्यक कुरा भुँडे साहू निःशुल्क दिन्थे रे ।
- दाप्चामा बटुवालाई ध्यान दिएर बनाएका थुप्रै पाटी-पौवा अझै छन् ।
- दाप्चा हुँदै पूर्वी तराई प्रवेश गर्दा बाटोमा **'चरङ्गे**' भन्ने ठाउँ आउँथ्यो । त्यहाँ लुटपाट हुन्थ्यो । धनी बटुवालाई लैनु र गरीब बटुवालाई थारो भन्थे । कोड भाषामा ।
- तेस्तै दाप्चाबाट हिडेर काठमाण्डु उपत्यका भित्र जाँदा बाटोमा **'चौकट'** भन्ने ठाउँ आउथ्यो । त्यहाँ झाडी थियो । त्यो ठाँउ विकट र भयावह थियो । दिउँसै बटुवालाई लुट्थे रे ।
- पहिले पहिले श्यामपाटी । पुराना गाउँ । छत्रे बाँझ । डराउने पोखरी र खनाल थोकलाई 'दाप्चा' भन्थे ।

**दाप्चा नगर परिक्रमाः**

छत्रे बाँस । दाप्चा चोक । लेखेको फलामे किलोनिर पुगेछौ । दामोदरलाई भनेँ- 'फोटो हानौन ।' 'हुन्छ' । हामी दुईको झिल्के फोटो आयो ।

हिन्दै छौ । यस्ता घर त देखेकै छैन । कति सफा बजार । यस्तै कुरा कथुर्दै जाँदै छौ । नयाँ साथीहरुको अनुहार संग त परिचित भएँ । नाम भनेँ सबैको थाहा छैन । यो दिङ्लाली लद्दु कान्छालाई । मलाई ।

चस्मा क्या, कालो । ढल्काएर दन्काउदै छन् फोटा पुडासैनी । मैले त बोकिन छु । मन्दिर आयो ह्वार्रै भित्र पस्ने । बाउ बाजेका पालामा फलप्राप्ति वा मुक्ति कामनाले देवदेवीको दर्शन गर्थे । अचेल देउतासँगै उभिएर आफुलाई अपरंपार भक्त देखाउन फोटा हान्ने नि । मन्दिर - हामी - फोटा चलिरह्यो ।

'भात खाने होइन ?' 'खाने नि'

बाटो छोडेर अलिमाथिको भान्सा घर भित्र पस्यौँ । दाल आयो । स्थानीय तिहुन्, तरकारी, अचार । थपी थपी खायौँ । मीठो । 'यो होमस्टे हो । हजुरहरु घुम्न आउनुस । रात बस्नुस् । म सेवा गर्छु ।' भने भात थप्दै साहुजीले ।

चौकावाट उठ्ने बेला एक गिलास तातो पानी नहालेको विशुद्ध दूध दिइन भान्से नानीले । मीठो मान्दै सुरूप सुरूप । मैले मनमन भनेँ - यो मुखसिद्धि हो । होमस्टेको ।

निस्कियौँ । रोडमा आयौँ । माथि आकाशमा घाम अब मेरो अस्ताउने बेला भो भन्दै थियो मौन भाषामा । 'कता ?' 'तेर्सै तेर्सै जाऔ न ।'

**पीताम्बर फूलः** मैले देखें । गाडि बाटो माथि मज्जको मकैबारी पाटो । पाटोको भित्तामा हावा फुस्केको वेलुन जस्ता पहेला लामा फूल । हाँगा हाँगामा रोइ बसेको । ती फुल रोएको देखेर मुख कालो पारेर उभिएका वृक्ष सन्ततीहरु ।

'साहुजी ! त्यो पहेलो फूलको के नाम ?' हामी पीताम्बर भन्छौ । दिनभरी ओइलाएर लुरुक्क पर्छ । राती ढकमक्क फुल्छ ।'

'जौं जौं ।'

**सूर्यास्तः** हिँड्दै छौँ । अग्लोमा छौँ । -- पर--- तलको गहिरोमा मुसु मुसु हास्तै छन् सूर्य । कचौरा जस्तो गहिरो ठाममा चंकिइ चंकिइ नाच्दै छन् ।

त्यो ठामको नाम के हो ?' म । 'पलन्चोक भगवती परिसर ।'

तेर्सै तेर्सै गइ रहयौ । कुइनेटो आयो "भो अब उता न जौ । फर्कौं । रात पर्न थाल्यो ।' भने मैले ।

डा. दामोदरले भने-'मकै बारीमा नाच्ने कि ?

डा. यादेवी र रिता खत्री बाटो मुनिको लहलह मकैबारी भित्र पसे । कम्बर मच्चाउदै नाच्न थाले । 'नाच्न चै नाच्नुस । मकै विनास भनेँ नगर्नु होला ।' मैले भने । वहाँहरुले मलाई पनि नाच्न आमन्त्रण गर्नु भो । आए पो । गइन ।

फेरि घुम्न थाल्यौं । कति शान्त । कति मनभावन दाप्चा बजार । स्वर र लय मिलाएर उभिएका घरहरु । रोडमा उभिएका मौन घरहरुको कति उच्च स्वर । भन्दै थिए- हामी जति राम्रा घर सन्सार मै छैनन् ।

संस्कार र संस्कृतिमा दाप्चा - बन्दीपुर र आसाम उस्तै उस्तै । आसाम पुगेँ - रातो माटो र कमेरोले लिपेका घर । घरका मुलीलाई बिहानै ढोग्ने जस्ता चलन मन पर्‍यो । बन्दीपुर पुगेँ - सहर भित्र गाडि नपसाउने । घरको दलिन र खम्बा पुरानु चलन अनुसार रङ्गाएका । लिपेका । अहिले दाप्चामा छु - अति संस्कार देखेँ । नेपाली र नेवारी परम्परा ।

**नमोबुद्धः** दाप्चा जाँदा नमोबुद्ध छिर्न मिलेन फर्किदा अहिले जाने कुरा भो । गाडि रोकेर उकालो लाग्यौ । यता राम्रो । उता राम्रो । ढुङ्गा ओछ्याएको । रेलिङ लाको । चिटिक्कको सिढीँबाट सक्ने उफ्रिदै नसक्ने ठस ठस कन्दै उकालो गइ रहेका छौ ।
टुप्पोमा पुग्यौ । अरु फोटो खिच्न र गफ गर्न थाले । कुना पसेर विहान प्रह्लाद सरले दिएको 'विश्व सांस्कृतिक शान्ति पद यात्रा' नामक वुकलेट पढे ।

**नमोबुद्ध कथाः** राजा महारथ ५ हजार जनसंख्या भएको पनौतीलाई राजधानी बनाएर राज्य गर्थे । उक्त पुण्य भूमिमा ६००० (छ हजार) वर्ष पहिले महारथका कनिष्ठ पुत्रको रूपमा भगवान नमोबुद्ध महासत्वले जन्म लिनु भएको थियो ।
हालको नमोबुद्ध न.पा. स्थित कुशुमे वन (गन्धमादन पर्वत माला) मा शिकार खेल्न राजा र तीन राजकुमार गए । शिकार खेली फर्किदा उनीहरुले पाँच ओटा डमरूकी दुब्ली आमा र ससाना डमरू देखे । यस्तीको शिकार नगर्ने भनेर शिकार नगरी फर्किए ।
कान्छा राजकुमार महासत्व कसैलाई खबर नगरी भोकी बघिनी भएको ठाममा फर्किएर गए । आफ्नो शरीर काटेर बघिनीलाई दिए । अन्त्यमा जीवन लीला सके ।
महासत्वले जीवन उत्सर्ग गरेको ठाममा महारानी र उनका दाजुहरुले मुर्ति सहित चैत्य बनाए । जुन चैत्य अहिले **'नमो बुद्ध'** नामबाट सुप्रसिद्ध छ ।
ए, यस्तो पो रहेछ भन्दै वुकलेट खल्तीमा हाले ।

जौ जौ । अवेर भो । सावित्री
हतार हतार मैले पनि एक दुई फोटा हानें । झरेर एकैछिनमा रोडमा आयौ ।
नमोबुद्धको गेट बाहिर । गेटैमा धानका फोगटामा हरिया धानबोट । खेत माथि बारी । बारीमा सुन्तलाका मज्जका बोट । बोटको फेदमा नीलो रङ पोतेको । किन होला ? आफ्नै मनसंग सोधें । बालेन ।
गइ रह्यौ । अलिपर बाह्रविसेको मज्जको धानखेत आयो । लहलह धान । खेतका बीचबीचमा पक्की घर फल्न थालेछन् । मारे बा मारे । निमोठे प्रकृतिलाई भने मनमन । हन, मान्छेलाई के उथि घर चाहिएको ।

बस कुद्दै छ । मेरा आँखा कुद्दैछन् डाँडा-पाखा ।
अन्त्यक्षरी खेल्ने ?
खेल्ने ।

डा. यादेवी । रीता । मन्दिराहरुको नेतृत्व सबिना खनालले लिनुभयो ।
डा. दामोदर सहित अरु षुरुषको नेतृत्व राम नेपालले लिनुभयो ।
ओहो हो । अन्त्याक्षरी खेल्ने सबै सोह्र माथिका । गीत भने सोह्र मुनिका । कति चाँडै चार सोह्र नाघे छु भन्ने पछुतो पो लाग्यो मलाई । तेति बेला । ताली बजाउने । हाँस्ने । मेरो र मजस्ता गाउन नजान्नेको काम । अरुको खेल्ने काम ।
अब जोक । जोक सुन्योकि झोक चल्छ । अहिले जोकसोक वात । म मज्जाले रमाइ रहेको छु । हाँस्दैछु । सोह्रमा फर्केर ।
जीवन कर्दम । जीवन पङ्कज । जीवन ठूलो फराक ललाट । मीठो हुन्छ जीवन । नमीठो हुन्छ जीवन । जीवनलाई कसरी हिडाउने मान्छे आफैमा भरपर्छ । तकदीर । ईश्वर अल्छीका कुरा हुन् । जोक र अन्त्याक्षरी नजानेकोमा मलाई पछुतो लाग्यो ।
कोटेश्वरमा झर्यौं । अलि भित्रको ग्यारेजमा कार रोकेका रहेछन् डा. दामोदरले । मलाई ग्रीनहिल सिटीमा छोडि दिए । घरभित्र पस्दै घडि हेरे- ट्वाक्कै सात । ■

धन्यवाद ।

२०८१ असार २५


नेपालको पहिलो बैंक
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

# नेपाल बैंक लिमिटेड

## मधेश प्रदेश

फोनः ०२१-५७२३९७

www.nepalbank.com.np

# सीना र व्वाँसो

✒स्वर्णभी एस. शाक्य

एउटा चरा थियो । उसको नाम सीना थियो । सीना यताउता उड्डै रमाउँदै थियो । उसकी आमा खाना खोज्न जानु भएको थियो । “ओहो, मेरो आमा खोई होला,” सीनाले भनी । सीना त घरमा एक्लै भईन् । त्यति नै बेला त्यँहा कोहि आई पुग्यो । को भनेर सीनाले हेरेको त व्वाँसो पो रैछ। त्यो त बदमास व्वाँसो पो रैछ। त्यसरी उसले सीनालाई लिएर गयो ।

सीनाको आमा घर आई पुगेर उसलाई बोलाईन । “मेरो बेबी, जाउँ अब पप (परपर) धुम्न, बेलुम किन्न जाउँ”, सीनाकी आमाले भन्दै थिईन तर सीना त त्यहाँ थिईन। आफ्नो बच्चालाई खोज्दा खोज्दा नभेटेर सीना की आमा रुन थालिन, “मेरो बच्चा, मेरो बेबी भेटिएन! के गर्ने होला!”, उनी कराउन थालिन।

उता व्वाँसोले भने सीनालाई आफ्नो घर तीर लग्यो । व्वाँसोको घरमा भने सीनाको चिन्टु र मिन्टु संग भेट भयो । धन्न उनीहरु सीनाका साथी भए र उनीहरु गीत गाउँदै बसे ।

सीनाकी आमा, आमासीनाले पुलिसलाई फोन गरिन् । मेरो बच्चालाई खोजी दिनु पर्‍यो, आउनुस् न भनिन् । पुलिसले पनि “हस्, म आउँछु” भने । एक्कै छिनमा पुलिस आई पुगेर आमासीनालाई “के भयो?” भनेर सोधे । आमाले “मेरो बेबी, मेरो बच्चा कतै भेटिएन कता गयो, कसले लिएर गयो, त्यो बदमास व्वासोले पो हो की”, भनेर पुलिसलाई सुनाईन् । “जाऊँ सबै भन्दा पहिले व्वासोको घरमा नै खोजौं”, भनेर उनीहरु त्यतै तिर लागे ।

सीना भने चिन्टु र मिन्टु संग नै खेल्दै थिईन । व्वासो पुलिस आएको देखेर डराएर भाग्यो । आमासीनाले व्वासोको घरमा “मेरो सीना, मेरो सीना” भनेर खोज्न थालिन् । तर पनि सीना देखा परिन । सीना कता हो भनेर दुबैले खोज्न थाले । ऊ त व्वाँसोको कोठामा चिन्टु र मिन्टु संगै थिईन । कोहि बदमास आएको हो की भनेर उनीहरु लुकेर बसेका रैछन् । आमा-छोरीको बल्ल भेट भयो । “मेरो छोरी, तिमी कहाँ गएको भन त! मलाई छाडेर?,” आमासीनाले सीनालाई घसी गर्दै (अंगालो हाल्दै) भनिन् । होईन, “मलाई त व्वाँसोले उसको घरमा लिएर आयो । चकलेट दिन्छु भनेर मलाई यहाँ लिएर आयो,” सीनाले भनिन्, “सरी आमा, अब देखि म त्यसरी अरुको घरमा जाँदिन । अरु नचिनेकोले दिएको खाँदिन । आमाबुबालाई नसोधिकन म कतै जाँदिन ।”

सीना र आमासीनाले फेरी घसी गरे र संगै उड्दै आफ्नो घर गए । अनि कथा सकियो । ■

*(२ वर्ष ९ महिनाकी स्वर्णभीले आफ्नी आमालाई २०८१ असार २८ गते राती १०:४० बजे सुनाएको कथा- थोरै परिमार्जित । उसकै आवाजमा सुन्नको लागि क्यू.आर. कोड स्क्यान गर्नुहोला)*

# गुलसन बजारको साँझ

✒श्रीओम श्रेष्ठ 'रोदन'

स्वदेशी विमानबाट विदेश उड्दै थियौँ हामी। बङ्गलादेशको राजधानी ढाकामा हुने साहित्यिक तथा सांस्कृतिक कार्यक्रममा भाग लिन जाँदै थियौँ हामी आठजना । बङ्गलादेश र नेपाल निकटतम छिमेकी राष्ट्र नै हुन् । मौसमको दृष्टिले झन् नजिकैका छौँ हामी । बङ्गालको खाडीमा अलिकति बादल मडारिनासाथ नेपालमा हुरीबतास चल्न थालिहाल्छ। उताको बादलले मौसममा मात्र होइन बेमौसममा पनि पानी पर्नथाल्छ । हाम्रो त मनसुनको स्रोत नै बङ्गालको खाडी बनेको छ। यसैले नेपाल र बङ्गलादेशको मौसमीय सम्बन्ध पूरै पारिवारिकजस्तै बनेको छ।

नेतृत्व पवन आलोकले गर्नुभएको थियो । त्यसपछिको हैसियत उमेरका दृष्टिले कसको के हुँदोरहेछ भन्ने कुरा उठ्यो फुर्सदमा । त्रिभुवन विमानस्थलमा सुरक्षाकार्य सकेर प्लेन पर्खिरहँदाको कुरा हो यो । सबैभन्दा जेठो हुनुहुँदोरहेछ दायित्व साहित्य प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्त। माहिलो पवन आलोक नेता नै हुनुभयो टोलीको। साँहिलोमा पर्नुभयो उपन्यास समाजका अध्यक्ष शङ्कर भारती । काइँलोमा हुनुभयो नियात्रा समाजका अध्यक्ष प्रतीक ढकाल र ठाइँलो भएँ म । त्यसपछि पर्नुभो प्रा. डा. लक्ष्मणप्रसाद गौतम, दायित्वका सम्पादक यादव भट्टराई र कान्छो पर्नुभो कवि उमेश अकिन्चन ।

बङ्गलादेश विमानले एक घण्टा छ मिनेटमा पुऱ्याउने विदेश । यति नै समय लाग्ने हाम्रा आफ्नै शहरहरु नै छन् । तर देश भनेको देश नै हो र विदेश भनेको अर्काको देश नै हो। धेरै कागजी काम पूरा नगरी छिर्न पाइँदैन अर्काको देश।

हिमालय एयरलाइन्सको प्लेनका सिटहरु आधाभन्दा बढी नै खाली थिए। टिकटमा तोकिएको सिटमा नबसेर हामी झ्याल भएको सिटमा एक्लाएक्लै बस्छौँ । विमानले धर्ती छोडेपछि मातृभूमिको माटोलाई हेर्छु म । एक टुकै कतै खाली नभएजस्तै देखिन्छ । कङ्क्रिटको घना जङ्गलजस्तै बनिसकेको छ हाम्रो शहर काठमाडौं। योजनाबिना बनेका घरैघरको अव्यवस्थित शहर । सरकारको व्यवस्थित योजना नभएकैले त हो नि इच्छाअनुसार बनेका घरैघर। भूमिमा नै हुँदा यति धेरै अनुभव हुँदैन तर आकाशमा पुगेको बेला यस्तै लाग्छ सधैँ । प्रत्येकपटक बढिरहेको जनको र भवनको घनत्वको परिणाम ।

साथीहरुलाई हेर्छु, कोही झ्यालबाट बाहिरका दृश्य हेरिरहेका छन् । यादवजीका आँखामा भने विशेष उत्साह र कौतूहल भएको देख्छु। उहाँ पहिलोपटक आकाशबाट विदेश यात्रा गर्दै हुनुहुन्थ्यो। फेरि झ्यालबाट बाहिर हेर्छु । हिमालहरु देखिन छोडेछन् । हिमाल देखुन्जेल आफ्नै देशमा छु जस्तो लाग्छ । समुद्र र मरुभूमि देख्नथालेपछि विदेश पुगिसकें भन्ने लाग्छ।

ढाका विमानस्थलको अध्यागमनमा पुगेर हामीले कोरानाविरुद्ध पूर्ण खोपको क्युआर कोडको प्रतिलिपि र चौबीस घण्टाअघि गरेको कोभिड परीक्षणको रिपोर्ट पनि पासपोर्टसँगै राख्यौं । तर केही नचाहिने भइसकेको रहेछ अहिले । कोरोना महामारी फैलिएको बेलाको अन्तर्राष्ट्रिय नियम होला । परिवर्तन भइसकेको तर नियमन हुन नसकेको कारण हामीजस्ता लाखौँ यात्रुहरुको पैसा र समयको ववार्दी भएको उदाहरण बनिरहेका छौँ ।

अध्यागमनको औपचारिकता सकाएर ड्युटी फ्री पसलतिर लाग्छौँ हामी । सबैले एकएक बोतलको सुविधा उपयोग गर्छौं । बङगलादेशको भूमिमा टेक्नासाथ भ्रष्टाचार को एक झल्को पनि व्योहोरिहाल्न पऱ्यो हामीलाई । बोतलमा राखिएको मूल्यभन्दा चार डलर बढी तिर्नुपऱ्यो हामी सबैले । अन्तर्राष्ट्रिय विमानस्थलका ड्युटी फ्री पसलका हामी धेरैजना अनुभवी ग्राहक थियौँ । त्यसैले तोकिएकै दाम तिर्न खोज्छौँ । काउन्टरकी युवतीलाई भन्छौँ । उनी बोल्न खोजिनन् । छेउमै बूढो हाकिम पनि थियो । उनले व्याख्या गर्नथाल्यो, 'यो लेखिएको डलर लोकल उत्पादनको हो । तपाईहरुलाई दिइएको ग्यारेन्टेड इम्पोर्टेड हो त्यसैले चार डलर महङगो भएको ।' कुरा बुझिसकेका थियौँ हामीले पर्यटक ठग्न सिपालुको भाका । विदेश पुगेको बेला आठजनाको जम्मा बत्तीस डलर खासै ठूलो कुरा त होइन । कुरा हाकाहाकी ठगीको मात्र हो । नरमाइलो त लाग्यो नै तर के गर्नु ? देशमा भित्रिन लागेका पर्यटकले उसको देशप्रति बनाउने धारणाले कति डलरको क्षति होला भन्ने उसलाई कको मतलब ? देशलाई बदनाम गरेर, देशलाई घाटा पुऱ्याएर व्यक्ति जित्ने र कमाउने व्यहोरिरहेका देश नै हौँ हामी पनि ।

बङ्गलादेशमा भएको पहिलो खल्लो लाग्ने अनुभव होइन यो । वि.सं.२०४२-०४३ तिर जस्तो लाग्छ भिःटिगुन्टाको व्यापार फस्टाएको बेला । नाइके भएको नाताले साहुसँग बैंककबाट ढाका पुगेको थिएँ । त्यहाँबाट ल्याएका केही सुटकेश विमानस्थलकै सेफ डिपोजिट भल्टमा राखेका थियौँ मेरो नाममा । ढाकाबाट समूहसहित फर्किनेबेला म सामान लिन गएको थिएँ । एउटा सुटकेशको बाहिरी चेनभित्रबाट काटेर एउटा यासिका क्यामरा चोरी भएको थियो । त्यतिबेला पनि कतै सुनुवाइ भएको थिएन ।

विमानस्थलबाट बाहिर निस्कनुअघि शौचालय जान्छौँ । ढोकैमा एकजना युवकले सलाम गर्छ । अचम्म लागिरहेको थियो शौचालयमा पनि सलामको अर्थ ? अहिलेसम्म कुनै देशको विमानस्थलमा पनि यस्तो अनुभव गर्न पाएको थिइँन । म शौच गरिरहेको बेला त्यही युवक पछाडि उभियो र मलाई ट्वाइलेट पेपर दियो । यो पनि नयाँ कुरा लागेको थियो मलाई तर पनि लिइदिएँ । त्यसपछि बुझेँ उसको अपेक्षा । तर के गर्नु ? उसलाई दिने उसको देशको पैसा नै थिएन बगलीमा । डलर दिने कुरै भएन ।

विमानस्थलबाट बाहिर निस्कदाँको तापकम तीस डिग्री सेल्सियसको थियो ।

ड्युटी फ्रिको तापक्रम र अलिकति शौचालयको तापक्रम पनि घट्न सकेको थिएन । त्यसैले ढाकाको तापक्रम झन् बढेकोजस्तो लाग्यो । स्वागतका लागि आउने संस्थाका महासचिव सलाउद्धिन कुटुलाई पवनजी र मैले मात्र चिन्दथ्यौँ । सात वर्षअघि साहित्यिक सद्भाव यात्रामा आउँदा पनि उनैले आतिथ्य र आयोजनाको पूरै व्यवस्थापन गरेका थिए । 'पवनजी' कसैले बोलाएको आवाज सुनियो । अगाडिको भीडको बीचबाट सानो कदको कुटु हात हल्लाइरहेको थियो । सबैसँग परिचय भएपछि चढ्यौँ माइको बसमा । ढाकाका सडक र शहर देखाउँदै अगाडि बढायो बसले ।

शहर नजिक पुग्दै गएपछि त्यति देखिनथालेका थिए मान्छेका भीडभाड र पर्नथालेको थियो सडकको जाममा । ढाका शहर र सडक जाम पर्यायजस्तै बनिसकेको बतायो कुटुले । पहिलेको तुलनामा अलिअलि फरक अनुभव भइरहेको थियो मलाई ढाका शहर । ढाकाका सडकमा गुड्ने सबै नगर बसका दायाँबायाँका पाटा पुरै कोतिरिएका छन् । पहिले पनि यस्तै देखिएका थिए । अहिले त झन् बढी भएको पो हो कि जस्तो लाग्यो । गुड्न ठाउँ त्यति नै हो गुडाउने कुरा भने बढेको बढ्यै । एउटाले अर्कोलाई छोयो छोयो भनेजस्तो गरेर चलाउँछन् गाडीहरु । टेम्पोहरु पनि त्यस्तै देखिन्छन् । केहीले ठोके पनि नकोतरियोस् भनेर सुरक्षाका लागि फलामे पाइपहरु राखेएका छन् गाडी वरीपरी । एकनासले हर्न बजाउँदै उछिन्ने प्रतियोगिता नै चलेजस्तो लाग्छ ।

केटाकेटीमा झगडा गर्दा ल छो त, ल छो त भन्दै छोएजस्तै छ यहाँको यातायात सेवा । नहोस् पनि कसरी ? सिङ्गो नेपालको जनसङ्ख्या त यही ढाकामा मात्रै रहेछ । अठार करोड जनसङ्ख्याको देशमा तीन करोड त राजधानीमा नै बस्दा रहेछन् । काठमाडौँ पनि त यही लयमा अगाडि बढिरहेको छ ।

विमानस्थलबाट बीस किलोमिटर जति गुडेपछि माइक्रोबस रोकिन्छ गुलसन रोडको क्वालिटी इन होटलमा । गुलसन ढाकाको भिआइपी क्षेत्र रहेछ । त्यही भएर यहाँ भने यातायातको चाप पनि कम नै देखिन्छ । होटलभित्र प्रवेश गर्नासाथ शीतल वातावारणमा आयोजकहरुले गरेको स्वागत स्वादिलो मान्छौँ हामी । बङ्गलादेश नेपाल फ्रेण्डसिप सोसाइटीका अध्यक्ष म्यैसुर अहमदले त झन् अँगालाभरिको फूलको टोकरीले खुशीभन्दा भावुक बढी हुन्छौँ ।

हामी कुराकानी गरिरहेको बेलामा आइपुग्नुहुन्छ नेपाली दुतावासका कार्यवाहक महामहिम राजदूत कुमार राई । कुटनीतिक जिम्मेवार व्यक्ति भए पनि हार्दिकरुपमा मजाले हाँस्दै गर्नुहुन्छ विदेशमा देशको स्वागत । उहाँ हाम्रो टोलीका कवि उमेश अकिन्चनका दाजु । जुरुक्क उठेर शिर थाप्न जानुहुन्छ दाजुसँग । कति भव्य छ अग्रजप्रतिको सम्मानको संस्कति हाम्रो ।

होटलबाट बाहिर निस्कँदा साँझ परिसकेको थियो । केही समयअघिसम्म फुर्ति गर्ने सूर्यको प्रकाश अहिले निकै कमजोर

बनिसकेको थियो । हामीलाई घुमाउन ठूलो जिप ल्याउनुभएको रहेछ महामहिमले । चढ्न थाल्छौँ पालैपालो, केहीलाई ठाउँ नपुग्ने हुन्छ । ओर्लेर फेरि चढ्छौँ हामीलाई विमानस्थलबाट ल्याउने माइक्रोमा नै । माइको गुड्न थालेपछि बङ्गलादेशको बारेमा जानकारी दिन थाल्नुहुन्छ उहाँ - 'दुई करोड त हिन्दू धर्मावलम्बी नै छन् यहाँ । मुसलमानहरुको इतिहास त पाँचछसय वर्ष मात्र पुरानो छ । भौगोलिकरुपले नेपाल र बङ्गलादेशको दूरी खासै टाढाको होइन । राधिकापुरबाट गलगलियासम्म छब्बीस किलो मिटर मात्र छ ।'

केहीबेरमा रोकियो माइको र सुरु गर्छौं पैदलयात्रा । हिँड्दाहिँड्दै हामी दुई समूह बनेछौँ अगाडि र पछाडि । सडकको फुटपाथमा सबैजना सँगै हिँड्न सम्भव पनि हुँदैन । विदेशी साँझमा यसरी गफिदै हिँड्दा अरुलाई अप्ठरो हुन्छ भन्ने पनि ध्यान दिनैपर्‍यो नि । 'यो नै हो ढाकाको चर्चित बजार गुलसन । गुलसन भनेको फूल । राम्रो भन्ने रहेछ यहाँको भाषामा । अर्थात् राम्रो बजार ।' झन् देखिएका ठाउँका बारेमा बताइदिने महामहिम नै सँगै हुँदाको मजा त कति हो कति ? अवसर मात्र होइन विशेष अवसर बनिरहेको छ हाम्रा लागि । काठमाडौँमा सितिमिति नहिँड्ने मान्छे म । त्यही पनि हिँडिरहेको थिएँ आफैसँग पनि गुनासो नगरीकन । धेरै नै हिँडिएछ भन्ने लागेर मोबाइलमा पाइलाको रेकर्ड हेर्छु । झण्डै सात किलोमिटर हिँडिसकिए छ त । अनि किन नआओस् पसिना पनि वर्षौं देखि आउन नपाएजस्तो गरेर । मन उत्साही भएर रमाइरहेको भए पनि शरीरले मतलब गर्दोरहेनछ । शरीरले आफ्नो स्वभाव देखाइहाल्दोरहेछ । पाइताला पाछिएजस्तो भएर दुख्न थालिसकेको थियो । मलाई हिँडन् गाह्रो भइसकेको थियो । तर बेलाबेलामा शङ्करजी, लक्ष्मणजी र यादवजीले सेल्फी खिचिरहनुभएको थियो । त्यसैले पाइतालाको दुखाइ बिर्सेर अनुहार हँसिलो बनाउने गरिरहेको थिएँ ।

'हाथीझिल हो यो हाथीझिल अर्थात् हात्ती डुब्ने ताल । यो सात किलोमिटर लामो छ ।' महामहिमले कुनै नयाँ कुराको जानकारी गर्न सुरु गर्नासाथ हामी विद्यालयका विद्यार्थीजस्तै उहाँका कुरा सुन्न वरि परि झुमिन्थ्यौं । सडकमा निरन्तर बजि रहेका हर्नका आवाजले पूरै ध्वनि प्रदूषित भइरहेको थियो । त्यहीबेला अग्लो ठाउँमा राखिएको माइकबाट ठूलो आवाजमा गुन्जियो कुरान पढेको आवाज । सबैलाई सुनाएर पवित्र बनाउनका लागि । एउटा पुलमाथि रोकिन्छौँ हामी । पुलमुनिको पानी कालो बनेर बगिरहेको थियो । 'बङ्गलादेशमा सात सय नदी छन् । यो नदीमा यस्तै पुल ठाउँ ठाउमा राखिएका छन् । यो नदी जल यातायातको लागि प्रयोग भइरहेको छ ।' उहाँ बोलिरहनुभएको थियो । पाइतालाको दुखाइ र थकाइ बढिरहेको थियो । अब हिँड्नु नपरे पनि हुन्थ्यो भन्ने लागिरहेको थियो । संयोगले हाम्रो गाडी हर्न बजाउँदै हामी छेउ आएर रोकियो हामीलाई होटल लैजानलाई । ■

# नियात्रा साहित्यको नालीबेली

✒डा. विदुर चालिसे

**आरम्भ**

जहाँ जहाँ मानिसहरू पुग्छन् त्यहाँ त्यहाँ मानिसले आफूसँग भएको भाषा, बुद्धि, विवेक र ज्ञानसँगसँगै लगेका हुन्छन् । यो कुनै आश्चर्यको विषय पनि होइन । अनि आफ्ना विशिष्ट क्षमताका कारणले उ कुनै एउटा ठाउँमा पनि बसिरहन सक्दैन । उसमा नयाँ नयाँ कुरा हेर्ने, देख्ने, सुन्ने, बुझ्ने, नियाल्ने अनि अनुभव प्राप्त गरेर कल्पनाको हवाई उडानमा लहरिएर आनन्दको स्वाद लिने कार्य पनि उसका लागि नैसर्गिक अधिकार नै प्राप्त भएको प्राणी हो । त्यसो भए यात्रा भन्नु :

'अन्य प्राणीका तुलनामा मानिसको जीवन अति दूरसम्म पनि यात्रा गर्नसक्नु रैछ । तर उसको जीवन भरको यात्रा कहाँ देखि कहाँसम्म ? विचारदेखि विचारसम्म ? वा स्थानदेखि स्थानसम्म ?'

संसारमा प्राप्त यात्राका प्राचीन तथा मध्यकालीन युगका परिसंस्मरणात्मक घटनाको विवरणहरूलाई भेट्टाउँछौँ । अनि हामी साहित्यको रङ्गात्मक मसलामा तिनका घटना सन्दर्भहरूलाई घोलेर तिनका विषयवस्तु, घटना, सन्दर्भ र प्राप्त विवरणहरूलाई आत्मरञ्जनाको गुञ्जनमा विषयवस्तुका यावत प्राप्त विवरणहरूलाई निबन्धात्मक बान्की भनौँ वा स्वरूप संरचनाको ढाँचामा नियात्रा साहित्य विधाको मूल्यवतामा प्रस्तुत गरि दिन्छौं । चाहे भास्को डि गामाको नयाँ भूमिको पहिचान होस् या कोलम्बसको मानवीय जिवीकासँग जोडिएको विषय किन नहोस् । मार्कोपोलो वा एमुण्ड सेन, रोवर्ट पियारी वा जोसेफ टुची र एडमण्ड हिलारीका प्राकृतिक, भैगोलिक वा पर्यावरणीय सन्दर्भहरूका भ्रमणहरू हुन् । हाम्रो सन्दर्भमा सामाजिक, सांस्कृतिक एवं धार्मिक अर्थमा प्राचीन चीनबाट हु एन साङ्ग वा मन्जुश्री तत्कालीन नेपाल खाल्डोमा आए अनि यहाँका सामाजिक, सांस्कृतिक तथा धार्मिक वृतान्तहरू लेखे ।

इतिहासलाई गम्भीर भएर अझै प्रसङ्ग खोतल्ने हो भने प्राचीन कालदेखि नै नेपाल हिन्दू तथा बौद्ध धर्माबलम्बीहरूको तीर्थ स्थल रहेको छ । यसै सन्दर्भमा भारत तथा तिब्बतबाट यस्ता तीर्थयात्रीहरू नेपालमा आउँथे नै । एघारौँ शताब्दीमा भारतका अतिशा नाम गरेका बौद्ध धर्मका ठूलै आचार्य र तेह्रौं शताब्दीमा विभूति चन्द्रले नेपाल भ्रमण गर्न आएका थिए । यस्तै तीर्थाटनका क्रममा नेपालका विव्दानहरूसँग अध्ययन गर्न तिब्बतका बौद्धहरू नेपालमा यात्रा गर्दथे । तेह्रौं शताब्दी मै भिक्षु धर्मस्वामीले नेपालको यात्रा गरेको ऐतिहासिक प्रमाणहरू छँदैछन् । सम्राट अशोकले नेपालको यात्रा गरी स्तम्भ खडा गरेको तथ्य पनि यात्रा साहित्यको अर्को महत्वपूर्ण तथ्य प्रमाणितै छ । त्यस स्तम्भमा प्रयोग भएको भाषा जुनसुकै भए पनि नेपाली भूमिमा तत्कालीन भारत वा तिब्बतबाट

आएका यात्रारत मनिषीहरूले यात्रासम्बन्धी स्तम्भहरूको निर्माण गर्नु भनेको हालको नियात्रा साहित्यको सैद्धान्तिक बहसका लागि नयाँ स्रोतहरूको ढोका खोलिदिनु हो ।

भारतीय महाव्दीयको उत्तरतर्फ रहेको प्राचीन राज्यमध्ये जुम्लाबाट विस्तार भएका प्राचीन देशहरू थिए । त्यस मध्ये खशराज्य तत्कालीन अवस्थामा निकै शक्तिशाली थियो । यो राज्य आफ्ना राज्य विस्तारको क्रममा पश्चिममा कुमाउ गढवाल, वालेश्वरसम्म पुगेको तथ्य त्यहाँ प्राप्त ताम्रपत्र, शिलापत्र तथा ढलोटमा लेखिएका भाषागत सामग्रीले प्रमाणित गरिसकेको छ। तत्कालीन शासकहरूको यात्राहरूमा कुनै न कुनै प्रमाणित लेखोटहरू तयार गर्ने र नियात्राको झल्को दिने प्रमाणित लिखित साक्षहरू स्थापित गर्ने काम गरेको प्रष्टै भएको पाइन्छ । यसै सन्दर्भमा प्राचीन खशराज्यका राज्याधिकारीहरू राज्य विस्तारका क्रममा पूर्वमा काठमाडौं उपत्यका, उत्तरमा पश्चिमी तिब्बतको गुगे, पुराङ्ग तथा खोजरनाथ, दक्षिणमा देहरादून, आगरा तथा वनारसका भूभागसम्म पुगेको देखिन्छ। उद्देश्य जेसुकै भए तापनि साहित्यिक मूल मर्म यात्राका विभिन्न स्थानमा लिखित रूपमा स्थापित जीतखम्ब, विजयखम्ब, शिलालेख, ताम्रपत्र, कनकपत्र, स्वर्णपत्र, रजतपत्र, भोजपत्र, ताडपत्र तथा विभिन्न अन्य पत्रहरूमा लेखेर सुरक्षित रहेका विभिन्न विषयका दान, दातव्य, आदेश, उपदेश र महत्वका लागि लेखिएका सामग्रीहरूले आजको नियात्रा साहित्यले परिभाषित गरेको नियात्रा साहित्यको सैद्धान्तिक आकारको ढाँचाको रूपको साहित्यिकता नभए पनि यात्राको क्रममा लेखिएकाले तत्कालीन समयको यात्रा सन्दर्भगत साहित्यिक विवरणका रूपमा मान्न सकिन्छ। यध्यपि आज दुनियामा प्रचलित नियात्रा साहित्यको विचार पक्ष त्यतिवेलाका यस्ता सामग्रीमा ज्यादै न्यून देखिए पनि यात्रा साहित्यको प्रारम्भिक प्रस्थान विन्दुलाई अनुमान गर्न सकिन्छ ।

**नियात्रा संरचनाको उठान**

वि.सं. १९१० मा जङ्गबहादुर राणाले नेपालीहरूको तर्फबाट बेलायतको वैदेशिक यात्रा गरे । यसै क्रममा नियात्रा साहित्यको अर्को महत्वपूर्ण उपलव्धी जङगबहादुरको बेलायत यात्राको नियात्रा संरचनाको बेनामे लिखत फेलापर्यो । जङ्गबहादुरका आफ्ना सहयोगी मार्फत बेलायत बस्दाका बखतका रमाइला रोचक घटनाका प्रसङ्गहरूलाई लेखिदिएको विषय नियात्रा साहित्यको अर्को प्रखर मोडको ढाँचागत उक्लेटोको रूपमा देखापर्यो। यस सामग्रीमा नयाँ केही विषयहरू नियात्रा साहित्य सिद्धान्तको खाकाअनुसार व्याख्या गर्न योग्य तथ्यहरू विगतको आदित्य मल्लको 'गुम्बा सुरक्षा दानपत्र' र 'राजा गगनिराजको यात्रा' पछिको उन्नत नियात्रा साहित्य सामग्रीको रूपमा देखापर्यो। आदित्य मल्लको वि.सं.१३७८को 'गुम्बा सुरक्षा दानपत्र' को औपचारिक लिखित अभिलेख रोपेको १७२ वर्षपछि वि.सं.१५५० को 'राजा गगनिराजको यात्रा' सम्बन्धी नियात्रा साहित्यको सामग्री पलायो । वि.सं. १५५० गगनिराजको यात्रा

विवरणले नेपाली नियात्रा साहित्यको स्वरूप पलाएको अवस्था ३६० वर्षसम्म सुषुप्त रूपमा ऐतिहासिक जीवन धान्ने काममा मात्र सिमित रह्यो । वि.सं.१९१० को बेनामी 'जङ्गबहादुरको बेलायत यात्रा' ले नेपाली नियात्रा साहित्यमा थप केही नयाँ विशेषताहरू स्थापित गरेर अगाडि बढ्यो । प्रथम त्यो सामग्री वैदेशिक यात्राको विवरण हो । यसमा बेलायतमा बसेको समयमा भएका यात्राका अनेकन रोमान्चक घटनाहरूलाई आख्यानात्मक गद्य शैलीमा प्रस्तुत गरिएको छ । विषयवस्तुहरू केही छरपस्ट समेटिएको भए पनि घटनाको कथ्यता र सन्दर्भहरूलाई रोचक लाग्ने गरी प्रस्तुती रहेको पाइन्छ ।

## नियात्रा साहित्यबारे धारणा

नियात्रालाई सुरु सुरुको साहित्य समीक्षाका सन्दर्भमा यात्रा(संस्मरण, यात्रा निबन्ध, संस्मरणात्मक यात्रा तथा पछिल्लो समयमा नियात्रा साहित्य भनिएको पाइन्छ( चालिसे, २०७५: १५) । नियात्राको निबन्धात्मक बान्की 'कुनै भूखण्डको स्थलरूप, लोक जीवन रीति परम्परा आदिसँग साक्षात्कार गराउने र तद् विषयक अनुभव र ज्ञानलाई व्यक्त गर्ने अभिप्रायले मूलतः तथ्य र अंशतः भावनाको आनुपातिक संयोजन गरी चित्रोपम शैलीमा अनुभूत स्मरण रूप लेखिएको गद्य र चना नै यात्रा साहित्य हो(श्रेष्ठ र शर्मा, २०४५ २०७)' भनेर नियात्रा साहित्यको परिभाषा गर्ने जमर्को गरिएको छ। यस्तै नियात्रा साहित्यबारे 'यात्राशील गतिमयता निजात्मक संवेद्यता सूचनात्मकता र चिन्तन-शीलताका गुणहरूका संयोजनले नियात्रामा निजात्मकताको जलप थप्नु अनि यात्रा संस्मरणका स्मृतिमयताबाट नै बन्धिकताको रूप धारण गराई नियात्राको पुष्ट निबन्धात्मक संयोजन गर्नु नियात्रा साहित्य हो (अज्ञात, २०५८ : २१०)' भन्ने तर्क पनि रहेको देखिन्छ। यस्तै 'लेखकले आफूले यात्राका क्रममा देखे भोगेका विभिन्न दृश्य, प्रसङ्ग, घटना, अनुभव आदिलाई निजात्मकताले भरेर सुरूचिपूर्ण वर्णन गरिएको र साहित्यिकताले भरिएको गद्यकृति नै नियात्रा हो । यात्राका कोरा विवरण र टिपोट त यात्रा वृतान्त मात्र हुन्(बजगाईं, २०७४: साहित्यखण्ड) भन्ने सन्दर्भलाई पनि परिभाषाको नयाँ आयाममा राख्न सकिन्छ ।

संक्षिप्तमा नियात्राका कतिपय दुर्गुणहरूमध्ये यात्राका कोरा विवरणहरू वा टिपोटहरूको फेहरिस्ता प्रस्तुत गर्नु नियात्रा साहित्यको मूल्यवता होइन । बरू नियात्रा साहित्यमा स्रष्टाको चेतनामा संलयित भएका महत्वपूर्ण वस्तु, घटना, दृश्य, प्रसङ्ग, इतिहास, अनुभव तथा अन्य यस्तै सन्दर्भका विषयगत आधारमा भावुक एवं साहित्यिक ढङ्गले आत्मव्यन्जित निरीक्षण नै नियात्रा हो भन्ने मान्यता बन्न पुग्दछ ।

## यात्रा वृत्तान्त र संस्मरणमा फरक मान्यता

समय समयमा फुटकर वा पुस्तकाकार रूपमा प्रकाशित नियात्राहरूलाई सैद्धान्तिक रूपमा केलाउँदा वर्तमान नेपाली नियात्रा साहित्यका लागि फरक फरक शब्द चयन

गरी यात्रा साहित्यको प्रकाशन गरेको देखिन्छ । यसै अर्थमा नियात्रा साहित्यको साहित्य सैद्धान्तिक दृष्टिले वृत्तान्त र संस्मरणमा खास खास भिन्नताहरू देखिन्छन् । 'यात्रा' शब्दको गुरूत्वपूर्ण सिर्जन कलाका लागि यी दुवै शब्दले फरक फरक अनुभूति र अर्थहरू प्रकट गर्दछन् । नेपाली यात्रा साहित्यका लेखकहरूले आफ्ना मन ज्ञानले यात्रा 'वृत्तान्त' वा 'संस्मरण' जे लेखे पनि ती दुई शब्दका अन्तर्भेदको सैद्धान्तिक समीक्षा गर्नु पर्ने आजको यात्रा साहित्यको आवश्यकता बनेका छन् । यसर्थ 'यात्रा(वृत्तान्त'ले कुनै पनि विषयवस्तु माथिको विचरणशीलता वा गतिमयतालाई उद्घोष गरेको हुन्छ भने ' यात्रा(संस्मरण'ले स्थिरतालाई आत्मबोध गरेको हुन्छ। यस्तै कथ्यताको औजारको रूपमा वृत्तान्त 'वस्तुपरकता' को केन्द्रमा उभिदिन्छ भने संस्मरण 'आत्मपरकता'को केन्द्रमा संयोजित भइदिन्छ । वृत्तान्तले समय सारको रूपमा 'तात्कालिकता'को उपयोग गरिएको हुन्छ भने संस्मरणमा 'पश्चकालिकता'लाई सम्बोधन गरेको हुन्छ । यस्तै वृत्तान्तभित्र सन्देशका रूपमा वृत्तान्तको 'सूचनात्मकता'को जलपमा लटपटिएको हुन्छ भने संस्मरणले 'संबेद्यता' को प्रसार अलापिरहेको हुन्छ । विषयवस्तुको स्वरूप वृत्तान्तमा 'यथार्थता र सत्यनिष्ठता' सँग संलयित भएका हुन्छन् भने संस्मरणमा 'भावुकता र काल्पनिकता' मा प्रतिस्थापित रहेको हुन्छ । बहाव वृत्तान्तका 'स्थूलता' मा जोर जाममा भएको हुन्छ भने संस्मरणमा 'सूक्ष्मता' को आधिक्य गतिशीलताले ओतप्रोत भएको हुन्छ। तसर्थ यस्तै सैद्धान्तिक अवधारणाका भिन्नताले 'यात्रा' शब्दले विशेष साहित्य खाकाको अर्थ राखे पनि वृत्तान्त र संस्मरणमा देखिने आकास जमीनको फरक राख्दछ। उपर्युक्त तथ्यहरूको भिन्नता निहित नरहेर यात्रागत न्यूनाधिकताको भिन्नतामा 'नियात्रा' शब्दको सैद्धान्तिक अवधारणाको मान्यता अग्रसर भएको समग्र नियात्रा साहित्यमा प्रतीत भएको पाइन्छ ।

**नियात्रा विधामा भएका मूल्य एवं तत्व**

क) गतिमयता : गतिमयता नै विचरणशीलता हो । यो नै अन्य विधाबाट छुट्याउन सकिने कारक तत्वका रूपमा देखिन्छ। कुनै एउटा विन्दुबाट प्रारम्भ भई सूक्ष्म, व्यापक र सत्यनिष्ठ आला अनुभूतिलाई लिएर यो क्रमिक गतिमा बढिरहेको पाइन्छ। यसमा आख्यान विधामा जस्तो घटनाहरूको उलटफेर नियमहरू प्रयोग गरेको समूल रूपमा पाइएको छैन ।

ख) सूचनात्मकता : कुनै कुराको जानकारी गराउनु सूचना हो । यात्रा वृत्तान्तमा समाविष्ट गरिएको सूचना प्रवाह विश्वास प्रद देखिन्छन्। सूचनाहरू तथ्य सत्यमा आधारित हुनेहुँदा त्यहाँ बढि कल्पना र भावुकताको प्रयोजनीयता छ भन्ने कुरा नेपाली नियात्रा साहित्यमा मान्न सकिदैन । सूचनाहरू विश्वास योग्य बनाउन नियात्राकारहरू बढि सचेष्ट रहेको देखिन्छ ।

ग) निजात्मकता : वैयक्तिक रूचि वा

दृष्टिको भिन्नता नै निजात्मकता हो । समग्र नियात्रा सिर्जनाले स्थूल अनुभव वा प्रभावलाई निजी संवेदनामा ढालेर सूक्ष्म तुल्याएको पाइन्छ । लेखकहरू पिच्छे भिन्न देखिन्छ ।

घ) चिन्तनशीलता : अभिव्यक्तिलाई स्तरपूर्ण वा स्तरीय तुल्याउने तत्व नै चिन्तन भएकोले समग्र नियात्रा साहित्यमा यसको महत्वपूर्ण प्रयोग भएको पाइन्छ।

तसर्थ प्रकाशित हुँदै नियात्राको उच्चस्तरीय सैद्धान्तिक तत्वका रूपमा परिभाषित हुन पुगेको गतिमयता, सूचनात्मकता, निजात्मकता र चिन्तनशीलता नै स्तरीय नियात्रा साहित्य सिर्जनाको आधार बनेको छ भने अझै यसमा स्थानीय सम्बेद्यता र विषय, घटना र वस्तुसँग एकाकार हुनसक्ने विशिष्ट भाषाको उपयोग अर्को महत्वपूर्ण मूल्य बन्न सक्दछ । विजय चालिसेको 'ओह.. नेपारू!(२०७३)' र कृष्ण बजगाईंको 'भाया साक्रा(२०७४)' का पछिल्ला नियात्राहरूको प्रकाशनमा यस्ता भाषाका लय र लवजहरूको विशिष्ट प्रभाव देखिन्छ ।

**नियात्रा साहित्यबारे सैद्धान्तिक प्रयोग**

जसरी विधागत रूपले नाटकमा संवाद, कथा र उपन्यासमा आख्यायिका, कवितामा लय, निबन्धमा उन्मुक्तताको प्रमुखता रहन्छ। त्यसै गरी यात्राका अनुभवात्मक दृश्यले प्रभाव पारेको वस्तुगत विवरण माथिको विचरण नै नियात्रा विधाको सैद्धान्तिक अन्तर्वस्तु हो । यसको ऐतिहासिक पृष्ठभूमि जति लामो भए पनि यसले सैद्धान्तिक तहमा आकार ग्रहण गर्न थालेको निकै पछि हो । यसको सैद्धान्तिक सुस्पष्ट व्याख्याका लागि यस विधाको विगतमा सिर्जनाको पर्याप्तता नहुनु नै हो र लेखकहरूले आफ्ना अनुभवले खारिएर जुराइदिएका विधागत नाम नै कहिले यात्रा संस्मरण, कहिले यात्रा साहित्य, कहिले संस्मरणात्मक यात्रा विववरण त कहिले नियात्राको सिर्जनाको सैद्धान्तिक व्याख्यामा अल्मलिदै आयो । तर आधुनिक नेपाली नियात्राको क्षेत्रमा देखापरेको विश्व दृष्टिकोण र विषयवस्तु माथिको विचरण, प्रयुक्तशैली, प्रकारगत ढाँचा तथा आत्मपरकताको प्रमुखता आजको नियात्रा साहित्य विश्लेषण गर्ने सैद्धान्तिक आधार बनेका छन् । त्यसैले आधुनिक नेपाली सर्जकका मनबाट अभ्यासिक यो साहित्यिक विधाले नियात्रा साहित्यिक विधाको धर्म निभाउन पाएको हो ।

समग्रमा नेपाली नियात्रा साहित्यको इतिहास जति लामो देखिन्छ । त्यति नै छोटो यसको सैद्धान्तिक स्वरूप र केही भ्रमहरू समालोचकहरूमा देखापर्न पनि गएको छ । प्राचीनताका साक्षलाई छोड्ने हो भने सारमा नियात्रा नवीन साहित्यिक विधा नै हो । मात्रै यसले निबन्धका कतिपय मूल्यलाई आत्मसात् गर्दै प्रमुख रूपमा यात्रामा प्राप्त घटना, विचार र वस्तुको आत्मपरक शैलीमा व्यन्जित र चनाधर्मीता अस्तित्व धारण गरेको छ र नै हाल आएर नियात्रा साहित्यिक विधाको अर्थमा प्रकट भएको छ ।

**निष्कर्ष**

आज आएर नेपाली नियात्रा साहित्यलाई पुनर्मूल्यांकन गर्नुपर्ने अवस्था त छँदैछ । नियात्रा साहित्यको इतिहासको खोजीलाई निरन्तरता दिने हो भने वि.सं. १३७८ को आदित्य मल्लको अभिलेखमा प्रस्तुत भएको यात्रा अर्थ जनाउने 'आउँदाजाँदा' शब्दले दिने यात्राको गुरूत्वपूर्ण अर्थ र सो अभिलेखमा प्रयोग भएको युद्धयात्रा सन्दर्भ नियात्रा साहित्यका लागि इतिहासको कोशेढुङ्गा सावित हुन्छ। नेपाली साहित्यका अन्य विधाको तुलनामा यो विधा सर्वथा इतिहासको बैभवशाली उचाईमा देखिन्छ । लगभग सातसय वर्षको इतिहासका बीचमा सिर्जना साहित्यको इतिहास अत्यन्त लामो फड्कोको रूपमा स्थापित हुन पुग्दछ। यसैको विज विन्दुको जगमा झाँगिएको नेपाली नियात्रा साहित्यले विषयका दृष्टिले हालसम्ममा विश्व सन्दर्भका घटना परिघटनालाई आत्मसात् गर्दै विवरणात्मक लेखनी शैलीलाई आत्मपरकतामा स्थापित भएर आएको छ । यस्तै र समग्र हिसाबले विस्तारित हुँदै आएको नेपाली नियात्राको ऐतिहासिक अभियान वि.सं. १३७८ देखि यताको नियात्रा साहित्यको नालीबेलीलाई संस्थापित गर्नु नेपाली सिर्जनात्मक साहित्यकै लागि पनि सुन्दर ऐतिहासिक कथा बन्दछ ।

त्यसैले नै हाम्रो साहित्यको महत्वलाई विश्वसामु प्राचीनतम् नेपाली भाषामा साहित्य लेखनको अभियान धरोहरको रूपमा प्रमाणित हुन्छ । अभिलेखबाट सुरु भएको यो नियात्रा लेखन अहिलेसम्म आइपुग्दा औपचारिक अध्ययन तथा अनुसन्धानको क्षेत्रमा समेत यस्ले आफ्नो पहुँच बढाउँदै लगेको छ। तसर्थ इतिहासको लामो अभियानमा यस विधाले सर्बथा लामो मार्गचित्र रचेको छ । ■


## Gorakhkali English Boarding School

Gorakhkali English Boarding School provides up to secondary level education with moderate fee structures and also provides a scholarship scheme for deserving students.

**Salient Features:** Cafeteria, Library, Sports, Science Lab, Computer Lab, Transporation, Conference, Conferencee Hall, Parking, Counselling, Scholarship, Tour, Classroom, Multimedia, Club, ECA, etc.

**Contract Address:**
Machhapokhari, Balaju, Kathmandu
Phone : +977-1-4950782



# LUMBINI BUDDHIST UNIVERSITY

## THE FIRST BUDDHIST UNIVERSITY OF NEPAL

Lumbini Buddhist University (LBU), from the birthplace of Gautam Buddha, Lumbini, is the autonomous and public institution of higher learning committed with the mission to educate the people of Nepal and enrich the global learning community through the application of core Buddhist values and to promote the World Peace.

**BACHELORS, MASTERS, AND PHD PROGRAMS AVAILABLE!**

**LUMBINI BUDDHIST UNIVERSITY**
Parsa, Lumbini, Nepal
info@lbu.edu.np
(+977) 071-404084, 404018
www.lbu.edu.np

GLORIOUS 33 YEARS OF HIGHER EDUCATION

# A Destination for Quality Education

in

- **GRADE 11 & 12**
  (Management, Humanities & Education)
- **BACHELOR**
  (Management, Humanities & Education)
- **MBS** (Semester System)

**Koteshwor MULTIPLE CAMPUS**

*... Where voracious and inquisitive minds convene*

Jadibuti, Kathmandu-32, Nepal
01-4992950
www.koteshworcampus.edu.np
nfo@koteshworcampus.edu.np
www.facebook.com/koteshwor.mc


# HIMALAYA
## COLLEGE OF ENGINEERING

*(Affiliated to Tribhuvan University)*

## Program Offered

BCA

B.Sc. CSIT




B.E. Computer

B.E. Electronics Communication & Information

B.E. Civil

B. Architecture

Chyasal-9, Lalitpur, Nepal
+977-01-5440555, 5454227, 5454287, 5454297, 5454536
info@hcoe.edu.np, www.hcoe.edu.np